# माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका

मध्यपश्चिम विश्वविद्यालय

ग्राजुएट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस

सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह

चौथो सेमेस्टर **Thesis/Dissertation Writing (JMC 545)** विषयको

पाठ्यभार पूरा गर्नको लागि तयार पारिएको

शोधपत्र

प्रस्तुतकर्ता

धर्मराज जिसी

सिम्बोल नं. : २२०८०४००३८

रजिष्ट्रेशन नं : २०२०-६९-३-१००३-००३९

२०८१

# प्रतिवद्धता पत्र

मध्यपश्चिम विश्वविद्यालय ग्राजुएट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर Thesis/ Dissertation Writing (JMC 545) पत्रको पाठ्यभार पूरा गर्ने प्रयोजनका लागि **माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका** शीर्षकमा अध्ययन कार्य सम्पन्न गरिएको छ । अध्ययन क्षेत्रभित्र परेका स्थानहरुमा स्थलगत गई सरोकारवालासँग अन्तरवार्ताको माध्यमबाट तथ्यपूर्ण जानकारी संकलन गरी शोधकार्य पूरा गरिएको छ । यसमा समावेश हुने तथ्य तथा जानकारी स्वयम्को प्रयास र सक्रियतामा प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यो शोधपत्रको शीर्षक, उद्देश्य र प्राप्ति अन्य शोधपत्रसँग मेल खाएको छैन । यदि यो शोधपत्र अन्य शोधपत्रसँग हुबहु मेल खाएमा वा नक्कल गरेको प्रमाण भेटिन गई शोधपत्र स्वीकृतिको लागि रोक लगाइएमा मेरो मञ्जुरी छ ।

.........................

धर्मराज जि.सी.

शोधार्थी

☎ ०८३-५२०३०९

मध्यपश्चिम विश्वविद्यालय
ग्राजुयट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस
सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार विभाग
वीरेन्द्रनगर, सुर्खेत

# सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय ग्राजुएट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर Thesis/Dissertation Writing (JMC 545) को पाठ्यभार पूरा गर्नको लागि समाजशास्त्रमा अध्ययनरत छात्र धर्मराज जि.सी.द्वारा **माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका** शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । उक्त उपाधीका लागि प्रस्तुत शोधपत्र उपयुक्त देखिएकोले म मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८१/ /

..........................

केशवी जोशी

(शोध निर्देशक)

☎ ०८३-५२०३०९

मध्यपश्चिम विश्वविद्यालय

ग्राजुयट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस

सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार विभाग

वीरेन्द्रनगर, सुर्खेत

# स्वीकृति पत्र

मध्यपश्चिम विश्वविद्यालय ग्राजुएट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर अन्तर्गत पत्रकारिता विषयका छात्र धर्मराज जि.सी.द्वारा Thesis/Dissertation Writing (JMC 545) विषयको पाठ्यभार पूरा गर्नको लागि तयार गरिएको **माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका** शीर्षकको शोधपत्र स्नातकोत्तर तहको आवश्यकता पूरा गर्नको लागि शोध निर्देशकको सिफारिस सहित पेश भएकोले यस शोध मूल्याङ्कन समितिबाट स्वीकृति गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

खगेन्द्र प्रसाद अधिकारी ............................

(विभागीय प्रमुख)

केशवी जोशी ............................

(शोध निर्देशक)

युवराज शर्मा ............................

(बाह्य परीक्षक)

राधिका पनेरु ............................

आन्तरिक सुपरिवेक्षक

मिति : २०८१/ /

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मध्यपश्चिम विश्वविद्यालय ग्राजुएट स्कुल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेस सामाजिक कार्य, पत्रकारिता र आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर Thesis/Dissertation Writing (JMC 545) को पाठ्यांश प्रयोजनका लागि तयार पारिएको हो । अध्ययनको शीर्षक छनौटका साथै समयमा नै प्रस्ताव स्वीकृत गरी कार्य थालनीमा सहयोग पुऱ्याउनु हुने विभागीय प्रमुख उपप्रध्यापक खगेन्द्रप्रसाद अधिकारीज्यूप्रति हार्दिक आभारी छु । त्यसैगरी विविध कार्य व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्र लेखनको कार्यमा सहयोग पुऱ्याउनु हुने शोधनिर्देशक केशवी जोशीज्यूलाई आभार व्यक्त गर्न चाहन्छु ।

शोधकार्य सम्बन्धनमा प्रत्यक्ष तथा परोक्ष रुपमा आवश्यक सल्लाह, सुझाव एवम् जानकारी दिई हौसला प्रदान गर्नुहुने श्रद्धेय गुरुहरु युवराज शर्मा, भानुभक्त अधिकारी, त्रिभुवन बि.सी., प्रचण्ड पोखरेल र सुर्यमणी गौतमज्यूलाई हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छु । सन्दर्भ सामग्री उपलब्ध गराउन सहयोग गर्नुहुने देवीराम देवकोटा, जे.वी. सुनार, अमृत पाण्डे, गणेश कञ्चन भारती, टेक बहादुर वली, गणेश प्रसाद अधिकारी, गणेश दत्त भट्टराई लगायत सम्पूर्ण उत्तरदाताहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस धर्तीमा जन्म दिएर उच्च शिक्षाको लागि प्रेरित गर्ने, विविध समस्या र कठिनाइसँग जुध्दै आफ्नो सन्तानको उत्तरोत्तर प्रगति देख्न चाहने र सुन्दर भविष्य निर्माण गर्न दिलोज्यान अर्पण गर्दै सदावहार आशिर्वाद र प्रेम दिई मलाई यो अवस्थासम्म पुऱ्याउनु हुने परम् पूजनीय बुवा कर्ण बहादुर घर्ती र ममतामयी आमा कौशिला घर्तीप्रति आजन्म ऋणी भएको छु । यसैगरी अध्ययनको क्रममा सहयोग गर्नुहुने जीवनसंगिनी नोखी राणा र छोराहरु मार्शल जि.सी. र रविन्स जि.सी.प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्तमा शोधपत्र लेखन पश्चात प्रिन्ट र बाइन्डिङ् गरेर सहयोग पुऱ्याउने स्टेप इन कम्प्यूटरकी कुमारी सीता चौधरी लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण आफन्त, साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धर्मराज जि.सी.

# शोधसार

प्रस्तुत अध्ययन **माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका** शीर्षकमा गरिएको छ । जसको उद्देश्य माओबादी सशस्त्रयुद्धको समयमा डोके रेडियोको अवस्था पत्ता लगाउनु, माओबादी सशस्त्रयुद्धमा डोके रेडियोको  चुनौतीहरु बारे पत्ता लगाउनु र डोके रेडियोको प्रभाव र प्रयोग बारे पत्ता लगाउनु रहेको छ । यसको लागि गुणात्मक र परिमाणात्मक विधि गरी मिश्रित ढाँचाको प्रयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । यस अध्ययनमा प्रारम्भिक तथ्याङ्कका लागि सङ्ख्यात्मक र गुणात्मक विधिलाई अवलम्बन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रथम स्रोतको प्रयोग गरिएको छ । गणत्मक विधिका लागि तत्कालिन समयमा डोके रेडियोमा काम गरेका सञ्चारकर्मी, सुरक्षा निकायमा रहेका डोके रेडियो सुनेका सुरक्षाकर्मीका अर्न्तवार्ता लिईएको छ । त्यसै गरी तत्कालिन अवस्थामा रेडियो सुनेका स्रोताहरु (जो अहिले ३५ बर्ष भन्दा माथिका उमेर समुहका छन्) प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त संख्यात्मक तथ्यांकलाई तालिका र चित्रको सहायताले संख्या र प्रतिशतमा राखी विश्लेषण गरिएको छ भने गुणात्मक तथ्यांकलाई शाब्दिक रुपमा विश्लेषण गरिएको छ ।

नेपालमा तत्कालीन नेकपा (माओवादी) ले सञ्चालन गरेको जनयुद्धमा माओवादी युद्धको प्रचारप्रसार गर्न तथा युद्धमा जनसहभागितालाई बढवा दिनका लागि जंगलबाट देशभरीमा पाँचवटा डोके रेडियोहरु चलाएको थियो । यसको उद्देश्य सशस्त्र जनयुद्धमा आफ्ना क्रियाकलापको प्रचारप्रसार गर्नु रहेको थियो । माओवादी आन्दोलनलाई सघाउनका लागि एफएम रेडियोले सहयोग पुर्‍याउने भएकाले सरकारी सेनाको निशानामा रहेको थियो । सुरक्षाका कारण कहिले कतै कहिले कतै डोकोमा बोकेर हिड्नुपर्ने बाध्यात्म्क परिस्थिति भएकाले सो रेडियोलाई डोके रेडियोको नाम दिईएको देखिन्छ । माओवादीको द्वन्द्व समयमा प्रसारित डोके रेडियोको भुमिका सम्बन्धमा अध्ययन गर्दा अध्ययनमा समावेश गरिएको जम्मा २५ जना उत्तरदाताहरुमध्ये जनयुद्धकालमा माओवादीले सञ्चालन गरेको रेडियो सुन्दा राम्रो लाग्नेमा ६० प्रतिशत, जनयुद्धकालमा माओवादीले सञ्चालन गरेको रेडियो सुन्दा ठिकै लाग्नेमा १२ प्रतिशत, नराम्रो लाग्नेमा ४ प्रतिशत र मतलब नगर्ने २४ प्रतिशत रहेको पाइयो । डोके रेडियो राम्रो ठाउँ र ठीकै सुनिन्थ्यो भन्ने २४ प्रतिशत र एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो भन्ने ५२ प्रतिशत पाइयो । डोके रेडियो सुन्दा राम्रो अनुभुती हुन्थ्यो भन्ने २४ प्रतिशत, ठीकै अनुभुती हुने ३६ प्रतिशत रहेको पाइयो । डोके रेडियोको प्रभाव अन्तर्गत डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा सकरात्मक परिवर्तन भएको ४८ प्रतिशत र नकरात्मक परिवर्तन भएको १२ प्रतिशत रहेको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण हुने भन्ने ३६ प्रतिशत रहेको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण अलिअलि हुने ४ प्रतिशत भएको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण सम्भावना नभएको ५२ प्रतिशत भएको पाइयो । डोके रेडियो सुन्दा अचम्म लाग्ने १२ प्रतिशत, खुसी लाग्ने २४ प्रतिशत, केही लागेन भन्ने ६० प्रतिशत र दुःख लाग्ने ४ प्रतिशत रहेको पाइयो ।

अध्ययन क्षेत्रमा सशस्त्र द्वन्द्वका बेला माओवादीले सञ्चालन गरेको डोके रेडियोको भूमिका सशक्त नै रहेको देखिन्छ । त्यस समयमा प्रशस्त मात्रामा रेडियो, एफ.एम. नखुलेको अवस्थामा यो रेडियोले तत्कालिन समयमा विभिन्न समाचारका साथै जनचेतनामूलक सांगितिक कार्यक्रमले जनताहरुलाई जागृत गराउन सहयोग पुगेको देखिन्छ । यस किसिमको रेडियो सुन्दा जनतामा डर भए पनि सुनिरहने आदतले गर्दा मनोरञ्जन प्रदान गरेको  पाइन्छ । रेडियो जसको पक्षबाट सञ्चालन गरेपनि माओवादी द्वन्द्वको समयमा यो रेडियोको भूमिका अतुलनीय रहेको देखिन्छ । त्यसैले आजको समयमा पनि यस किसिमको रेडियो सञ्चालनमा ल्याइनु पर्ने देखिन्छ ।

# विषयसूची


**प्रतिवद्धता पत्र** क

**सिफारिस पत्र** ख

**स्वीकृति पत्र** ग

**शोधसार** घ

**कृतज्ञता ज्ञापन** च

**विषयसूची** छ

**परिच्छेद एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ८

१.३ अध्ययनको औचित्य/महत्व ९

१.४ अध्ययनको उद्देश्य १०

१.५ अध्ययनको सीमा १०

१.६ शोधपत्रको रुपरेखा ११

**परिच्छेद दुई**

**साहित्यको पुनरावलोकन**

२.१ सैद्धान्तिक साहित्यको समीक्षा १२

२.२ अनुभाविक साहित्य पुनरावलोकन १४

२.३ शोध अन्तराल २०

२.४ अध्ययनको अवधारणात्मक ढाँचा २१

**परिच्छेद तीन**

**अनुसन्धान विधि र प्रक्रिया**

३.१ अध्ययन विधि २२

३.२ नमुना छनौट २२

३.३ तथ्याङ्कको प्रस्तुतीकरण २३

**परिच्छेद चार**

**तथ्यांकको व्याख्या तथा विश्लेषण**

४.१ सङ्ख्यात्मक विधिबाट तथ्याङ्क विश्लेषण २४

४.१.१ लिङ्गगत र उमेरगत संरचना २४

४.१.२ शैक्षिक अवस्था २५

४.१.३ वैवाहिक स्थिति २६

४.१.४ द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियो २७

४.१.५ डोके रेडियो सुन्दाको अनुभव २८

४.१.६ द्वन्द्वका समाचारमा पाइने सत्यता २८
४.१.७ डोके रेडियोको सुन्ने अवस्था २९
४.१.८ डोके रेडियो सुनाइने समय ३०
४.१.९ डोके रेडियो सुन्दा हुने अनुभुती ३१
४.१.१० डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु ३१
४.१.११ डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन ३२
४.१.१२ डोके रेडियोमा प्रसारण हुने सामाग्री ३३
४.१.१३ डोके रेडियोमा प्रसारण हुने सामाग्रीमा सत्यताको सूचना ३४
४.१.१४ माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था ३५
४.१.१५ सरकारी रेडियो र डोके रेडियोमा प्रसारण भएका सुचना समाचार सही ३६
४.१.१६ डोके रेडियो सुन्दा हुने अनुभव ३७
४.१.१७ डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था ३८
४.१.१८ डोके रेडियो सुन्नुको कारण ३९
४.१.१९ डोके रेडियो सुनेर भएको माओवादी प्रति धारणा ४०
४.१.२० डोके रेडियो सुन्दा भएका समस्या ४०
४.१.२१ डोके रेडियो सुनिने अवस्था ४१
४.१.२२ डोके रेडियोका कारण माओावादीप्रति भएको आकर्षण ४२
४.१.२३ डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार बीच समानता ४३
४.१.२४ डोके रेडियो सुन्ने अवस्था ४३
४.१.२५ डोके रेडियो सुन्दा लाग्ने डर ४४
४.१.२६ डोके रेडियो सुन्नै पर्ने बानी ४५
४.१.२७ माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था ४५
४.१.२८ डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा प्रसारित कार्यक्रम ४६
४.२ साक्षात्कारबाट प्राप्त विवरण ४७
४.३ वैयक्तिक अध्ययन ४९
४.३ युद्ध पत्रकारले सामना गरेका चुनौतीहरु ५१
४.४ मुख्य उपलब्धी
४.५ छलफल

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ५३
५.२ सुझाव ५४
**सन्दर्भ सूची**
**अनुसूचीहरु**

## तालिका सूची


| तालिका नं. | विवरण | पृष्ठ सं. |
|---|---|---|
| तालिका नं. १ | उत्तरदाताको लिङ्गगत र उमेरगत विवरण | २४ |
| तालिका नं. २ | शैक्षिक अवस्था | २५ |
| तालिका नं. ३ | वैवाहिक विवरण | २६ |
| तालिका नं. ४ | द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियो | २७ |
| तालिका नं. ५ | डोके रेडियो सुन्दाको अनुभव | २८ |
| तालिका नं. ६ | द्वन्द्वका समाचारमा पाइने सत्यता | २८ |
| तालिका नं. ७ | डोके रेडियोको सुन्ने अवस्था | २९ |
| तालिका नं. ८ | डोके रेडियो सुनाइने समय | ३० |
| तालिका नं. ९ | डोके रेडियो सुन्दा हुने अनुभुती | ३१ |
| तालिका नं. १० | डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु | ३२ |
| तालिका नं. ११ | डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन | ३३ |
| तालिका नं. १२ | डोके रेडियोमा प्रसारण हुने सामग्री | ३४ |
| तालिका नं. १३ | डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यताको सूचना | ३५ |
| तालिका नं. १४ | माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था | ३५ |
| तालिका नं. १५ | सरकारी रेडियो र डोके रेडियोमा प्रसारण भएका सुचना वा समाचारको सही हुने अवस्था | ३६ |
| तालिका नं. १६ | डोके रेडियो सुन्दा हुने अनुभव | ३७ |
| तालिका नं. १७ | डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था | ३८ |
| तालिका नं. १८ | डोके रेडियो सुन्नुको कारण | ३९ |
| तालिका नं. १९ | डोके रेडियो सुनेर भएको माओवादी प्रति धारणा | ४० |
| तालिका नं. २० | डोके रेडियो सुन्दा भएका समस्या | ४० |
| तालिका नं. २१ | डोके रेडियो सुनिने अवस्था | ४१ |
| तालिका नं. २२ | डोके रेडियोका कारण माओोवादीप्रति भएको आकर्षण | ४२ |
| तालिका नं. २३ | डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार बीच समानता | ४३ |
| तालिका नं. २४ | डोके रेडियो सुन्ने अवस्था | ४३ |
| तालिका नं. २५ | डोके रेडियो सुन्दा लाग्ने डर | ४४ |
| तालिका नं. २६ | डोके रेडियो सुन्नै पर्ने बानी | ४५ |
| तालिका नं. २७ | माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था | ४६ |
| तालिका नं. २८ | डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा प्रसारित कार्यक्रम | ४७ |

## चित्र सूची


| चित्र नं. | विवरण | पृष्ठ सं. |
|---|---|---|
| चित्र नं. १ | शैक्षिक अवस्था | २५ |
| चित्र नं. २ | वैवाहिक विवरण | २६ |
| चित्र नं. ३ | द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडिया | २७ |
| चित्र नं. ४ | द्वन्द्वका समाचारमा पाइने सत्यता | २९ |
| चित्र नं. ५ | डोके रेडियो सुनाइने समय | ३० |
| चित्र नं. ६ | डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु | ३२ |
| चित्र नं. ७ | डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन | ३३ |
| चित्र नं. ८ | डोके रेडियोमा प्रसारण हुने सामग्री | ३४ |
| चित्र नं. ९ | माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था | ३६ |
| चित्र नं. १० | डोके रेडियो सुन्दा हुने अनुभव | ३७ |
| चित्र नं. ११ | डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था | ३८ |
| चित्र नं. १२ | डोके रेडियो सुन्नुको कारण | ३९ |
| चित्र नं. १३ | डोके रेडियो सुन्दा भएका समस्या | ४१ |
| चित्र नं. १४ | डोके रेडियोका कारण माओोवादीप्रति भएको आकर्षण | ४२ |
| चित्र नं. १५ | डोके रेडियो सुन्दा लाग्ने डर | ४४ |
| चित्र नं १६ | माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था | ४६ |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

तत्कालीन जनमोर्चाका अध्यक्ष डा. बाबुराम भट्राईले ४० बुँदे माग नेपाल सरकारसँग राख्दै राज्य विरुद्ध विद्रोहको सुरुवात गरेपश्चात वि.सं. २०५२ साल फागुन १ बाट सुरु भएको माओवादी 'जनयुद्ध' औपचारिक रुपमा २०६३ सालमा शान्तिपूर्ण रूपमा अवतरण भयो । सात दलसँग भएको १२ बुँदे सम्झौता हुँदै बिस्तृत शान्ति सम्झौतामा आएर १० वर्षे 'जनयुद्ध' शान्तिपूर्ण रूपमा टुंगिएको थियो । माओवादी 'जनयुद्ध' ले नेपालको राजनीतिक कोर्षलाई नै फरक बाटोमा मोडेको थियो । १० वर्षमा माओवादी 'जनयुद्ध' नेपालमा मात्र नभएर विश्वभरी नै चर्चा र चासोको विषय बनेको थियो । 'जनयुद्ध' को १० वर्षमा हजारौँ नागरिकको ज्यान गयो । आज पनि कैयौँ मानिस बेपत्ता छन् । उनका आफन्तहरू अहिले पनि 'कि सास देउ, कि लास देउ' भनिरहेका छन् । द्वन्द्वपीडितहरू अहिले पनि न्यायको लागि आन्दोलनरत नै छन् । घाइते तथा अपाङ्ग भएकाहरू उपचार नपाएर आन्दोलन गरिरहेका छन् । कैयौँलाई अझै पनि राज्यले मुद्दा चलाइरहेको छ (गिरी, २०७९) ।

नेपालमा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले सञ्चालन गरेको १० बर्षे सशस्त्र जनयुद्धकालमा युद्धको प्रचार प्रसार, संगठन बिस्तारका लागि माओवादीले देशका विभिन्न पाँच स्थानमा एफ.एम. रेडियो सञ्चालन गरेका थिए । 'देशभरका पाँच क्षेत्रबाट एउटै फ्रिक्वेन्सीमा रेडियो प्रसारण हुन्थ्यो । द्वन्द्वकालमा रेडियो प्रसारणमा सक्रिय पत्रकार राजेन्द्र किराँतीको भनाई अनुसार 'एउटा क्षेत्रभित्र पनि रेडियोको स्टेशन परिवर्तन भइरहन्थ्यो, घुम्ती सेवाजस्तो ।' त्यसबेला रेडियो एकै स्टेशनबाट प्रसारण गर्न सकिने कुरा सम्भवन थिएन । यसको लागि सुरक्षाको रणनीति अनुसार स्टेशनहरु परिवर्तन गरिरहनु पर्ने बाध्यात्मक परिस्थिति रहेको कुरा उल्लेख गरिएको छ (सेतोपाटी, २०७२) ।

सशस्त्र जनयुद्धमा आफ्ना क्रियाकलापको प्रचारप्रसार गर्नका लागि विद्रोही माओवादीले सञ्चार माध्यमको भरपुर रुपमा उपयोग गरेको पाइन्छ । जस अर्न्तगत एफएम रेडियो पनि एक सशस्त्र माध्यमका रुपमा प्रयोग भएको थियो । माओवादी आन्दोलनलाई सघाउनका लाीग एफएम रेडियोले सहयोग पुर्‍याउने भएकाले सरकारी सेनाको निशानामा रहेको थियो । सुरक्षाका कारण कहिले कतै कहिले कतै डोकोमा बोकेर हिड्नुपर्ने बाध्यात्म्क परिस्थिति भएकाले सो रेडियोलाई **डोके रेडियो**को नाम दिईएको हो । यस रेडियोको स्थापना पश्चात समयमै रेडियो सेट तल झारी स्कूलको धुरीमा एन्टिना गाडेर प्रत्यक्ष प्रशारण गर्नु पर्ने अवस्था रहेको उल्लेख गरिएको छ । आजका कार्यसूचीहरू अहिलेसम्मकै इतिहासका रोमाञ्चक र भविष्यमा गज्जबका स्मरणीय क्षण रहने देखिन्छ भनी उल्लेख गरिएको छ (न्यौपाने, २०७८) ।

**विश्वमा रेडियोको विकासक्रम**

रेडियो प्रशारणको उत्पति र विकासका लागि विश्वका विभिन्न मुलुकका वैज्ञानिक तथा अनुसन्धानकर्ताहरुको लामो संघर्ष । सन् १८९५ मा इटालियन वैज्ञानिक जि.मार्कोनीले विद्युतीय तारबिना आवाज सम्प्रेषण गर्न सफल भएपछि विश्वमा रेडियोको आविष्कार भएको हो । यस रेडियो प्रविधिलाई वायरलेस अर्थात बेतार भन्ने गरिन्थ्यो । सन् १९०१ मा माकोर्नीले रेडियो सङ्केतलाई आन्ध्र महासागर वारपार २१०० माइल टाढासम्म सुन्ने बनाएपछि रेडियो प्रविधि विश्वमा फैलिएको हो । विश्वमा औपचारिक रूपमा रेडियो प्रसारण अमेरिकाको पेन्सलभेनिया सहरबाट सन् १९२० मा भएको थियो । रेडियो प्रसारणसम्बन्धि विद्युत-चुम्बकीय तरङ्गको सिद्धान्त सन् १८६० मा प्रतिपादन भएता पनि सन् १९१९ मा मात्र रेडियो प्रसारण सुरु भएको हो । अक्टोबर सन् १९१९ मा अमेरिकाको पिट्सवर्ग शहरमा वेस्टिङ हाउस कम्पनीले पहिलो व्यावारिक रेडियो खोलेको हो । सन् १९२० को दशकमा अमेरिका र बेलायतमा रेडियो प्रसारणले गति लियो (आचार्य, २०७७) ।

सन् १९२२ मा ब्रिटिस ब्रोडकास्टिङ कम्पनीको स्थापना भयो जुन सन् १९२७ मा आएर ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसनमा परिणत भयो । सन् १९६० को दशकमा पश्चिम युरोपका केही देशहरुले स्वतन्त्र तथा व्यावसायिक रेडियोरु सञ्चालन गर्ने इजाजत दिनु अघिसम्म पश्चिम युरोपेलीदेशहरुमा सबै राष्ट्रिय जनसेवी प्रसारणको रुपमा थिए । सन् १९८० को दशकको सुरुवाततिर धेरैजसो पश्चिमी युरोपेली मुलुकहरुमा प्रसारणमा नियम विहनिता अर्थात् कानुनी झन्झट बिनानै रेडियो सञ्चालन गर्न पाउने व्यवस्था अवलम्बन गरियो । यसले गर्दा धेरै देशहरुमा रेडियो र टेलिभिजन च्यानल सञ्चालन सबैका लागि खुल्ला भयो (मिश्र, २०७४) ।

खुकुलो नीतिको फलस्वरुप धेरै सामुदायिक र व्यवसायिक रेडियो सञ्चालनमा आयो । त्यसैगरी उत्तरी युरोपका नर्वे, स्विडेन, डेनमार्क, फिनल्याण्ड, लगायतका स्काण्डिनेभियाली मुलुकहरुमा पनि सामुदायिक रेडियोको विकास र विस्तारमा राज्य उदारभएको पाइन्छ । स्केण्डिनेभियन देशहरु प्रजातन्त्र र नागरिक अधिकारको सम्मानमा विश्वमै उदाहरणीय मानिन्छन् । स्विडेनमा मात्रै सयौ सामुदायिक रेडियो सञ्चालनमा छन् । त्यसैगरी डेनमार्कमा पनि ३०० भन्दा धेरै रेडियो प्रशारणमा छन् । आयरल्याण्डमा सन् १९८८ देखि सामुदायिक रेडियोको इजाजत प्रक्रियालाई थप समाबेशी मनाउने प्रयत्न भएको छ । सन् १९९५ मा प्रशारण माध्यमहरुका लागि सरकारी नीति पत्र प्रकाशन गरेर व्यवस्थित बनाउने प्रयास गरिएको देखिन्छ, (पाठक, २०७६) ।

**नेपालमा रेडियोको विकासक्रम**

अङ्ग्रेज सरकारले इन्डियन ब्रोडकास्टिङ कम्पनीलाई अनुमति दिएपछि १९८४ को साउन ८ मा बम्बैबाट र भदौ १० मा कलकत्ताबाट प्रसारण शुरू भएपछि नै नेपालमा पनि रेडियोको प्रवेशको थालनी भएको देखिन्छ । राणा प्रधानमन्त्री चन्द्रशम्शेरको समयमा हल्याण्डबाट उत्पादित फिलिप्सका रेडियोहरू

बेलायतबाट नेपालमा प्रवेश भयो । त्यसबेला रेडियो हुनु भनेको धनाढ्य हुनुको प्रतीक थियो । अझ रेडियो सेट बजाउन घरमा एन्टेना ठड्याउनुपर्ने हुँदा रेडियो लुकाएर सुन्न मिल्दैनथ्यो । तसर्थ, रेडियो सेट राख्न राणा सरकारसँग अनुमति लिनु पर्दथ्यो । राणा शासकका तर्फबाट २००५ को साउन १८ गते मोहनशम्शेरको समयमा पनि मोहन आकाशवाणीबाट केही सामग्री प्रसारण गरी आकाशवाणीबाट पनि रेडियो प्रसारण गर्न सकिने सफलता हासिल भएको थियो । यसरी नै २००७ मा राणाविरोधी प्रचारको लागि उपयोग गर्दै २००७ मंसिर २५ देखि माघ १९ गतेसम्म भोजपुरमा नारदमुनि थुलुङले ग्रीसबाट लिएर आएको आकाशवाणीका सामग्रीबाट जयन्द्रबहादुर थपलियाले रेडियो उद्घोषणको थालनी गरेका थिए । यस कार्यका लागि नारदमुनि थुलुङले टेक्निकल सहयोग गरेका थिए । नारदमुनि थुलुङ जो भारतीय सेनाको गोरखा राइफलमा भर्ती भइ दोश्रो विश्वयुद्धमा ग्रीस पुगेका थिए । दोश्रो युद्धको समाप्तिपछि उनले ग्रीस रेडियोबाट विश्वमा शान्तिको आवश्यकता र अपरिहार्यताका बारेमा बोलेका थिए । उनको यही अनुभवले नै भोजपुरबाट ‘स्वतन्त्र नेपाल रेडियो’ उद्घोषणको शुभारम्भ भएको थियो । बिहान-साँझ दुई पटक क्रान्तिकारी समाचार प्रसारण गर्ने गरेकोमा एक दिन अचानक समाचारमा जयन्दबहादुर थपलियाले धनकुटा आक्रमण गर्ने समय र स्थान नै समाचारमा पढिदिएपछि राणापक्षीय सैनिकले पाखीबासमा सात जना भोजपुरे योद्धालाई हत्या गरिदिए । यसपछि सो ट्रान्समिटरलाई रातारात विराटनगरस्थित रघुपति जुटमिलमा लगिएको थियो । जहाँबाट तारिणीप्रसाद कोइरालाले नेपाल प्रजातन्त्र रेडियो नामबाट २००७ माघ २० गते दिउँसो २ बजे ‘यो प्रजातन्त्र रेडियो हो, हामी मुक्ति सङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौँ’ भन्ने शब्दबाट उद्घोषण थालेका थिए । प्रजातन्त्र स्थापना पछि २००७ चैत्र २० गते प्रजातन्त्र नेपाल रेडियोको नियमित प्रसारण आरम्भ भयो । यसरी शुभारम्भ भएको ‘प्रजातन्त्र नेपाल रेडियो’को नामपछि ‘नेपाल रेडियो’ हुँदै ‘रेडियो नेपाल’ भयो, जुन नाम हालसम्म नै कायम रहेको छ (उलक, २०७९) ।

जहानियाँ राणा शासनको अन्त्य गर्ने उद्देश्यले २००६ सालमा विराटनगरमा एक आकाशवाणी केन्द्रको स्थापना गरिएको थियो । २००७ साल मंसिर २८ गते बिहान ८:३० बजे एकाएक एउटा प्रसारण सुनियो- “यो नेपाल प्रजातन्त्र रेडियो हो । हामी विराटनगर मुक्तिमोर्चाबाट बोलिरहेका छौँ ।” जुन रघुपति जुटमिलको एउटा कोठामा आकाशवाणी सेट राखेर ४१ मिटर बेन्ड शर्टवेभमा कार्यक्रम प्रसारण गरिएको थियो । यसको प्रसारण काठमाडौ, दार्जीलिङ, कलकत्ता, गोरखपुर र बनारससम्म सुन्न सकिन्थ्यो । यी स्थानहरू २००७ सालको राणा विरोधी सङ्घर्ष सञ्चालनका प्रमुख केन्द्र थिए । सशस्त्र संघर्षका समाचार प्रसारण गर्न यो रेडियो केन्द्र अत्यन्त उपयोगी माध्यम साबित भएको थियो । यसले राणा शासन हटाउन ठूलो मद्दत गऱ्यो (विकिपिडिया) ।

यी तथ्यलाई हेर्दा राणा सरकारको विरोद्धमा आन्दोलन गर्दा रेडियोले महत्वपूर्ण भूमीका निर्वाह गरेको देखिन्छ ।

### नेपालमा एफ.एम. रेडियोको विकासक्रम

नेपालमा एफएम प्रसारणको अवधारणा कहिले जन्म्यो भनी ठ्याक्कै मिति किटान गर्न कठिन छ । तर पञ्चायतकालको उत्कर्षका बेला अर्थात् वि.सं. २०२८/२९ तिरै एफएम रेडियोसम्बन्धी अवधारणा जन्मिएको कुरा पत्रकार मोहन मैनालीले उल्लेख गरेका छन् । मैनालीका अनुसार त्यति बेला रेडियो नेपालले तर्जुमा गरेको २० वर्षे योजनाअन्तर्गत काठमाडौँमा एफएम स्थापना गर्ने प्रस्ताव प्रत्येक वर्ष अर्थ मन्त्रालयमार्फत नेपाल सहायता समूहको बैठकमा प्रस्तुत गर्ने र हरेक पटक नै अस्वीकृत हुने गरेको थियो । २०४०/४१ साल (सन् १९८३) तिर युनेस्कोले श्री ५ को सरकारसमक्ष सुर्खेतमा एफएम प्रविधिको प्रयोग गरेर परीक्षणका रूपमा सामुदायिक रेडियो प्रसारणका लागि प्रस्ताव गरेको थियो र यसलाई श्री ५ को सरकारले सकारात्मक रूपमा लिएको थियो (मैनाली, २०५३) ।

संसारमा पहिलो एफएम सञ्चालन भएको ४५ वर्षपछि नेपालमा पहिलो पटक २०५२ कार्तिक ३० मा रेडियो नेपालले एफएम सञ्चालन गरेको थियो भने निजी स्तरमा २०५२ चैत्र २० गते रेडियो सगरमाथाले एफएम प्रसारणको परीक्षण गरेको थियो । त्यसको २ वर्षपछि २०५४ जेठ ९ गते आधिकारिक रूपमा सरकारको अनुमतिमा नेपालको पहिलो एफएम स्टेसनको रूपमा प्रसारणको आरम्भ गर्न थाल्यो । एफएमबाट पहिलो पटक सरकारी एकाधिकार तोड्दै घमराज लुइँटेलको आवाजमा 'नमस्कार एफएम ब्याण्डको एक सय दुई थोप्लो चार मेगाहर्जमा यो दक्षिण एशियाकै पहिलो नाफा तथा विज्ञापनरहित स्वतन्त्र सार्वजनिक प्रसारण सेवा हो' भन्दै प्रसारण आरम्भ गरेका थिए (उलक, २०७९) ।

२००७ सालको प्रजातन्त्र प्राप्तिसँगै प्राप्त रेडियो नेपालले प्रसारणको ४५ वर्षपछि एफएम सुरु गरेको थियो । २०५२ साल कात्तिक ३० गतेदेखि नेपालमा एफएम प्रसारण सुरु भएको थियो । यसपछि निजी तथा सामुदायिक प्रयासबाट एफएम खुल्ने ढोका खुल्यो । रेडियो प्रसारण गर्न वि.सं. २०४९ कात्तिक ७ गते नेपाल वातावरण पत्रकार समूहले सूचना तथा सञ्चार मन्त्रालयमा निवेदन दिए तापनि उसले २०५४ सालको जेठ ५ गतेमात्रै रेडियो सगरमाथाका रूपमा प्रसारण गर्न इजाजत पायो र जेठ ९ गतेबाट प्रसारण सुरु गऱ्यो । त्यसपछि भने निजी र सामुदायिकतवरबाट धेरै एफएम खुल्न थाले । अहिले देशका ७४ वटा जिल्लामा एफएम रेडियो स्थापना भइसकेका छन् । ६१६ वटा रेडियो इजाजतपत्र जारी गरिएका छन् भने ४ सयभन्दा बढी एफएम रेडियोले नियमित प्रसारण गरिरहेका छन् । त्यसमा २८५ वटा सामुदायिक एफएम छन् (आचार्य, २०७३) ।

सूचना, मनोरञ्जन र शिक्षामा स्थानीय स्तरको स्वाद बोकेर एफएम रेडियोहरुले प्रसारण गरिरहेकाले गाउँघरमा अहिले सञ्चारको पहिलो माध्यम रेडियो नै हुन पुगेको छ । दुर्गम ग्रामीण क्षेत्र र पत्रपत्रिका समयमै नपुग्ने ठाउँमा खुलेका सामुदायिक रेडियो त सूचनाको प्रमुख आधार नै हुन पुगेका छन् । नेपालमा यी रेडियाको विकासको इतिहास धेरै लामो नभए पनि यसको प्रभावकारिता भने बढ्दै गइरहेको छ । अहिले एफएम रेडियोको विकासमा दक्षिण एसियामा नेपाल अग्रपंक्तिमा छ भने विश्वलाई नै नयाँ

नमुना प्रस्तुत गरेको छ । भर्खरै काठमाडौंमा सम्पन्न दक्षिण एसियाली सामुदायिक रेडियो सम्मेलनले पनि विश्वमै सामुदायिक रेडियोको सफल अभ्यासमा नेपालले गरेको अभ्यासलाई लिएको पाइयो (आचार्य, २०७३) ।

**दशबर्षे जनयुद्धमा डोके रेडियो**

नेपालमा वि.सं. २०५२ देखि २०६२ सम्मको एक दशकमा इतिहासमा धेरै उथलपुथल भयो । यस समयमा नजाग्ने जनता आफ्नो हक अधिकारका लागि उठे, अरुलाई उठाए, बलिदान दिएको पाइन्छ । पितृसत्तात्मक समाजको कुरीतिले थिलोथिलो भएका महिलाहरु आधारातमा बन्दुक बोकेर निस्किएर समाजमा रहेको रुढीवादी मान्यता र जंजीरहरुलाई तोडिएको कैयौँ उदाहरण भेट्न सकिन्छ । देशमा शैक्षिक माहोलसँगै हरेक क्षेत्रमा परिवर्तन आएको पाइन्छ । रेडियोले भनेका कुरा सत्य मान्ने, रेडियोमा रमाउने गरेका थिए । जसमा डोके रेडियोको ठूलो भूमिका रहेको देखिन्छ ।

देशैभरी डोकोको प्वालबाट सु-समाचार बोकेर रेडियो जनगणतन्त्र ९५.१ मेघाहर्जको डोके रेडियो जनताको आँगनमा पुगेको थियो । डोके रेडियोको सुरुवात गर्दा माओवादीका तत्कालिन युवा नेता भक्तपूरका देवेन्द्र श्रेष्ठ 'दिवाकर' रेडियो संचालन सम्बन्धि दक्ष प्राविधिक रुपमा काम गरिरहेका थिए । उतिबेला उनले माओवादी युद्धका लागि आवश्यक प्राविधिक सामाग्रीको उत्पादन गर्थे । उनैले रेडियो संचालन गर्न सकिनेबारे पार्टी नेतृत्वलाई जानकारी गराए र पार्टी नेतृत्वले तत्कालै रेडियो संचालनको अनुमति दिएको थियो । डोके रेडियो सञ्चालनका लागि यूरोपमा रहेका माओवादी समर्थकहरुले रेडियो ट्रान्समिटर किनेर नेपाल पठाउने व्यवस्था मिलाएका थिए । नेपालमा ट्रान्समिटरका लागि नेपाल सरकारबाट स्विकृति लिनुपर्ने भएका कारण ती ट्रान्समिटरहरु अरु कुनै उपकरणको नाममा एयरपोर्ट भन्सारबाट भित्र्याइन्थ्यो । ट्रान्समिटरका लागि आवश्यक पर्ने अन्य उपकरणहरु पनि छुट्टाछुट्टै नाममा भित्र्याइन्थ्यो र एक ठाउँमा जम्मा गरिन्थ्यो । उनै दिवाकरले सबैभन्दा पहिला प्युठानको स्वर्गद्वारी आसपासबाट रेडियो जनगणतन्त्र नेपालको पहिलो परीक्षण प्रशारण गरेका थिए । सोही प्रशारणमा मध्यपश्चिम र सुदूरपश्चिमका कमाण्डहरुबाट बोलाइएको प्रशिक्षार्थीलाई समेत रेडियो संचालन सम्बन्धि प्राविधिक प्रशिक्षण दिइएको थियो । त्यसपछि काभ्रेको फलामेटारमा मध्यकमाण्ड र पूर्वी कमाण्डका लागि प्राविधिक प्रशिक्षण चलाइयो । सोही प्रशिक्षण पश्चात काभ्रेलाई आधार मानेर मध्यकमाण्ड रेडियो संचालनमा आयो । त्यसबेला रेडियो संचालनका लागि शाखाहरु पत्रकारहरुको शाखा, प्राविधिक शाखा र सुरक्षा शाखा गरी तीन वटा शाखा रहेको थियो । पूर्वी कमाण्ड, मध्यकमाण्ड, मध्यपश्चिम कमाण्ड, विशेष कमाण्ड (आधारक्षेत्र, रोल्पा, रुकुम लगायत) भेरी र कर्णाली गरेर ५ वटा जनगणतन्त्र रेडियो संचालनमा आयो । प्रत्येक रेडियो स्टेशनको सरक्षाका लागि जनमुक्ति सेनाको एउटा सुरक्षा टुकडी (९ देखि १५ जना सम्मको) आधुनिक हतियारसहित खतिएको हुन्थ्यो भने प्राविधिक रुपमा तीन जनाको जनशक्ति रहन्थ्यो । उनीहरु रेडियो संचालन हुने बार उक्त इलाकाको सबैभन्दा अग्लो डाँडोमा पुग्थे र जेनेरेटरबाट इलेक्ट्रिक उत्पादन गरी ट्रान्समिटर संचालनमा ल्याउने गरिएको थियो । त्यसको लागि रुख वा बाँसको टुप्पोमा टावरको एन्टेना फिट गरी रेडियो बजाउन सुरु गरिन्थ्यो । रेडियो बजाउँदा बजाउँदै

सेनाको नाइटभिजन हेलिकोप्टरले गस्ती सुरु गर्थ्यो । रेडियोकर्मीहरु भने रातको अँध्यारोमा गुपचुप रेडियो बजाईरहेका हुन्थे (खबरडबली, २०७२) ।

नेपालमा तत्कालीन नेकपा (माओवादी) ले सञ्चालन गरेको जनयुद्धमा पनि युद्धको प्रचारप्रसार गर्न तथा युद्धमा जनसहभागीतालाई बढवा दिनका लागि जंगलबाट देशभरीमा पाँचवटा एफ.एम रेडियोहरु चलाएको थियो (भण्डारी, २०६२) ।

पूर्वी कमाण्ड, मध्यकमाण्ड, मध्यपश्चिम कमाण्ड, विशेष कमाण्ड (आधारक्षेत्र, रोल्पा, रुकुम लगायत) भेरी कर्णाली र सुदुरपश्चिम गरेर ५ वटा जनगणतन्त्र रेडियो संचालनमा आयो । उतिबेला रेडियो संचालनका लागि तीन वटा शाखाहरु हुन्थे । पत्रकारहरुको शाखा, प्राविधिक शाखा र सुरक्षा शाखा । प्रत्येक रेडियो स्टेशनका लागि जनमुक्ति सेनाको एउटा सुरक्षा टुकडी (९ देखि १५ जना सम्मको) आधुनिक हतियारसहित हुन्थ्यो भने प्राविधिक रुपमा तीन जनाको जनशक्ति रहन्थ्यो (खबरडबली, २०७२)

एकातिर माओवादी द्वन्द्वको चरमोत्कर्ष, अनि अर्कोतिर तात्कालीन राजा ज्ञानेन्द्रको शाही कू त्यतिबेला मिडिया स्वतन्त्र थिएनन् । सञ्चारमाध्यमले पनि राजतन्त्र र शाही कदमको पक्षपोषण गर्नुपर्थ्यो । सञ्चारमाध्यमका समाचार सेनाले काँटछाँटसमेत गर्थ्यो तर त्यही बीचमा माओवादीले भूमिगत रेडियोको प्रसारण सुरू गर्यो (सेतोपाटी, २०७२) ।

'यो रेडियो जनगणतन्त्र नेपाल हो' । यो शब्द माओवादी जनयुद्धको समयमा डोके रेडियो मार्फत प्रशारण गरिन्थ्यो । डोके रेडियोमा काम गरेका एक पत्रकार किशोर पन्थीका अनुसार- ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन सुरु भएपछि देशभरका रेडियोहरुले समाचार प्रशारण गर्न छाडे, त्यो अवस्थामा ग्रामिण क्षेत्रमा संचारको मुख्य माध्यम भएर काम गर्नुको मजा नै बेग्लै थियो । तर संघर्ष पनि कम थिएन (पन्थी, २०८०) । देशभर सरकारी निकायमा दर्ता भएका सामुदायीक तथा निजी रेडियोहरुले समाचार प्रशारण गर्न नसकिरहेको बेला माओवादीले सञ्चालन गरेका एफएम रेडियोहरु भने संचालन भईरहेको पत्रकार पन्थीको कुराले जनाउदछ ।

"पूर्वमा, काठमाण्डौं आसपासमा, राप्तीमा, भेरी-कर्णालीमा र सेती महाकालीमा गरी देशका पाँच ठाउँमा एफएम रेडियो चलाएका थियौं । २०६० भदौ २३ गतेबाट १०० वाटको रेडियो जनगणतन्त्र सुरु भएर त्यही वर्षको कात्तिकमा प्रचण्डद्वारा विधिवत् रुपमा उद्धाटन भएको थियो । ट्रान्समिटर काठमाण्डौं महानगरपालिकाका तत्कालिन मेयर केशव स्थापितले झिकाइ दिनुभयो । सुरुमा रेडियो अपरेटिङ्ग तालिम दिइयो । भक्तपूरका दिवाकर श्रेष्ठले प्राविधिक तालिम दिनुभएको थियो । शुरुमा रेडियोमा बज्ने सामग्रीका विषयमा त खास केही प्रशिक्षण भएन । हामीले पहिले पत्रिकामा पनि काम गरिरहेकाले समाचार लेख्ने कुराहरुमा समस्या परेन (रोका, २०७१) ।

माओवादीले देशभरि चलाएका पाँच वटा 'रेडियो गणतन्त्र नेपाल'बाट समाचारलगायतका सामग्री प्रसारण गरेर राज्यविरुद्ध प्रचारबाजी गर्ने गरेका थिए । २०६१ माघ १९ को शाही कदम सरकारी माध्यमबाट

प्रसारण गरिएजस्तै फागुन १ गते डोके रेडियोले पार्टी अध्यक्ष प्रचण्डको रेडियो सन्देश प्रसारण गरेको थियो । माओवादीको 'विशेष क्षेत्र' अन्तर्गत पर्ने रोल्पाको थवाङ्गबाट पहिलो पटक 'जनवादी रेडियो'को प्रसारण शुरू भयो । जसको नाम 'रेडियो जनवादी गणतन्त्र नेपाल विशेष क्षेत्र विशेष प्रसारण सेवा' राखिएको थियो । त्यसपछि 'भेरी-कर्णाली विशेष प्रसारण सेवा' शुरू भयो । माओवादीको 'पश्चिम कमाण्ड' अन्तर्गत पर्ने क्षेत्रमा अहिले तीनवटा एफएम रेडियो संचालनमा छन् । निर्बाध चलिरहेको माओवादी एफएम माघ १९ पछि बनेको सरकारले उच्च प्रविधिको प्रयोग गरी मेघाहर्ज जुधाएर प्रसारणमा अवरोध समेत पुऱ्याएको थियो (रोका, २०७१) ।

यसरी तुलनान्मक अध्ययन गर्दा, सशस्त्र जनयुद्धमा आफ्ना क्रियाकलापको प्रचारप्रसार गर्नका लागि विद्रोही माओवादीले सञ्चार माध्यमको भरपुर रुपमा उपयोग गऱ्यो । जस अर्न्तगतमा एफएम रेडियो पनि एक सशस्क्र माध्यमका रुपमा प्रयोग भएको थियो । माओवादी आन्दोलनलाई सघाउनका लाीग एफएम रेडियोले सहयोग पुर्‍याउने भएकाले सरकारी सेनाको निशानामा रहेको थियो । सुरक्षाका कारण कहिले कतै कहिले कतै डोकोमा बोकेर हिड्नुपर्ने बाध्यात्म्क परिस्थिति भएकाले सो रेडियोलाई डोके रेडियोको नाम दिईएको देखिन्छ ।

**माओवादी डोके रेडियोको भेरी कर्णाली प्रसारण केन्द्र**

संकटकालमा माओवादीका डोकेरेडियोहरु मध्ये भेरी कर्णाली प्रसारण केन्द्र पनि एक थियो । तत्कालिन समयका भेरी र कर्णाली अञ्चलका विभिन्न ठाँउहरुबाट प्रसारण गरिने भएकोले यस रेडियोको नाम नै भेरीकर्णाली राखिएको पाइन्छ । सदियौंदेखि एकात्मक राज्य सत्ताले अपहेलित बनाई राखेको दुर्गम क्षेत्रका जनताको आवाज डोकोमा बोकेर रामलाल विश्वकर्मा, देवीराम देवकोटा, टकबहादुर सिह 'सुशील', कल्पना बिसुराल, आशा शर्मा, गणेश कञ्चन भारती र धर्मराज जिसीहरु लगायतका टोली पुगे । उक्त टोलले २०६० साउन २३ बाट सुरु प्रशारण सुरु गरेका थिए । सुरुमा उनीहरुले समाचारमुलक कार्यक्रम नै चलाएर सुरुवात गरेका थिए । त्यसपछि विस्तारै जनसंगीत कार्यक्रम चलाउँदै पार्टीका गतिविधिहरुमा बढी केन्द्रत भए । फौजी कारवाहीका प्रत्यक्ष रिपोर्ट समेत गरे । साथमा उनीहरुले आदिवासी जनजाति महिला, किसान, जनमुक्ति सेनासँग सम्बन्धीत विषेश कार्यक्रमहरु पनि चलाए भन्ने कुरा उल्लेख गरिएको छ । उनीहरुले बिहान ३ घन्टा र बेलुकी ३ घन्टा कार्यक्रम चलाउँथे भने हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, दैलेखका भिर कन्दराहरु, टाकुराहरुमा गएर उनीहरुले कार्यक्रम चलाएको उल्लेख गरिएको छ । सबै भन्दा पहिला जाजरकोटको गर्खाकोटको लेकबाट चलाएको उनीहरुको कार्यक्रमको आवाज सिङ्गै कर्णालीमा चेतनाको आवाज भएर गुन्जियो । भेरी नदीको सुसाहटसँगै उनीहरुको आवाज पनि त्यसैमा मिसियो । कालीकोट जुम्ला र दैलेखका टाकुराबाट प्रशासण गरे उनीहरुले । यस अनुसार माअओवादीले सञ्चालन गरेको भेरीकर्णाली रेडियो दैलेख, जाजरकोट, जुम्ला, कालिकोटका विभिन्न डाँडाहरुबाट प्रसारण हुने गरेको देखिन्छ । युद्धबिराम कालमा भने सुर्खेत र सल्यानको सिमाना क्षेत्रबाट पनि प्रसारण भएको पाइन्छ (खबरडबली, २०७२) ।

त्यस समयमा भेरी कर्णाली रेडियोमा काम गर्ने टिम र उनीहरुका कार्यक्रमहरुका बारेमा अध्ययन गर्दा माओवादी आन्दोलनलाई सहयोग पुग्ने गरी समाचारमुलक, सांगितिक, नाटक, प्रत्यक्षप्रसारणहरु लगायत समाजका विभिन समुदाय र क्षेत्रलाई हेरेर सोही अनुसारका कार्यक्रम संचालन गरेको पाइन्छ । यस बिषयमा अध्ययनकर्ता स्वंयम पनि सो भेरी कर्णाली रेडियो सञ्चालन टिममा आवद्ध भएर काम गरेको अनुभव ताजै रहेको छ ।

आफन्तबाहेक अरूको मृत्यु वा हत्या हुँदा सामान्य जस्तै लाग्न थालिसकेको अवस्था थियो । मृत्युको सन्देश बोकेर जनताका घरघरमा आउने सञ्चारमाध्यमहरू युद्धको दैनिकी पस्किरहेका हुन्थे । तर अहिले समय फरक छ, र सन्देश पनि । युद्ध पत्रकारिताको अभ्यास प्रायः गृहयुद्ध भएका मुलुकहरूमा हुँदै आएको छ र २०५२ मा नेकपा माओवादीले औपचारिक रूपमा युद्ध घोषणा गरेपछि नेपाली पत्रकारको पनि युद्धरद्ध पत्रकारितासँग परिचय भयो । विदेशी टेलिभजन च्यानलमा युद्धका दृश्य हेरेर झस्कनेहरू आफैंले त्यस्ता दृश्य खिच्न थाले; युद्धको मोर्चामा गएर गोलीका पर्रा छल्दै, बमका छर्राबाट जोगिँदै समाचार सङ्कलन गर्न थाले । युद्धको प्रत्यक्ष भिडियो, तस्वीर र समाचार तयार पार्न थाले भनी अनुभव सङ्गालिएको छ (शर्मा र धिताल, २०६३) ।

यसरी हेर्दा युद्धको मैदानमा सैनिक टुकडीका बिचबाट माओवादीले रेडियो संचालन गरेको पाइन्छ । मैदानमा हाई एलर्टमा रहेको सेना जस्तै सबै सुरक्षाको प्रवन्ध गरेर एक रेडियो सञ्चालक पनि युद्ध मैदानमा सेनाको भूमीकामा रहदै रेडियो संचालन गरेको देखिन्छ । यसले के प्रष्ट पार्छ भने माओवादी आन्दोलनका सुचना प्रसारण गर्न र त्यसको प्रभावले जनतालाई प्रभावित पार्नमा डोके रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । माओवादीले तत्कालीन समयमा सञ्चालन गरेका डोके रेडियोहरु मध्ये भेरी कर्णाली क्षेत्रमा प्रसारण गरेको रेडियोले त्यतीबेलाको जनजिवनमा पारेको प्रभाव र असर तथा भूमिकाका बिषयमा यस बोधमा अध्ययन गरिएको छ । जसमा अध्ययनका क्षेत्र माओवादीले जनयुद्धमा सञ्चालन गरेको भेरी कर्णाली प्रसारण केन्द्रको अवस्था कस्तो थियो ? कसरी समाचार र सुचना सम्प्रेषण गर्थे ? स्रोत के थियो ? सुचनाका माध्यम के थिए ? यो रेडियो सुन्दा आइपर्ने समस्या के कस्ता थिए जस्ता विषय समावेश गरिएका छन् ।

## १.२ समस्याको कथन

माओवादी जनयुद्धमा आम जनता माझ माओवादीका समाचार प्रशारण गर्न र जनतालाई आफूप्रति र आफ्नो सिद्धान्तप्रति आकर्षित गर्ने उद्देश्यले देश पाँचवटा डोके एफ.एम. रेडियो सञ्चालनमा ल्याएको अवस्था थियो । यो जति सजिलो स्थापना गर्न थियो त्यति सजिलो सञ्चालन गर्न थिएन । एकातिर आफ्ना सकारात्मक सन्देश जनता माझ पुऱ्याउनु पर्ने अर्कोतिर संकटकालीन घोषणा गरी सेना परिचालन गरेको अवस्थामा यसको व्यवस्थापन र सञ्चालन त्यति सजिलो थिएन । यसका लागि प्राविधिक टोलीको आवश्यकता, प्रसारण गरिने सामग्रीको संकलन गरी त्यसको काँटछाट गरी उचित समयमा उपयुक्त सामग्री प्रसारण गरी जनतालाई आफ्नो पक्षमा पार्नु पनि एउटा समस्याको रुपमा नै

रहेको थियो । कैयौ माओवादी साथीहरु समाचार आनानप्रदान एवम् संकलन गर्ने क्रममै आफ्ना ज्यानको बलिदानी दिनु परेको थियो । यसको साथै आर्थिक समस्या तथा यसको व्यवस्थापन पनि चुनौतिको रुपमा रहेको थियो । आन्दोलनको क्रममा कहाँबाट कसरी आर्थिक व्यवस्था गरी प्राविधिक सामग्रीको खरिद, त्यसको ढुवानी गर्ने सम्बन्धमा योजना बनाउने अर्को समस्या रहेको थियो । त्यसैगरी माओवादी सरकारको नजरमा अपराधी ठहरेकोले एकै स्थानबाट डोके रेडियो प्रसार गर्न सम्भव थिएन । त्यसको लागि डोके रेडियोलाई समय समयमा स्थानान्तरण गरिरहनु पर्थ्यो र यसको लागि उपयुक्त स्थान र समयको समेत आवश्यक पर्ने भएकाले यससम्बन्धी समस्या रहेको थियो । गाँस बासको ठेगान नभएको अवस्थामा कारणवश रेडियोमा उपयोग गरिएका रेडियो सामग्री बिग्रेमा त्यसको मर्मत सम्भारको पनि त्यतिकै व्यवस्थापनको आवश्यता रहेको अवस्थामा पनि डोडे रेडियोलाई निरन्तर रुपमा सञ्चालनमा ल्याइएको थियो । सरकारी सुरक्षा फौजको कुनै वास्ता नगरी निरन्तर आफ्ना विचार, विमर्श, गीत संगीत, समाचार लगायतका विभिन्न नाट्य गीतहरु समेत रेडियो मार्फत प्रसारण गर्न सम्भव गरेको देखिन्छ ।

डोके रेडियो प्रसारण गर्नु त चनौती थियो नै साथमा रेडियो सुन्नलाई पनि चुनौती भएको देखिन्छ । रेडियो सुन्नेहरुलाई सरकारी सुरक्षा फौजले भेट्टाएमा ज्यान नै तलमाथी सम्म हुन सक्थ्यो । कतिपय अवस्थामा डोके रेडियो सुनेर नै सरकारी सुरक्षानिकायले सुरक्षा रणनिति समेत बनाउने अवस्था एकातिर थियो भने डोके रेडियोका कारण स्रोताहरु माओवादी आन्दोलन प्रति आकर्षित हुने अवस्थाले राज्यलाई पनि ठूलो चुनौती देखिन्थ्यो । जसले गर्दा सरकारले आफ्ना सुरक्षा नीतिलाई कडाइका साथ पालना गरिरहेको अवस्था थियो । यति हुँदा हुँदै वतमान समयमा डोके रेडियो नेपालको रेडियो क्षेत्रमा एक ऐतिहासिक रेडियोको रुपमा रहेकाले र अध्ययनकर्ता स्वयम् डोरे रेडियो सञ्चालकको एक पात्रको रुपमा भूमिका निर्वाह गरेको भएता पनि यसम्बन्धमा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान भएकाले यसको भूमिका सम्बन्धमा अध्ययन गर्न माओवादी जनयुद्धमा डोके रेडियोको भूमिकालाई समस्याको रुपमा लिई अध्ययन कार्य अगाडि बढाइएको छ ।

अतः यसैसँग सम्बन्धित विषयवस्तुलाई यस अध्ययनको समस्याका रुपमा लिइएको छ । यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू यसप्रकार रहेका छन् :

क) माओबादी सशस्त्रयुद्धमा डोके रेडियो किन चलाउनु परेको थियो ?

ख) डोके रेडियोका चुनौतीहरु र  सिमाहरु के थिए ?

ग) डोके रेडियोले आम समुदायमा के कस्तो प्रभाव परेको थियो ?

## १.४ अध्ययनको औचित्य/महत्व

नेपालमा २०५२ देखि २०६२ सालसम्म माओवादीले जनयुद्ध चलाइरहेको अवस्थामा जनतालाई आफ्ना पक्षमा पार्न र त्यस समयमा घटेका घटनालाई समाचारको रुपमा जनतासमक्ष पुर्‍याउन डोके रेडियो प्रशारणमा ल्याएको थियो । डोके रेडियो सञ्चालनमा विभिन्न समस्या रहेतापनि यसको प्रभाव, छाप भने

जनतामा बसेकै देखिन्छ । त्यस समयमा डोके रेडियो सुन्न पाइएन भने त्यस दिनमा के कस्ता घटना घटेको थियो भन्ने उत्सुकता सबैमा लागिरहन्थ्यो । जसले गर्दा सुरक्षाका दृष्टिले ज्यानलाई चुनौति र खतरा महसुस गर्दागर्दै पनि रेडियो सुन्न नछाडेको विभिन्न तथ्यांकबाट पुष्टि हुन आउँछ । वास्तवमा भन्ने हो भने डोरे रेडियो नेपालको रेडियो विकासक्रममा एक नयाँ आयाम थपेको पाइन्छ । डोके रेडियो ऐतिहासिक रेडियोको रुपमा पहिचान गर्न सकिन्छ । यसको बारेमा अव इतिहास खोतल्नु पर्ने अवस्था छ । त्यसैले यस सम्बन्धमा रहेका दस्तावेज, प्रसारण भएका सामग्री, प्रयोग गरिएका प्राविधिक सामग्रीको संरक्षण र सम्वद्धन गर्न सकेमा भोलिका दिमा यसको ऐतिहासिक पृष्ठभूमिलाई अफ प्रगाढ बनाउन सकिन्छ । प्रस्तुत अध्ययनमा माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका सम्बन्धमा विस्तृत अध्ययन गएिकोले यससम्बन्धमा शोधखोज गर्न चाहने अनुसन्धानकर्ता, अध्ययनकर्ता लगायत पत्रकारितामा प्रवेश गर्न चाहने नयाँ पत्रकाररु, डोके रेडियोको पृष्ठभूमि खोतल्ने इतिहासकार लगायत शिक्षक, राजनीतिज्ञ सम्पूर्णलाई एक पाठ्य सामग्री उपलब्ध गराउने भएकाले र यस सम्बन्धमा जानकारी दिन, समीक्षा गर्न समेत उपयोगी सामग्री हुने भएकाले यस अध्ययनको औचित्य तथा महत्व रहेको देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) माओबादी सशस्त्रयुद्धको समयमा डोके रेडियोको अवस्था पत्ता लगाउनु ।

ख) माओबादी सशस्त्रयुद्धमा डोके रेडियोको चुनौतीहरु बारे पत्ता लगाउनु ।

ग) डोके रेडियोको प्रभाव र प्रयोग बारे पत्ता लगाउनु ।

## १.५ अध्ययनको सीमा

अध्ययनको सिमा अवस्था र समयका कारणबाट विभिन्न सिमा निर्मित भएका हुन्छन् । प्राय राजनैतिक सामाजिक घटनाका अध्ययनहरु निश्चित सामाजिक अवस्था वा परिवेश भित्र लागु हुनसक्दछ । प्रस्तुत अध्ययनमा निम्नलिखित सीमाहरु रहेका छन् :

- प्रस्तुत अध्ययनमा माओबादी जनयुद्धमा प्रयोग भएको सञ्चार माध्यम डोके रेडियो संग केन्द्रित रहेको छ ।
- माओवादीले द्वन्द्वकालमा सञ्चालन गरेका पाँचवाड डोके रेडियो मध्य भेरी कर्णालीमा सञ्चालन गरेको डोके रेडियो, यसले प्रसारण गर्ने कार्यक्रमहरु, यसले पारेको प्रभावमा सिमित रहेको छ ।
- सुर्खेत जिल्लाको चिङ्गाड गाँउपालिकाको वडानम्बर २, ३ र ५ का तत्कानि डोके रेडियोका स्रोताहरु अध्ययनका लागि उपयुक्त मानिएको छ ।

## १.६ शोधपत्रको रुपरेखा

शोधकार्यलाई व्यवस्थित एवम् शृङ्खलाबद्ध गर्नको लागि यसको रुपरेखाको पूर्वयोजना आवश्यक पर्दछ । यसका लागि प्रस्तुत शोधपत्रलाई मुख्य पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ । आवश्यकता अनुसार शीर्षक तथा उपशिर्षकहरु राखिएका छन् । शोधपत्रका महत्वपूर्ण परिच्छेदहरु र तिनका क्रम निम्नानुसार राखिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छनेद दुई : साहित्यको पुनरावलोकन

परिच्छनेद तीन : अध्ययन विधी

परिच्छेद चारः तथ्याङ्कको व्याख्या तथा विश्लेषण

परिच्छेद पाँच : निश्कर्ष र सुझाव

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन

यस शोधसँग सम्बन्धित अध्ययनहरु नभए पनि डोके रेडियोहरुका विषयमा विचार विमर्श, अर्न्तवार्ता, रचना, आलेख तथा दस्तावेजहरु पउने गरेका छन् । तथापी डोके रेडियो सम्बन्धी विस्तृत अध्ययनहरु भएको पाईदैन् । डोके रेडियोसँग सम्बन्धित केही अध्ययन तल प्रस्तु गरिएको छ । डोके रेडियोले दशबर्षे शसस् जनयुद्धका प्रभावहरुका बारेमा लेख रचना पाईए पनि पुस्तक खोजी गर्दा कते पाईएन् । अध्ययनका लागि केही लेखरचना तथा कतै पुस्तकमा सामान्य चर्चा बाहेकका सामग्री पाउन कठिन छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

प्रस्तुत अध्ययनमा माओवादीको जनयुद्धमा डोरे रेडियोको भूमिका सम्बन्धमा अध्ययन गर्नुपर्ने भएकाले रेडियो पत्रकारिता र माओवादीसँग सम्बन्धित विषयवस्तुलाई सैद्धान्तिक साहित्यको रुपमा समीक्षा गरिएको छ :

समाजमा रहेको विविधताको अन्त्य गर्न जातीय उत्थानको माग राखी आन्दोलनमा उत्रिएका तमिल टाइगरमाथि श्रीलंका सरकारले हस्तक्षेप गर्दा युद्धको रूपमा विकसित भएको थियो । सरकार र विद्रोही दुवै पक्षबीच लामो समय सशस्त्र युद्ध चलेको थियो । यस युद्धले श्रीलङ्काको सामाजिक, आर्थिक र राजनीतिक जीवनमा निकै असहज परिस्थितिको सिर्जना भएको थियो । यस सम्बन्धमा सरकारी सञ्चार माध्यमहरूले सरकारको वकालत गरे भने विद्रोही विचार राख्ने सञ्चार माध्यमले विद्रोही समूहलाई साथ दिएता पनि अन्त्यमा शान्ति स्थापना गर्ने पक्षमा सरकार र विद्रोही समूह देखिएपछि सञ्चार माध्यमले पनि शान्ति स्थापनाका लागि रचनात्मक सहयोग गरे । सञ्चार माध्यमले दुवै पक्षको मनमुटाव घटाउने गरी, जनतामा भएको विद्रोही चेतलाई न्युनीकरण गर्न र सूचना, विचार र विश्वका अनुभव आम मानिस बिचमा प्रवाह गरेर शान्ति स्थापनाका पक्षमा महत्वपूर्ण भूमिका खेलेका पाइन्छ (हटुटुवा, २००३) ।

कुन्दन अर्यालले 'मिडिया रिडर' नामक जर्नलमा 'मिडिया र मानवअधिकार' शीर्षकमा आफ्नो लेख प्रकाशित गरेका छन् । उक्त लेख अनुसार 'प्रेसलाई लडाकु समूहका प्रेस वक्तव्य प्रसार गर्दा यथोचित सावधानी अपनाउन, आफ्नो विश्वसनीयतामा आँच नआउन सचेत गराइन्थ्यो ।' त्यसबेला आँच आउन नदिन सरकारी पक्षबाट प्रेसको दुरूपयोग हुन सक्ने कुरामा सचेत रहन सल्लाह दिइएको थियो । यसले प्रेसको भूमिका उजागर भयो र काश्मिरमा लडाकूहरूले सिर्जना गरेको भएको वातावरण प्रेस स्वतन्त्रतामाथिको चुनौतीको मूल कारण समेत रहेको निष्कर्ष निकालिएको थियो । युद्धको समयमा मानव अधिकारको रक्षा गर्नुपर्ने विषयलाई स्मरण गराउदै उनले लेखेका छन्, '२०५८ साल मङसीर १३ गते नेपाली सेनाको दाङ जिल्ला, घोराहीस्थित बरख गणबाट गएको एउटा टुकडी दिउँसो ३ बजे सदरमुकाम त्रिभुवननगर नगरपालिका वडा नं ३ वर्गदीमा रहेको जमिन्दार कृष्णराज रेग्मीको खलियानमा पुग्यो ।

सेनाले धान दाईं गरिरहेका ११ जना सबै कृषि मजदुरहरूलाई एकै ठाउँमा भेला पाऱ्यो । रक्षा मन्त्रालयले वर्गदीमा धान लुट्न आएका माओवादीहरूको गस्तीमा रहेका सैनिकले कारवाही गर्दा मृत्यु भएको विज्ञप्ति निकाल्यो । यस घटनामा सुरक्षाफौजले सर्वसाधारण किसानलाई मारेको भए पनि रक्षा मन्त्रालयले सफलता देखाउन आफ्नो अनुकूलको समाचार प्रसारण गऱ्यो । दुवै दैनिकका समाचार एकपक्षीय र असन्तुलित थिए । युद्धले निम्त्याएको घटना फरक किसिमले व्याख्या भई प्रसारित भयो । यस्तो अवस्थाले मानव अधिकारलाई मूलधारको पत्रकारितामा आउन दिँदैन (अर्याल, केसी र पाठक, २०७०) ।

'मिडिया रिडर'मा 'पत्रकारितामा सूचनाको हक' शीर्षकमा विनयकुमार कसजूले लेख प्रकाशित गरेका छन् । उनका अनुसार जनतालाई सही सूचना दिएर सही निर्णय गर्नसक्ने बनाउने प्रेसको विशेषता हो । साथै यसले राज्यका विभिन्न अङ्गको निगरानी गरेर सही लोकतन्त्रलाई अस्वस्थ हुनबाट जोगाउँछ । यिनै विशेषताले गर्दा प्रेस लोकतन्त्रको अभिन्न अङ्ग बनेको हो । अधिनायकवादी राजनीतिक व्यवस्थामा र कतिपय अवस्थामा लोकतान्त्रिक व्यवस्था भएका मुलुकहरूमा पनि राज्यबाट प्रेस स्वतन्त्रतामाथि खतरा हुने गरेको छ तर अहिले आएर व्यापारिक स्वार्थबाट प्रेस स्वतन्त्रतामाथि खतरा बढ्दै गएको र खतरा जोबाट भए पनि प्रेस स्वतन्त्रताको रक्षक अन्ततोगत्वा जनता नै हो भन्ने कुरा उल्लेख गरिएको छ । शाही शासनकालमा एफ.एम. रेडियोहरूमा समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लगाइएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरूद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै नागरिकले सूचना पाउने पक्षमा दिएको निर्णयको दिएको थियो । यसले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरेको देखिन्छ (अर्याल, केसी र पाठक, २०७०) ।

कुनै बेला विदेशी सेनाका लागि ज्यालादारीमा उत्तेजित सिपाही उत्पादन गर्ने यो देश आजभोली अन्तर्राष्ट्रिय वुर्जुवा विरोधी शैनिक जन्माउने देशका रुपमा परिवर्तित भएको छ । विश्वको छानो नेपालमा गरिबी, अधिकारविहीन र पछाडि पारिएका मानिसहरूले/जनताहरूले देशको मुहार बदल्न भन्दै क्रान्तिको रातो झण्डा उठाए । शताब्दीऔ देखि सामन्तवादको प्रभुत्वमा पिल्सिएका नेपाली महिलाहरूले एक्काइसौँ सताब्दीमा आफ्नै हातले हतियार खोसेर आफनो लक्ष्य पूरा गरे । कुनै बेला स्वर्ग मानिने देश नेपाल आजभोली क्रान्तिकारी जनताको देशका नामले विश्वमा परिचित हुन थालेको छ । यसले देशमा युद्ध निम्त्याएको देखिन्छ (सेनगुप्ता, २००२) ।

माओवादीले वि.सं. २०५२ फागुन १ गते जनयुद्धको घोषणा गरेको थियो । त्यसको ६ वर्षपछि सरकारले सङ्कटकाल लगाएर प्रेस स्वतन्त्रतालाइ कुण्ठित पाऱ्यो । आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि नियन्त्रण र सजाय अध्यादेश २०५८ जारी गरी राज्यले प्रेसलाई आतङकित पार्ने कार्य गऱ्यो । माओवादी

विद्रोह र शाही शासनउन्मुख यो चरणलाई राजनैतिक उत्तरदायित्व समाप्तिको चरण पनि भन्न सकिन्छ। यो चरण २०५८ देखि २०६१ सम्म रह्यो । करिब एक वर्षसम्म लगाइएको सङ्कटकालले नेपाली पत्रकारितालाई तहसनहस पार्‍यो । सङ्कटकालको घोषणासँगै सेना परिचालनपछि नेपाली प्रेसले सेनाको ज्यादती लेख्न सकेन । पत्रकारलाई धम्की, आक्रमण, यातना अपहरण जस्ता कार्य नेपाली पत्रकारिताको नियमित दिनचर्या जस्तै बनेको थियो । यसका बाबजुत पनि विद्रोही पक्षले प्रवाहित गरेका समाचारलाई उच्च प्राथमिकताका साथ छापिरह्यो । पत्रकारहरुलाई गिरफतार गर्ने, शारीरिक तथा मानसिक यातना दिने, भौतिक आक्रमण गर्ने, बारम्बार धम्क्याउने जस्ता कार्यले पत्रकारितामा संकट उत्पन्न भएको भयो । यसलेसम्पादक तथा पत्रकारका लागि निजी तथा ब्यावसायिक जीवनयापन असामान्य बन्न थाल्यो ( मैनाली र भट्टराई, २०१३) ।

जनयुद्धकालको स्मरण गर्दै शर्माले लेखेका छन् हामि रूरू गाँउमा पुगेपछि जनादेश साप्ताहिकका पश्चिम सस्करणका सम्पादक ओम शर्मा र मनऋषी धितालले कब्जामा रहेका शाहीसेनाका कमाण्डर तथा सदस्यहरूसँग अन्तर्वाता लिनुभयो भने रेडियो जनगणतन्त्र भेक प्रशारण सेवाको स्टुडियोमा रहेका युद्धपत्रकार देविराम देवकोटासँग पत्रकार चंख रोकायाले पिलिको लाइभ रिपोर्टिङ गरे । पिलिको यर्थाथ खबर चंखको सहयोगमा देविराम देवकोटाले आम स्रोताहरू विचमा प्रवाह गरेको सबैले थाहा पाए र प्रत्यक्ष रूपमा सुने । विभिन्न देशमा भएका आन्दोलन, परिवर्तन र विद्रोहमा विद्राही पक्षले संचालन गरेका मिडियाहरूले युद्धका खबरहरूलाई प्रवाह गरेर युद्धमा सहयोग गरेको यसले पनि प्रष्टसँग जान्न सकिन्छ । सरकारी मिडियाले सरकारको पक्षमा मिसन पत्रकारीता गरे भने विद्रोही पक्षका मिडियाले पनि युद्धका खबर प्रकाशन तथा प्रसारण गर्दा युद्धलाई सहयोग पुग्ने गरि मिसन पत्रकारिता गरेका हुन । कालीकोटको पिलिमा लडेर आएका माओवादी जनसेनासँग लडाई यर्थात जानकारी लिन जोखिम मोलेर मिडियाले आफनो संचार माध्याम मार्फत खबर प्रावह गरे । युद्धमा मिडियाको भूमिका कस्तो हुन्छ भन्ने कुरा जनादेशका पत्रकार र रेडियो जनगणतन्त्र भेरी-कर्णाली प्रशारण केन्द्रका पत्रकारको रिपोर्टिङबाट सहजरूपमा अनुमान गर्न सकिन्छ । जनयुद्धको समयमा जनादेश साप्ताहिक  प्रमुख सञ्चार माध्यामको रूपमा रहन गयो । यो पत्रिका देशका विभिन्न ४ स्थानबाट प्रकाशन हुन्थ्यो । हामिले भने जनादेशको पश्चिम सस्करणलाई सहजै पढ्न पाउथ्यौ । पुर्व, मध्य, पश्चिम र प्रवास बाट प्रकाशन हुन जनादेश जनयुद्धको प्रमुख सञ्चार नेतृत्व थियो । जनयुद्धको समयमा ग्रामिण क्षेत्रमा एकहोरो वजिरहने युद्धका खबर प्रशारण  गर्ने रेडियो जनगणतन्त्र पनि आज नागरिक विचमा लोकप्रिय नै थियो । जनयुद्धको समयमा प्राय मिडियाले मिसन पत्रकारिता गर्ने गरेकोले धेरैले विविसीलाई ध्यान दिएर निष्पक्षताको लागि सुन्ने गर्दथे (शर्मा, २०८१) ।

## २.२ अनुभाविक साहित्यको पुनरावलोकन

माओवादी विद्रोह शुरू हुनु अघिसम्म नेपालमा कसैले चाख नलिएको, कसैले अध्ययन-अनुसन्धानमा समय र स्रोत खर्च नगरेको विषय द्वन्द्व अहिले अनुसन्धानको विषय बनेको छ । नेपाल र नेपालीका लागि

सशस्त्र द्वन्द्व नयाँ विषय हो । २३७ वर्षको आधुनिक नेपालको इतिहासमा माओवादी द्वन्द्व नितान्त नौलो किसिमको थियो । २०५२ सालमा शुरूभएको माओवादी विद्रोह जब सशक्त र जटिल बन्दै गयो मानिसहरूमा पनि द्वन्द्वलाई बुझ्ने, अध्ययन गर्ने, माओवादी द्वन्द्वका अनेक पक्षहरु प्रति रुचि बढ्दै गयो । सोही अनुरुप माओवादी जनयुद्ध भित्र प्रयोग गरिएको सञ्चारको एक प्रयोग डोके रेडियोको यहाँ अध्ययन गर्ने प्रयत्न गरिएको छ । माओवादी जनयुद्ध भित्रको डोके रेडियोका बारेमा अध्ययन तथा साहित्य एकदमै कम पाउने गरेका छन् । पुस्तक नै नभए पनि विभिन्न मिडियामा प्रकाशित भएका लेख रचना, रिपोर्टहरुलाई आधार मानिएको छ । यो अध्यनन कर्ता स्वयं पनि सोही डोके रेडियोसंग सम्बन्धित पात्र भएकाले अनुभव र अप्ठ्याराहरुको बारेमा जानकार रहेको छ ।

कुनै पनि अनुसन्धान गर्दा सो अनुसन्धानसँग सम्बन्धित विषय शीर्षकमा वा संस्थागत, व्यक्तिगत र स्वतन्त्र रुपमा अघि नै के कस्ता अध्यन-अनुसन्धान भएका छन्र के कति हुनबाँकी छन् र थप सूचनाहरु प्राप्त गर्न विभिन्न लेख र रचना, प्रतिवेदन, पत्रपत्रिका, पुस्तक, शब्द वा ज्ञान कोषहरु, प्रकाशित तथा अप्रकाशित शोधपत्र तथा अभिलेख र जर्नलहरु आदिको गहन अध्ययन गर्नुलाई  साहित्यको पुनरावलोकन भनिन्छ (वैद्य, २०७३) । प्रस्तुत अध्ययन गर्ने क्रममा निम्नानुसारका विषयवस्तुको साहित्यको रुपमा पुनरावलोकन गरिएको छ :

२०६० कार्तिक १ गते माओवादीले भन्ने गरेको रेडियो जनगणतन्त्र नेपालका सबै प्रसारण केन्द्रहरुबाट प्रसारित प्रचण्डको विशेष सन्देशको पूर्णपाठ यसरी प्रस्तुत गरिएको छ :

*आदरणीय जनसमुदायहरु, "हाम्रो देश नेपाली इतिहासको अत्यन्त महान् र चुनौतीपूर्ण मोडमा उभिएको छ । सामन्ती शोषण, अत्याचार र वैदेशिक साम्राज्यवादी लुट, हस्तक्षेपका विरुद्ध आफ्नो भाग्यको फैसला आफै गर्न विगत करिब ८ वर्षदेखि महान जनयुद्धका रुपमा अघिबढेको जनविद्रोह आज विजयको संघारमा आइपुगेको छ । आफ्नो वर्गीय, जातीय र लिङ्गीय मुक्तिका निमित्त त्याग, तपस्या, वीरता र बलिदानका अभूतपूर्व श्रृंखलाहरुद्वारा इतिहास आफ्नो हातमा लिने नेपाली जनताको पहलकदमीले नयाँ जनवादी नेपालको सजन्मलाई सुनिश्चित् गरिसकेको छ । महान् नेपाली जनताको ऐतिहासिक पहलकदमीबाट आफ्नो सर्वनाश देखिसकेका देशी र विदेशी शोषक-लुटेराहरु आज अन्तिम रुपले छटपटाइरहेका छन् । यही अन्तिम छटपटाइको अभिव्यक्ति नै अहिलेको शाही सैनिक आतङ्कवाद हो । नयाँ नेपालको जन्म सुनिश्चित भइसकेको आजको यो घडी आम जनताको निमित्त कठिन र अन्तिम प्रसवपीडाको घडी पनि हो । सर्वनाशको मुखमा पुगेका सामन्ती हत्याराहरुद्वारा अन्तिमरुपमा फैलाउन दुस्साहस भइरहेको जनहत्या, लुट, बलात्कार र आतङ्कको प्रतिरोधमा यो प्रसवपीडा इतिहासको अनिवार्य आवश्यकता हो । नयाँ नेपालको जन्मपछि आमजनताको यो प्रसवपीडा ऐतिहासिक गौरवका रुपमा युग-युगसम्म स्मरणीय रहनेछ । सन १९१७ को आजकै दिनमा महान् लेनिन र त्यहाँको कम्युनिष्ट पार्टीको नेतृत्वमा जारशाही र सबै प्रकारको शोषण अत्याचारमाथि रुसी जनताले विय हासिल गरेका थिए । यही महान् दिनको सम्मान र सम्झना गर्दै हाम्रो पार्टीले तमाम अप्ठ्यारासँग जुद्धै प्रतिक्रियावादी हत्याराहरुका*

*झुट्टा प्रचारको प्रतिरोध गर्न तथा जनताको सूचना संयन्त्रलाई नयाँ उचाइमा उठाउन एफ.एम. नै भए पनि औपचारिक रुपमा आजकै दिन रेडियो जनगणतन्त्र नेपालको उद्घाटन गर्ने निर्णय गरेको छ । म यस विशेष अवसरमा रेडियोसँग सम्बन्धित सम्पूर्ण कमरेडहरु तथा आमजनतामा यसको सफलताको हार्दिक शुभकमना व्यक्त गर्दछु । जनताको अन्तिम विजयको तयारीमा यो सञ्चारसंयन्त्रले महत्वपूर्ण भूमिका खेल्ने कुरामा म विश्वस्त छु । धन्यवाद !* (प्रचण्ड, २०६०) ।

जनयुद्धको मैदानबाट संचालित डोके रेडियोलाई आफ्नो सिद्धान्तसंग जोडेर तत्कालिन समयमा रेडियो जनगणतन्त्र नेपाल भनिएको थियो ।

'साम्राज्यवादीहरुले संसारभरिका न्यायपूर्ण आन्दोलनहरुलाई दवाउन विभिन्न प्रचार विभ्रम खडा गरिरहेका छन् । साम्राज्यवाद अन्याय पूर्ण युद्धाई प्रभावकारी पार्न न्यायपूर्ण युद्धलाई खत्तम पार्न र अरु जनताको नरसांर गनए जायज ठान्दछ र अन्नयायपूर्ण प्रचारको माध्यममले मनोयुद्ध चलाउछ ।' 'जसको हातमा संचार, उसको हातमा सत्ता भन्दै लुटको साम्राज्यलाई अक्षुण्ण राख्न सिर्जना गर्ने र नयाँ विचारको संवहन र प्रचार गर्ने आधारभूत उद्देश्य सहित जनरेडियोको स्थापना भएको हो' (भण्डारी, २०६२) ।

भण्डारीले जनयुद्धकालमा विद्रोही माओवादीले देशै भरी आफ्नो आनन्दोलनको प्रचार प्रसार गर्नका लागि देशै भरी पाँचवटा एफ एम रेडियो संचालन समेत गरेको कुरालाई यसरी उल्लेख गरेका छन् । उलने आफ्नो लेखमा युद्धमा जित हासिल गर्नका लागि द्वन्द्वरत पक्षले सञ्चार माध्यमको भरपुर रुपमा प्रयोग गर्ने कुरालाई उल्लेख गरेका छन् ।

नेपाल पत्रकार महासंघ (२०६३) का अनुसार राजनीतिबाट प्रेरित भूमिगत रूपमा सञ्चालनमा आएका रेडियो २ सय देखि ५ सय वाट क्षमताका छन् । 'मोबाइल स्टेशन' भएका कारण माओवादीले सञ्चालन गरेको रेडियो कहिले सुनिने र कहिले नसुनिने हुन्छ । डोके रेडियोको सबैभन्दा धेरै श्रोता को होला ? कसैले अनुमान नगरेको शाही नेपाली सेना र नेपाल प्रहरी नै डोके रेडियोका सबैभन्दा ठूला श्रोता भएको दावी नेपालगञ्जका पत्रकार रामेश्वर बोहराले उल्लेख गरेका छन् । उनका अनुसार, "सुर्खेतस्थित टेलिभिजनको टावर सुरक्षार्थ खटिएका सैनिकहरूले पहिलो पटक माओवादीको प्रसारण शुरू भएको विवरण बाहिर ल्याएका थिए । एक वर्षपछि आएर सो रेडियो सबैभन्दा धेरै सुन्ने सुरक्षाकर्मी नै भएका छन् ।" उनको रिपोर्टमा बर्दिया कारागारमा माओवादी एफएम सुन्न ऐन्टेनाहरू नै राखेको उल्लेख गरिएको छ (नेपाल पत्रकार महासंघ, २०६३) ।

भूमिगत पत्रकारिता गर्दाको आफ्नो अनुभवबारे माओवादी समर्थित पत्रकार ओम शर्माका अनुसार- हामी २५-३० जना थियौं । गाउँको एउटा फुसको घरमा प्रेस राख्यौं । गाँउमा कुर्सी-टेबुल पाउन गाह्रो हुन्थ्यो । काठमा किला गाडेर माथि काठकै लौरा तेर्स्याएर टेबुल बनायौं । कम्प्युटर प्रेस एक ठाउँमा राख्यौं । जेनेटरको आवाज टाढा नपुगोस् भनेर खाडल खन्यौं र त्यही राखेर चलाउन शुरू गऱ्यौं । सेनाले सर्च गरेको बेलामा सामान सुरक्षित गर्न सकियोस् भनेर कागज, मसी, मट्टीतेल, प्लेट, सोलार केही जनताका

घरमा र केही ओढारमा राख्ने गऱ्यौं । गाउँमा पत्रिका राखेको खवर शाही सत्ताको सदरमुकामसम्म पुग्यो र खतरा निम्तिन पुगेको कुरा उल्लेख गरिएको छ (शर्मा, २०६३) ।

माओवादी जनयद्धकालमा सङ्कटकालको कठिन परिधिभित्र बसेर पनि पाठकहरूलाई सूचना, जानकारी, शिक्षा दिने समाचार तथा लेखहरू लेख्ने आँट पत्रकारहरूले गरिरहेको देखियो । सङ्कटकालको अवधिमा नेपाली पत्रकारहरूले भोग्नुपरेको गिरफ्तारी, बेपत्ता पारिएको अवस्था, कुटपिट, समाचारको स्रोतसम्म पुग्न थुनछेक, धम्की अपहरण लगायतको वर्णन निकै कहाली लाग्दो रहेको कुरा उल्लेख गरिएको छ । २०६१ माघ १९ को शाही कदमलगत्तै टेलिफोन इन्टरनेट, रेडियो, टेलिभिजन, पत्रपत्रिका बन्द गरी देशलाई सूचना सञ्चार प्रसारणबाट टाढा राखियो (पौडेल, २०६६) ।

रुकुममा विगत एक वर्षदेखि माओवादीले एफएम रेडियो सञ्चालन गर्दै आएको छ । यो स्टेशन महत गाउँ विकास समितिमा छ र यसले हरेक दिन बिहान ७ बजेदेखि ८ बजेसम्म एक घण्टा प्रसारण गर्छ । माओवादी जिल्ला कमिटी सेलका सदस्य कमरेड विशालका अनुसार माओवादीका सबै बैठकमा सबै मानिस उपस्थित हुन नसक्ने, माओवादीले गरेका सबै भाषण, निर्देशन र आदेश रेडियोले प्रसारण गर्ने भएकाले यो निकै उपयोगी भएको छ । अहिले माओवादीले आयोजना गर्ने अधिकांश भेलाहरू स्थानीय एफएममा पनि प्रत्यक्ष प्रसारण हुने गरेको छ । यसबाहेक, एफएमले आफ्नो सशस्त्र बलका लागि 'क्रान्तिकारी' शैक्षिक र अन्य कार्यक्रमहरू पनि प्रसारण गर्दछ । स्टेसनको संकेतहरू पूरा दिनको पैदल दूरीमा प्राप्त गर्न सकिन्छ । स्टेशनमा स्थायी प्रसारण टावर छैन, सबै घटकहरू स्वदेशी छन् र माओवादी कार्यकर्ताहरू यसको उचित कार्यको लागि जिम्मेवार छन् (नेपाली टाईम्स्, २००१) ।

२०५२ साल फागुन २१ गतेबाट औपचारिक रुपमा सरकारका बिरुद्ध जनयुद्ध घोषणा गरेको माओवादीले जनयुद्धको बिषयमा सरकारले गर्ने झुटा प्रचार रोक्न माओवादीको तत्कालिन माओवादीका अध्यक्ष तथा सुप्रिम कमाण्डर प्रचण्डद्धारा रुकुमसहितका जनगणतन्त्र रेडियोका सबै प्रसारणहरु विशेष सन्देश मार्फत उद्घाटन गरेको कुरा उल्लेख गरिएको छ (खड्का, २०७८) ।

२०६० माघ महिनाको कुरा हो । माघको अन्तिम साता म तत्कालिन रेडियो जनगणतन्त्र नेपाल विशेष क्षेत्रीय प्रसारण केन्द्र ९५ थोप्लो १ मेगाहर्जबाट आवाज दिन शुरु गरेको थिएँ । ६ वर्षको छँदा ढाकाडाम-८ को रानागोठाले भन्ने ठाउँमा हिउँ कुल्वेको थिएँ । तर, २०६० सालमा भूमिगतकालीन एफ.एम.मा प्रवेश गरेपछि २ फिट अग्लो हिउँको थुप्रोमा बसेर पत्रकारिता शुरु गरियो भनेर अनुभव उल्लेख गरिएको छ (जनपाटी, २०७०) । माओवादी जनयुद्धका समयमा उनीहरुले आफ्ना कुरा बढी भन्दा बढी स्रोताहरुलाई सुनाउन र आफ्नो आन्दोलन प्रति प्रभावित पार्नका लागि अग्ला टाकुराहरुबाट रेडियोको प्रसारण गर्थे जुन उनीहरुलाई सुरक्षाको लागि पनि महत्वपूण रहेको देखिन्छ ।

माओवादी जनयुद्धको समयमा डोके रेडियो सञ्चालनको सन्दर्भमा अग्लो डाँडाको अग्लो रुखमा एन्टेना फिट गरिन्थ्यो । त्यो पनि हेलिकप्टर घुमिरहेको बेलामा माथिबाट नदेखियोस् भनेर प्रसारण हुने समयमा

एन्टेना माथि सार्ने र अरु बेला तल झार्ने गर्थ्यौं । सुरुङ खनेर जेनेरेटर सुरुङभित्र हालेर बाहिर आवाज नआउने गरी चलाउथ्यौं । स्टुडियो चाहीँ स्थानीय रुपमा उपलब्ध हुने सामग्रीहरुको प्रयोग गरेर एकस्टिक नै गरिएको हुन्थ्यो भनी उल्लेख गरिएको छ (रोका, २०७१) ।

पूर्वमा, काठमाण्डौं आसपासमा, राप्तीमा, भेरी-कर्णालीमा र सेती महाकालीमा गरी देशका पाँच ठाउँमा एफएम रेडियो चलाएका थियौं । २०६० भदौ २३ गतेबाट १०० बाटको रेडियो जनगणतन्त्र सुरु भएर त्यही वर्षको कात्तिकमा प्रचण्डद्वारा विधिवत् रुपमा उद्घाटन भएको थियो । ट्रान्समिटर काठमाण्डौं महानगरपालिकाका तत्कालिन मेयर केशव स्थापितले (उहाँ स्वयमले सार्वजनिक रुपमै भनिसक्नुभएकोले मैले नि नामै तोकेर भनें) झिकाइ दिनुभयो । सुरुमा रेडियो अपरेटिङ्ग तालिम दिइयो । भक्तपूरका दिवाकर श्रेष्ठले प्राविधिक तालिम दिनुभएको थियो । सुरुमा रेडियोमा बज्ने सामग्रीका विषयमा त खास केही प्रशिक्षण भएन । हामीले पहिले पत्रिकामा पनि काम गरिरहेकाले समाचार लेख्ने कुराहरुमा समस्या परेन भनी पत्रकारिता सन्दर्भमा उल्लेख गरेका छन् । सुरक्षा चुनौतीलाई हेर्दा एक पटक रोल्पाको फुन्टिवाङ्गमा पत्ता लगाएर सुरक्षा फौज आएको र बेलुकाको प्रसारण सकेर रेडियो बन्द गर्ने बेलामा पल्लो डाँडामा आर्मी आइपुगेको थाहा पाएपछि सबै सामान प्याक गरेर त्यही रात रुकुमतिर लागिएको अनुभव राखेको पाइन्छ । १५ वटा खच्चरमा सामान बोकाएर रोल्पाबाट रेडियो रुकुमको झिझिकाँडा भन्ने लेकमा सारिएको उल्लेख गरेका छन् । डोके रेडियोमा सुरक्षा, कार्यक्रम उत्पादन, ब्यवस्थापन सहितको टिम हुने गरेको थियो । रेडियो टीममा १५ जना, रेडियोलाई सुरक्षा दिन २५ जनाको सैन्य टुकुडी खटाइएको हुन्थ्यो । जसको काम रेडियो प्रसारण हुने समयमा अलर्ट पोजिसनमा सेन्ट्रि बस्ने हुन्थ्यो । त्यसभन्दा बाहेक जानकारी दिने, सहयोग गर्ने धेरै साथीहरु हुने गरेको त्यसको साथै स्थानीय बासिन्दाहरुले समेत पुरै सहयोग गरेको कुरा उल्लेख गरिएको छ (रोका, २०७१) ।

रोका अनुसार डोके रेडियो अग्लो डाँडाको अग्लो रुखमा एन्टेना बनाएर सञ्चालन गरिएको, त्यो पनि हेलिकप्टर घुमिरहेको बेलामा माथिबाट नदेखियोस् भनेर प्रसारण हुने समयमा एन्टेना माथि सार्ने र अरु बेला तल झार्ने गरेर सञ्चालन गर्ने, सुरुङ खनेर जेनेरेटर सुरुङभित्र हालेर बाहिर आवाज नआउने गरी चलाउने गरेको, स्टुडियो चाहीँ स्थानीय रुपमा उपलब्ध हुने सामग्रीहरुको प्रयोग गरेर एकस्टिक नै गरिएको हुन्थ्यो भनी उल्लेख गरेका छन् ।

सदियौंदेखि एकात्मक राज्य सत्ताले अपहेलित बनाई राखेको दुर्गम क्षेत्रका जनताको आवाज डोकोमा बोकेर रामलाल विश्वकर्मा, देवीराम देवकोटा, टकबहादुर सिह 'सुशील', कल्पना बिसुराल, आशा शर्मा, गणेश कञ्चन भारती र धर्मराज जिसीहरुका टोली पहिलो पटक प्रशारण केन्द्रमा पुगेको थियो । उक्त टोलीले वि.सं. २०६० साउन २३ बाट पहिलो प्रशारणको सुरुवात गरेको थियो । सुरुका दिनमा समाचारमुलक कार्यक्रम चलाए पनि विस्तारै जनसंगीत कार्यक्रम, पार्टीका गतिविधिहरुमा बढी केन्द्रत हुन थालियो । डोके रेडियो मार्फत फौजी कारवाहीका प्रत्यक्ष रिपोर्ट गरेको, आदिवासी जनजाति महिला, किसान, जनमुक्ति सेनासँग सम्बन्धित विषेश कार्यक्रमहरु सञ्चालन गरेको पाइयो । यस अविश्मरणीय

क्षणलाई सम्झिँदै “हामी कालिकोटको तिनचुलीमा कार्यक्रम चलाईरहेका थियौं । हामी भन्दा माथिबाट दुश्मनले हामीलाई आक्रमण गर्न ठिक्क पर्‍या रहेछ । हामी तुरुन्तै त्यहाँबाट हिड्यौं । एकछिन मात्रै ढिला भएको भए हामी कोही पनि नबाँच्ने रहेछौं । हामीले कालिकोट पिलीको घटनाको प्रत्यक्ष प्रसारण गर्‍यौं । युद्ध सम्वाददाता शंकरबहादर रोकायाले त्यसको प्रत्यक्ष प्रसारण गर्नु भएको थियो । त्यो युद्धको फौजी कमाण्डर जनार्दन शर्मा प्रभाकरसँग समेत प्रत्यक्ष सम्वाद गरेका थियौं ।” भनी देवीराम देवकोटाको भनाई उल्लेख गरिएको छ (खबरडबली, २०७२) ।

उनीहरु कयौं पटक दुश्मनको घेरा तोड्दै अघि बढिरहे । उनीहरुसँग सुरक्षाको लागि जनमुक्ति सेनाको टुकडी पनि सँगै थियो । जनताहरु रेडियो नेपाल सुन्थे भ्रमित हुन्थे अनि भ्रममुक्त हुन रेडियो जनगणतन्त्र सुन्थे । उनी त्यतिबेलाको अवस्था हेरी आजको समाज हेर्दा जनताले अपेक्षा गरेको फल प्राप्त गर्न नसकेको बताउँछन् । दर्ता प्रक्रियाका विवाद, समाचार प्रसारण गर्न पाउने वा नपाउने व्यवस्थामाथि विवाद चलिरहेको समयमा हिंसात्मक आन्दोलनमा उत्रिएको माओवादीले पनि भूमिगत रूपमा रेडियो शुरू गर्‍यो । जनयुद्ध सञ्चालन गरेको माओवादी पार्टीका अध्यक्ष प्रचण्डले २०६० कात्तिक २१ गते लेनिन दिवस तथा अक्टोबर क्रान्ति दिवसको अवसर पारेर विज्ञप्तिमार्फत माओवादी एफएमको औपचारिक घोषणा गरेका थिए । औपचारिक समुद्घाटन गर्दै तत्काललिन युद्धरत ने.क.पा. (माओवादी)का अध्यक्ष प्रचण्डले जनताको अन्तिम विजयको तयारीमा यो संयन्त्रले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । नेता लेनिन र रुसी कम्युनिष्ट पार्टीको नेतृत्वमा जारशाही र सबै प्रकारको शोषण अत्याचारविरुद्ध रुसी जनताले १९१७ मा विजय हासिल गरेको दिन डाके रेडियोको उद्घाटन भएको थियो भनी खबरडबली डोके रेडियो भेरी कर्णालीको टिमको बारेमा लेखिएको छ (खबरडबली, २०७६) ।

२०५८ साल मंसिर ११ गतेबाट राज्यले संकटकाल घोषणा गरे यता दर्जनौं पत्रकार मारिएका र बेपत्ता पारिएका थिए भने सयौं पत्रकारहरुले जेलनेल ब्येहोरेका थिए । ती मारिएका, बेपत्ता पारिएका र जेलनेल ब्योरेका पत्रकारिको गल्ती यत्ति थियो कि उनीहरु कालोलाई कालो र सेतोलाई सेतो भन्दथे भनी उल्लेख गरेका छन् (खड्का, २०७८) ।

जनयुद्धको बेला उनले तत्कालीन विद्रोही नेकपा माओवादीले सञ्चालन गरेको रेडियोमा काम गरेकी थिइन् । माओवादीले विद्रोहलाई पक्षपोषण गर्न सञ्चालनमा ल्याएको ‘डोको रेडियो’मा सविताले समाचार र कार्यक्रम मात्र प्रस्तुत गरिनन्, सरकारी सुरक्षा फौजबाट बच्न उनले रेडियोका उपकरण बोकेर पहाडका टाकुरा-चुलीको दूरी नापिन् । कैयौंपटक डोकोमा रेडियो सञ्चालन गर्न आवश्यक साधन बोकेर पनि उनी हिंडेकी छन् भनी डोके रेडियो पत्रकारिता गरेकी पत्रकारको बारेमा उल्लेख गरिएको छ । (अनलाईनखबर, २०७८) ।

युद्धको अवधिमा नेपालको शहरी क्षेत्रमा सिमित नेपाली पत्रकारिता गाउँ गाउँमा पुगेको देखिन्छ । सिंहदरबार वरपर रहेर शासकहरुको स्तुतीगानमै पत्रकारिता रुमल्लियो । त्यसलाई चिर्ने काम नेपालको एक ऐतिहासिक क्रान्तिको रुपमा नेकपा माओवादीको नेतृत्वमा भएको जनयुद्धले गर्‍यो । त्यो हामीले नै

शुरु गऱ्यौं योजना, जनादेश, जनआव्हान, महिमा, पृष्ठभूमी लगायन पत्रिका मार्फत सशस्क ढंगबाट जनपक्षीय पत्रिकारिता भयो भनेर शर्माले उल्लेख छन् । मुलतः माओवादीले विद्रोह शुरु गरिसकेपछि वर्गसंगर्ष गाउँमा भयो । गाउँमा भएका संघर्षका आयामहरुलाई शहरका संञ्चार माध्यमहरुले स्थान दिन थाले । त्यसले नेपाली पत्रकारितामा नयाँ आयाम ल्यायो । गाउँमा भएको वर्गसंघर्षको कुरा मिडियाबाट बाहिर ल्याउन थालिएपछि गाउँ शहर र दुनियाँ ब्यूझियो, आफूलाई मुलधार भन्नेहरु पनि जनता माझ जानुपर्ने बाध्यता बन्यो शर्माले थप अघि भनेका छन् (शर्मा, २०७८) ।

स्वतन्त्र नेपाल रेडियोको स्थापनाको सन्दर्भलाई हेर्दा भोजपुरबाट 'स्वतन्त्र नेपाल रेडियो' उद्घोषणको शुभारम्भ भएको थियो । बिहान-साँझ दुई पटक क्रान्तिकारी समाचार प्रसारण गर्ने गरेकोमा एक दिन अचानक समाचारमा जयन्दबहादुर थपलियाले धनकुटा आक्रमण गर्ने समय र स्थान नै समाचारमा पढिदिएपछि राणापक्षीय सैनिकले पाखीबासमा सात जना भोजपुरे योद्धालाई हत्या गरिदिए । यसपछि सो ट्रान्समिटरलाई रातारात विराटनगरस्थित रघुपति जुटमिलमा लगिएको थियो (उलक, २०७९) । यसरी रेडियोलाई युद्धमा प्रयोग गरेको पाइन्छ । युद्धरत पक्षले आफ्नो प्रोपोगाण्डाका लागि रेडियोको भरपुर प्रयोग गर्दै आएको देखिन्छ ।

विश्वमा रेडियोको इतिहास हेर्दा सन् १९१० तिर रेडियोलाई पानीजहाजमा सूचना दिने काममा प्रयोग गरिएको पाइन्छ । यस्तै दोस्रो विश्वयुद्धमा रेडियोको प्रयोग प्रचुर मात्रामा भएको थियो (केसी, २०८०) ।

नेपाली राजनैतिक परिवृत्त र आन्दोलनका श्रृखलाहरुमा पनि नेपाली रेडियोको भूमिका अतुलनीय छ । ७ सालको क्रान्तिमा रेडियो नेपालको भूमिका, ४६ साल, जनयुद्धका डोके रेडियोहरू मार्फत पढिने छापामारका पत्रहरू देखि एफएम र गीतका फर्माइस, अनि आज आएर गरिने पोडकास्टहरु सम्म रेडियोका विभिन्न स्वरूप नै हुन् (हाम्रो पात्रो, २०८०) ।

यसरी तुलनात्मक अध्ययन गरी हेर्दा राज्यपक्षका सञ्चारमाध्यमले द्वन्द्वका सुचना सही ढंगले नदिएको भन्दै विद्रोही माओवादीले आफ्ना कुरा आम जनतामा माझ राख्न, प्रचारप्रसार गर्न र संगठन बिस्तार गर्नका लागि युद्धको बिचमा नै रेडियोको स्थापना गरी आफ्नो आन्दोलनलाई सहयोग पुर्‍याउने हेतुले प्रचारप्रसार गर्न डोके रेडियोको स्थापना गरेको देखिन्छ । तत्कालीन नेकपा माओवादीले युद्धको मैदानमा नै स्थापना गरेको डोके रेडियोको बारेमा विभिन्न लेखक, पचकारहरुले आ-आफ्नो तरिकाले चर्चा परिचर्चा गरेको पाइन्छ । यस सम्बन्धमा खोज अनुसन्धान भने नगरिएकोले प्रस्तुत अध्ययनमा डोके रेडियोको भूमिका सम्बन्धमा अध्ययन गरिएको छ ।

## २.३ शोध अन्तराल


विभिन्न कृतिको समीक्षा गर्दा माओवादी जनयुद्ध र पत्रकारिता विषयमा केही अध्ययन भएको पाइयो तर जनयुद्धका बेला माओवादी विचारलाई देशभर फैलाएर माओवादीप्रति जनताको समर्थन जुटाउन

महत्वपूर्ण भूमिका खेलेको डोके रेडियोको प्रभावका बारेमा अध्ययन अनुसन्धान भएको पाइएन । तसर्थ निश्चित कालखण्डमा विद्रोही समूहलाई उनहिरुको विचार, लक्ष्य र उद्देश्यमा सघाउन महत्वपूर्ण भूमिका खेलेको डोके रेडियोको अध्ययन गर्न आवश्यक देखी मैले यसै विषयमा अध्ययन गर्ने प्रयास गरेको छु ।

## २.४ अध्ययनको अवधारणात्मक ढाँचा

यस अध्ययनका कार्यलाई पूरा गर्नका लागि निम्नानुसारको अवधारणात्मक ढाँचालाई आधार मानि अगाडि बढाइएको छ :

**अवधारणात्मक ढाँचा**



# परिच्छेद तीन

# अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अध्ययनको यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुना छनोट, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलन प्रक्रिया, अध्ययनकर्ताको नैतिकता, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण शीर्षकमा आधारित रही अध्ययनलाई पूर्णता दिने प्रयास  गरिएको छ । यस अध्ययनका विधि र प्रकृया निम्न लिखित रहेका छन् :

## ३.१ अध्ययन विधि

यस अध्ययनमा ऐतिहासिक अध्ययन विधिको प्रयाग गरिएको छ । क्रान्तिकारी सिद्धान्तको जगमा स्थापित ने.क.पा. माओवादीले जनताका अधिकार प्राप्तिका लागि सशस्त्र युद्धको बाटो रोजेपछि त्यो युद्धलाई सघाउन देशैभरी सञ्चालन गरिएको डोके रेडियोले जनयुद्धमा खेलेको भूमिकाबारे अध्ययन गरिएको छ ।

यस अध्ययनमा मिश्रित (गुणात्मक/मात्रात्मक) विधिको प्रयोग गरिएको छ । अन्तर्वार्ता, प्रश्नावली र स्थलगत अवलोकन प्रविधिमार्फत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि डोके रेडियो सुनेका २५ जना स्रोतासँग प्रश्नावली विधि र रेडियोमा का गरेका ३ जना पत्रकार र तत्कालिन सुरक्षा फौजमा खटिएता पनि डोके रेडियोको स्रोताको रुपमा रहेका ३ जना सुरक्षाकर्मीहरुसँग अन्तर्वार्ता विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । शोधका क्रममा २ जना डोके रेडियो सञ्चालक र १ जना स्रोतासँग वैयक्तिक अध्ययन गरिएको छ । वैयक्तिक अध्ययन गरिएका उत्तरदाताहरुको वास्तविक नाम नराखी परिवर्तित नामलाई उल्लेख गरिएको छ । यी सबै उत्तरदाताहरुलाई उद्देश्यपूर्ण नमूना छनोट विधि अन्तर्गत चयन गरिएको छ ।

यससँगै अध्ययन क्षेत्र भित्रका पत्रकार, कानून व्यवसायी, मानवअधिकारकर्मी र सरोकारवालाका लेख, रचना तथा पत्रपत्रिकामा उल्लेख गरिएका डोके रेडियोसम्बद्ध जानकारीलाई पनि स्रोत मानेर द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.२ नमुना छनौट

**उद्देश्यमुलक नमुना छनौट** गर्दा निम्न तरिकाले गरिएको छ ।

प्रश्नावली भर्नका लागि तत्कालिन डोके रेडियो सुन्ने २५ जना स्रोतहरुलाई छनौट गरिएको छ । प्रश्नावली भर्ने काम गरिएको छ । जो ३५ बर्ष देखी माथिका उमेर समुहका छन् । जसमा २५ वटा प्रश्नहरु समावेश छन् ।

**अर्न्तवार्तात्मक नमुना छनौट** गर्दा तत्कालीन समयमा डोके रेडियोमा जिम्मेवारी सम्हालेका ३ जना पत्रकार र ३ जना तत्कालीन समयमा डोके रेडियो सुनेका सुरक्षा फौजका सदस्य समावेश छन् ।

## ३.३ तथ्याङ्कको प्रस्तुतीकरण

तथ्याङ्क सङ्कलनका क्रममा भराइएका प्रश्नावली तथ्याङ्क, प्रशोधन र विश्लेषणका क्रममा सर्वप्रथम निरीक्षण गरी अध्ययनका प्रमुख उद्देश्यसँग मेल खाने गरी वर्गीकरण गरी छुट्याइएको छ । सङ्ख्यात्मक रूपमा प्राप्त तथ्याङ्कहरू विभिन्न शीर्षकमा वर्गीकरण गरी तालिका र चित्रको सहायताले सङ्ख्या र प्रतिशतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । साथै गुणात्मक रूपमा प्राप्त तथ्याङ्क एकत्रित गरी व्याख्या र विश्लेषण गरिएको छ । अनि दुवै खाले तथ्याङ्कलाई समायोजन गरी पुनः समालोचनात्मक विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

दश वर्षे माओबादी जनयुद्धको समाचार सङ्कलनमा प्रत्यक्ष संलग्न डोके रेडियोसँग सम्बन्धित पत्रकारहरू र डोके रेडियोका स्रोताहरुलाई नै मुख्य रूपमा नमुना छनोट गरिएको छ । नमुनाको रूपमा छनोट गरिएका व्यक्तिहरूले दिएका मतबाट समग्र भावनाको प्रतिनिधित्व गर्न सकिन्छ भन्ने ठानिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा दश वर्षे माओबादी जनयुद्धको समयमा सञ्चालनमा रहेको डोके रेडियोको भूमिका सम्बन्धमा गरिएको छ । यसको साथै माओबादी सशत्रयुद्धमा डोके रेडियोको चुनौती, यसको प्रभाव र प्रयोग बारे समेत अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य पुरा गर्नका लागि गुणात्मक विधि अन्तर्गत ६ जनासँग साक्षात्कार गरिएको छ भने २५ जना उत्तरदाताहरुसँग प्रश्नावलीको माध्यमबाट सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन गरिएको छ । यसबाट प्राप्त विवरणलाई निम्नानुसार विभिन्न शीर्षक उपशीर्षकमा राखी प्रस्तुत गरिएको छ :

### ४.१ सङ्ख्यात्मक विधिबाट तथ्याङ्क विश्लेषण

#### ४.१.१ लिङ्गगत र उमेरगत संरचना

तालिका नं. १

उत्तरदाताको लिङ्गगत र उमेरगत विवरण

| क्र.सं. | लिङ्ग/उमेर | महिला | | पुरुष | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | ३५-४० वर्ष | ३ | १२% | १२ | ४८% |
| २ | ४१-४५ वर्ष | ३ | १२% | ४ | १६% |
| ३ | ४६-५० वर्ष | - | - | २ | ८% |
| ४ | ५१ भन्दा माथि | - | - | १ | ४% |
| जम्मा | | ६ | २४% | १९ | ७६% |

स्रोत : स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिका नं. १ अनुसार अध्ययन क्षेत्रका छनोटमा परेका जम्मा २६ जना उत्तरदाताहरुमध्ये लिङ्गगत रुपमा हेर्दा महिला ९ जना (२४%) रहेका छन् भने पुरुष १९ जना (७६%) रहेका छन् । यसलाई उमेरगत रुपमा विश्लेषण गर्दा बराबर ४/४ जना (१२/१२%) महिला ३५-४० उमेर समुह र ४१-४५ वर्ष उमेर समुहका रहेको पाइयो भने पुरुषतर्फ १२ जना (४८%) ३५-४० वर्ष उमेर समुह, ४ जना (१६%) ४१-४५ वर्ष उमेर समुह, २ जना (८%) ४६-५० वर्ष उमेर समुह र १ जना (४%) ५१ वर्षभन्दा माथिको रहेको पाइयो । यसरी हेर्दा अध्ययन क्षेत्रमा महिलाको भन्दा पुरुष उत्तरदाताहरु बढी र ३५-४५ वर्ष सम्मका बढी उत्तरदाताहरु रहेको पाइन्छ ।

### ४.१.२ शैक्षिक अवस्था

तालिका नं. २

शैक्षिक अवस्था


| क्र.सं. | शैक्षिक योग्यता | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ५ | २०% |
| २ | आधारभूत | ९ | ३६% |
| ३ | माध्यमिक | ७ | २८% |
| ४ | उच्च शिक्षा | ४ | १६% |
| जम्मा | | २५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १

शैक्षिक अवस्था




माथिको तालिका र चित्रलाई अध्ययन गर्दा अध्ययन क्षेत्रका जम्मा २५ जना उत्तरदाताहरु मध्ये सबैभन्दा बढी आधारभूत तहसम्म अध्ययन गरेका ९ जना (३६%) रहेको पाइयो भने सबैभन्दा कम उच्च शिक्षासम्म हासिल गरेका ४ जना (१६%) रहेको पाइयो । त्यसैगरी साक्षर ५ जना (२०%) र माध्यमिक तहसम्म अध्ययन गरेका ७ जना (२८%) उत्तरदाताहरु रहेको पाइयो । यसबाट अध्ययन क्षेत्रमा आधारभूत तहसम्म अध्ययन गरेको उत्तरदाताहरु बढी रेडियो सुन्ने गरेको पाइन्छ ।

### ४.१.३ वैवाहिक स्थिति

तालिका नं. ३

वैवाहिक विवरण


| क्र.सं. | वैवाहिक अवस्था | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | २४ | ९६% |
| २ | एकल | १ | ४% |
| जम्मा | | २५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. २

वैवाहिक विवरण




माथिको तालिका र चित्र अनुसार उत्तरदाताहरुको वैवाहिक स्थितिको अध्ययन गर्दा २४ जना (९६%) उत्तरदाताहरु विवाहित रहेको पाइयो भने १ जना (४%) उत्तरदाता एकल रहेको पाइयो । यसबाट अध्ययनमा समेटिएका उत्तरदाताहरु बढी (९६%) विवाहित रहेको पाइन्छ ।

### ४.१.४ द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियो

: तालिका नं. ४

द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियो


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी रेडियो | ४ | १६% |
| २ | डोके रेडियो | ६ | २४% |
| ३ | क र ख दुवै | १५ | ६०% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ३

द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडिया




माथिको तालिका र चित्र अनुसार द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियो सम्बन्धमा विश्लेषण गर्दा जम्मा २५ जना उत्तरदाताहरुमध्ये सरकारी रेडियो सुन्न मन पराउने ४ (१६%) रहेको पाइयो भने डोके रेडियो सुन्न मन पराउने ६ जना (२४%) र सरकारी र डोके दुवै रेडियो सुन्न मन पराउने १५ जना ( ६०%) प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । माथिको तथ्याङ्क अनुसार २५ जना उत्तरदाताहरुमध्ये दुवै रेडियो सुन्ने र डोके रेडियो सुन्नेको सङ्ख्या बढी रहेको पाइयो ।

## ४.१.५ डोके रेडियो सुन्दाको अनुभव

तालिका नं. ५

डोके रेडियो सुन्दाको अनुभव

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १५ | ६०% |
| २ | ठिकै | ३ | १२% |
| ३ | नराम्रो | १ | ४% |
| ४ | मतलब गरिन | ६ | २४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुन्दाको अनुभवलाई विश्लेषण गर्दा डोके रेडियो राम्रो लाग्थ्यो भन्ने १५ जना (६०%) रहेको पाइयो भने ठिकै लाग्थ्यो भन्ने ३ जना (१२%) रहेको पाइयो । त्यसैगरी

नराम्रो लाग्थ्यो भन्ने १ जना (४%) र मतलब गरिन भन्ने ६ जना (२४%) रहेको पाइयो । यसरी हेर्दा डोके रेडियो सुन्न मन पराउनेको सङ्ख्या बढी (१५ जना) रहेको पाइन्छ ।

### ४.१.६ द्वन्द्वका समाचारमा पाइने सत्यता

तालिका नं. ६

द्वन्द्वका समाचारमा पाइने सत्यता


| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी रेडियोको | १ | ४% |
| २ | डोके रेडियो | ११ | ४४% |
| ३ | दुईटैको लाग्दैन्थ्यो | १३ | ५२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ४

द्वन्द्वका समाचारमा पाइने सत्यता




माथिको तालिका र चित्र अनुसार २५ जना उत्तरदाताहरुबाट प्राप्त द्वन्द्वका समाचारमा पाइने सत्यता सम्बन्धी तथ्यांकको विश्लेषण गर्दा सरकारी रेडियोको समाचारमा सत्यता लाग्थ्यो भन्ने १ जना (४%) रहेको पाइयो भने डोके रेडियोको समाचारमा सत्यता लाग्थ्यो भन्ने ११ जना (४४%) र सरकारी र डोके रेडियो दुवैको समाचारमा सत्यता लाग्दनथ्यो भन्ने १३ जना (५२%) रहेको पाइयो । यसरी बढी सत्यता दुवैमा नलागेको सङ्ख्या बढी (५२%) रहेको पाइन्छ ।

### ४.१.७ डोके रेडियोको सुन्ने अवस्था

तालिका नं. ७

डोके रेडियोको सुन्ने अवस्था

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ६ | २४% |
| २ | ठीकै | ६ | २४% |
| ३ | एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो | १३ | ५२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकाको विश्लेषण अनुसार डोके रेडियोको सुन्ने अवस्थालाई हेर्दा २५ जना उत्तरदाताहरुमध्ये डोके रेडियो राम्रो र ठीकै सुनिन्थ्यो भन्ने ६/६ जना (२४/२४%) रहेको पाइयो भने डोके रेडियो एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो भन्ने १३ जना (५२%) रहेको पाइयो । यसरी अध्ययन क्षेत्रमा डोके रेडियो एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो भन्ने बढी (५२%) रहेको पाइन्छ ।

### ४.१.८ डोके रेडियो सुनाइने समय

तालिका नं. ८

डोके रेडियो सुनाइने समय


| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बिहान | १ | ४% |
| २ | साँझ | ३ | १२% |
| ३ | क र ख दुबै समयमा | २१ | ८४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ५

डोके रेडियो सुनाइने समय




माथिको तालिका र चित्र अनुसार डोके रेडियो सुनाइने समयको विश्लेषण गर्दा जम्मा २५ जना उत्तरदाताहरुमध्ये बिहानको समयमा सुनिन्थ्यो भन्ने १ जना (४%), साँझ सुनिन्थ्यो भन्ने ३ जना (१२%) र साँझ र बिहान दुवै समयमा सुनिन्थ्यो भन्ने २१ जना (८४%) रहेको पाइयो । यसबाट प्रष्ट हुन्छ भने डोके रेडियो साँझ र बिहान दुवै समयमा सुनिन्थ्यो भन्ने बढी (८४%) रहेको पाइन्छ ।

## ४.१.९ डोके रेडियो सुन्दा हुने अनुभुती

तालिका नं. ९

डोके रेडियो सुन्दा हुने अनुभुती

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ६ | २४% |
| २ | ठीकै | ९ | ३६% |
| ३ | नराम्रो | ३ | १२% |
| ४ | केही हुदैन्थ्यो | ७ | २८% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुन्दा हुने अनुभुतीलाई विश्लेषण गर्दा जम्मा २५ जना उत्तरदाताहरुमध्ये डोके रेडियो सुन्दा राम्रो अनुभुती हुन्थ्यो भन्ने ६ जना (२४%) रहेको पाइयो भने डोके

रेडियो सुन्दा ठीकै अनुभुती हुन्थ्यो भन्ने ९ जना (३६%), नराम्रो अनुभूति हुन्थ्यो भन्ने ३ जना (१२%) र केही हुदैन्थ्यो भन्ने ७ जना (२८%) रहेको पाइयो । यसबाट डोके रेडियो सुन्दा ठिकै अनुभूति गर्ने बढी (३६%) रहेको प्रष्ट हुन्छ ।

### ४.१.१० डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु

तालिका नं. १०

डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समाचार | १३ | ५२% |
| २ | गीत संगीत | ३ | १२% |
| ३ | दुबै | ९ | ३६% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ६

डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तु




माथिको तालिका अनुसार डोके रेडियोमा सुन्न मन पराएको विषयवस्तुलाई विश्लेषण गर्दा २५ जना उत्तरदाताहरुमध्ये समाचार सुन्न मन पराएको १३ जना (५२%), गीत संगीत सुन्न ३ जना (१२%) र समाचार र गीत संगीत दुवै सुन्न ९ जना (३६%) मन पराएको पाइयो । माथिको तथ्यांकबाट समाचार सुन्न मन पराएको बढी (५२%) रहेको पाइन्छ ।

### ४.१.११ डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन

तालिका नं. ११

डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकरात्मक | १२ | ४८% |
| २ | नकरात्मक | ३ | १२% |
| ३ | खासै केही भएन | ९ | ३६% |
| ४ | थाहा भएन | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ७

डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन




माथिको तालिका अनुसार डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा आएको परिवर्तन सम्बन्धमा विश्लेषण गर्दा डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा सकरात्मक परिवर्तन भएको भन्ने १२ जना (४८%) रहेको पाइयो । त्यसैगरी नकरात्मक परिवर्तन भएको भन्ने ३ जना (१२%), खासै केही परिवर्तन भएन भन्ने ९ जना (३६%) र थाहा भएन भन्ने १ जना (४%) रहेको पाइयो । यसरी डोके रेडियो सुनेर सकारात्मक परिवर्तन भएको बढी (४८%) पाइन्छ ।

### ४.१.१२ डोके रेडियोमा प्रसारण हुने सामग्री

तालिका नं. १२

डोके रेडियोमा प्रसारण हुने सामग्री


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मनोरञ्जनात्मक | ३ | १२% |
| २ | समाचारमुलक | ९ | ३६% |
| ३ | चेतना मुलक | १ | ४% |
| ४ | थाहा भएन | १२ | ४८% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ८

डोके रेडियोमा प्रसारण हुने सामग्री




माथिको तालिका र चित्र अनुसार डोके रेडियोमा प्रसारण हुने सामग्रीको विश्लेषण गर्दा डोके रेडियोमा प्रसारण हुने सामग्री मनोरञ्जनात्मक भएको भन्ने ३ जना (१२%) रहेको पाइयो । त्यसैगरी डोके रेडियोमा प्रसारण हुने सामग्री समाचारमूलक भएको भन्ने ९ जना (३६%), चेतनामूलक भएको भन्ने १ जना (४%) र थाहा भएन भन्ने १२ जना (४८%) रहेको पाइयो । अध्ययन क्षेत्रमा डोके रेडियोमा प्रसारण हुने सामग्री बढी (४८%) थाहा भएन भन्ने रहेको पाइन्छ ।

### ४.१.१३ डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यताको सूचना

तालिका नं. १३

डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यताको सूचना

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुन्थ्यो | १५ | ६०% |
| २ | हुन्थेन | ३ | १२% |
| ३ | माओवादीको पक्षमा मात्र हुन्थ्यो | ४ | १६% |
| ४ | थाहा भएन | ३ | १२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यताको सूचना सम्बन्धमा विश्लेषण गर्दा सत्य तथ्य सुचना हुन्थ्यो भन्ने १५ जना (६०%) रहेको पाइयो । त्यसैगरी हुन्थेन भन्ने ३ जना (१२%), माओवादीको पक्षमा मात्र हुन्थ्यो भन्ने ४ जना (१६%) र थाहा भएन भन्ने ३ जना (१२%) रहेको पाइयो । डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यता हुन्थ्यो भन्ने सङ्ख्या बढी (६०%) रहेको पाइन्छ ।

### ४.१.१४ माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था

तालिका नं. १४

माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुन्थ्यो | ९ | ३६% |
| २ | हुन्थेन | ० | ०% |
| ३ | अलिअलि हुन्थ्यो | १ | ४% |
| ४ | सम्भावना नै थिएन | १३ | ५२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ९

माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्था




माथिको तालिका र चित्र अनुसार माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारणको अवस्थाको विश्लेषण गर्दा माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण हुन्थ्यो भन्ने ९ जना (३६%) रहेको, माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण अलिअलि हुन्थ्यो भन्ने १ जना (४%) र सम्भावना नै थिएन भन्ने १३ जना (५२%) भएको पाइयो । यसबाट माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण हुने सम्भावना नै थिएन भन्ने बढी सङ्ख्या (५२%) रहेको पाइन्छ ।

### ४.१.१५ सरकारी रेडियो र डोके रेडियोमा प्रसारण भएका सुचना वा समाचार सही

तालिका नं. १५

सरकारी रेडियो र डोके रेडियोमा प्रसारण भएका सुचना वा समाचारको सही हुने अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डोके रेडियोको | ९ | ३६% |
| २ | सरकारी रेडियोको | १ | ४% |
| ३ | दुवै उस्तै थिए | ९ | ३६% |
| ४ | थाहा भएन | ६ | २४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार सरकारी रेडियो र डोके रेडियोमा प्रसारण भएका सुचना वा समाचारको विश्लेषण गर्दा डोके रेडियोमा प्रसारण भएका सुचना वा समाचार सही हुन्थ्यो भन्ने ९ जना (३६%), सरकारी रेडियोमा प्रसारण भएका सुचना वा समाचार सही हुन्थ्यो भन्ने १ जना (४%), दुवै उस्तै थिए

भन्ने ९ जना (३६%) र थाहा भएन भन्ने ६ जना (२४%) रहेको पाइयो । यसरी डोके रेडियो र दुबै उस्तै थिए भन्ने बराबर सङ्ख्या (९/९ जना) रहेको पाइन्छ ।

### ४.१.१६ डोके रेडियो सुन्दा हुने अनुभव

तालिका नं. १६

डोके रेडियो सुन्दा हुने अनुभव


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अचम्म | ३ | १२% |
| २ | खुसी | ६ | २४% |
| ३ | केही लागेन | १५ | ६०% |
| ४ | दु:ख | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १०

डोके रेडियो सुन्दा हुने अनुभव




माथिको तालिका र चित्रलाई डोके रेडियो सुन्दा हुने अनुभवको आधारमा विश्लेषण गर्दा डोके रेडियो सुन्दा अचम्म लाग्थ्यो भन्ने ३ जना (१२%) रहेको पाइयो भने खुसी लाग्थ्यो भन्ने ६ जना (२४%), केही लागेन भन्ने १५ जना (६०%) र दुख लाग्थ्यो भन्ने १ जना (४%) रहेको पाइयो । यसबाट डोके रेडियो सुन्दा पनि केही लागेन भन्ने बढी (६०%) रहेको पाइन्छ ।

### ४.१.१७ डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था

तालिका नं. १७

डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था


| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | देखेको थिए | ९ | ३६% |
| २ | देखेको थिएन | ६ | २४% |
| ३ | थाहा भएन | ९ | ३६% |
| ४ | सुनेको मात्र थिए | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. ११

डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्था




माथिको तालिका र चित्र अनुसार डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको अवस्थालाई विश्लेषण गर्दा डोके रेडियो सुनेकै कारण माओवादीमा गएको देखेको थिए भन्ने ९ जना (३६%), देखेको थिएन भन्ने ६ जना (२४%), थाहा भएन भन्ने ९ जना (३६%) र सुनेको मात्र थिए भन्ने १ जना (४%) रहेको पाइयो । यसबाट डोके रेडियो सुनेकै कारण माओवादीमा गएको भन्ने र थाहा भएन भन्ने बराबर (३६/३६%) रहेको पाइन्छ ।

### ४.१.१८ डोके रेडियो सुन्नुको कारण

तालिका नं. १८

डोके रेडियो सुन्नुको कारण


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुचना तथा समाचारका लागि | १८ | ७२% |
| २ | मनोरञ्जनका लागि | ४ | १६% |
| ३ | त्यतिकै | ३ | १२% |
|  | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १२

डोके रेडियो सुन्नुको कारण




माथिको तालिका र चित्र अनुसार डोके रेडियो सुन्नुको कारणको विश्लेषण गर्दा डोके रेडियो सुचना तथा समाचारका लागि भन्ने १८ जना (७२%), मनोरञ्जनका लागि भन्ने ४ जना (१६%) र त्यतिकै सुन्ने गरेको भन्ने ३ जना (१२%) रहेको पाइयो । यसबाट सुचना तथा समाचारका लागि डोके रेडियो सुन्ने गरेको बढी (७२%) रहेको प्रष्ट हुन्छ ।

### ४.१.१९ डोके रेडियो सुनेर भएको माओवादी प्रति धारणा

तालिका नं. १९

डोके रेडियो सुनेर भएको माओवादी प्रति धारणा

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | १५ | ६०% |
| २ | नकरात्मक | ३ | १२% |
| ३ | केही भएन | ६ | २४% |
| ४ | थाहा भएन | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुनेर भएको माओवादी प्रति धारणालाई विश्लेषण गर्दा डोके रेडियो सुनेर सकारात्मक भए भन्ने १५ जना (६०%) रहेको पाइयो भने डोके रेडियो सुनेर नकारात्मक भए भन्ने ३ जना (१२%), केही भएन भन्ने ६ जना (२४%) र थाहा भएन भन्ने १ जना (४%) रहेको पाइयो । यसरी डोके रेडियो सुनेर माओवादीप्रति सकारात्मक हुने बढी (६०%) रहेको पाइन्छ ।

### ४.१.२० डोके रेडियो सुन्दा भएका समस्या

तालिका नं. २०

डोके रेडियो सुन्दा भएका समस्या


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थिए | ९ | ३६% |
| २ | थिएनन् | १२ | ४८% |
| ३ | बताउन चाहन्न | ३ | १२% |
| ४ | थाहा भएन | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १३

डोके रेडियो सुन्दा भएका समस्या




माथिको तालिका र चित्र अनुसार डोके रेडियो सुन्दा भएका समस्याको विश्लेषण गर्दा समस्या थिए भन्ने ९ जना (३६%) रहेको पाइयो । डोके रेडियो सुन्दा समस्या थिएन भन्ने १२ जना (४८%), बताउन चाहन्न भन्ने ३ जना (१२%) र थाहा भएन भन्ने १ जना (४%) रहेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने डोके रेडियो सुन्दा समस्या थिएन भन्ने सङ्ख्या (१२ जना) बढी रहेको देखिन्छ ।

## ४.१.२१ डोके रेडियो सुनिने अवस्था

तालिका नं. २१

डोके रेडियो सुनिने अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुनिन्थ्यो | ६ | २४% |
| २ | एकैनासले सुनिएन | १६ | ६४% |
| ३ | थाहा भएन | ३ | १२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुनिने अवस्थाको विश्लेषण गर्दा सधै एकै किसीमले सुनिन्थ्यो भन्ने ६ जना (२४%) रहेको, एकैनासले सुनिएन भन्ने बढी १६ जना (६४%) र थाहा भएन भन्ने ३ जना (१२%) रहेको पाइयो । यसबाट डोके रेडियो एकैनासले सुनिएन भन्ने बढी (६४%) रहेको देखिन्छ ।

### ४.१.२२ डोके रेडियोका कारण माओवादीप्रति भएको आकर्षण

तालिका नं. २२

डोके रेडियोका कारण माओवादीप्रति भएको आकर्षण


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भए | १२ | ४८% |
| २ | भएन | १३ | ५२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १४

डोके रेडियोका कारण माओवादीप्रति भएको आकर्षण




माथिको तालिका र चित्र अनुसार डोके रेडियोका कारण माओवादीप्रति भएको आकर्षणलाई विश्लेषण गर्दा डोके रेडियोले माओवादीप्रति आकर्षित भएका १२ जना (४८%) र नभएका १३ जना (५२%) रहेको पाइयो । यसबाट डोके रेडियोका कारण माओवादीप्रति आकर्षण नहुने बढी (५२%) रहेको पाइन्छ ।

### ४.१.२३ डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार बीच समानता

तालिका नं. २३

डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार बीच समानता

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मिल्थ्यो | ० | ०% |
| २ | मिल्दैनथ्यो | १८ | ७२% |
| ३ | सम्भव नै थिएन | १ | ४% |
| ४ | थाहा भएन | ६ | २४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार बीच समानता सम्बन्धमा विश्लेषण गर्दा डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार मिल्थ्यो भन्नेमा कोही पाइएन भने मिल्दैनथ्यो भन्ने १८ जना (७२%) रहेको पाइयो । त्यसैगरी सम्भव नै थिएन भन्ने १ जना (४%) र थाहा भएन भन्ने ६ जना ( २४%) रहेको पाइयो । यसरी डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार मिल्दैनथ्यो भन्ने बढी (७२%) रहेको पाइन्छ ।

## ४.१.२४ डोके रेडियो सुन्ने अवस्था

तालिका नं. २४

डोके रेडियो सुन्ने अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकान्तमा | ३ | १२% |
| २ | समुहमा | ० | ०% |
| ३ | जसरी पायक पर्‍यो त्यसरी | २१ | ८४% |
| ४ | भन्नै चाहन्न | १ | ४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुन्ने अवस्थाको विश्लेषण गर्दा डोके रेडियो एकान्तमा सुन्थेमा ३ जना (१२%) उत्तरदाताहरु रहेको पाइयो भने जसरी पायक पर्‍यो त्यसरीमा २१ जना (८४%) र भन्नै चाहन्नमा १ जना (४%) उत्तरदाताहरु रहेको पाइयो । यसबाट के देखिन्छ भने जसरी पायक पर्‍यो त्यसरी नै सुने भन्ने सङ्ख्या बढी (८४%) रहेको छ ।

## ४.१.२५ डोके रेडियो सुन्दा लाग्ने डर

तालिका नं. २५

डोके रेडियो सुन्दा लाग्ने डर


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लाथ्यो | ३ | १२% |
| २ | लाग्दैनथ्यो | १५ | ६०% |
| ३ | कहिले काँही लाग्थ्यो | १ | ४% |
| ४ | केही महसुस भएन | ६ | २४% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं. १५

डोके रेडियो सुन्दा लाग्ने डर




माथिको तालिका र चित्र अनुसार डोके रेडियो सुन्दा लाग्ने डरको अवस्था विश्लेषण गर्दा डोके रेडियो सुन्दा डर लाग्नेमा ३ जना (१२%), डर लाग्दैन्थ्योमा १५ जना (६०%), कहिले काँही लाग्थ्योमा १ जना (४%) र केही महसुस भएनमा ६ जना (२४%) उत्तरदाताहरु रहेको पाइयो । यसरी डोके रेडियो सुन्दा डर नलाग्ने बढी रहेको प्रष्ट हुन्छ ।

## ४.१.२६ डोके रेडियो सुन्नै पर्ने बानी

तालिका नं. २६

डोके रेडियो सुन्नै पर्ने बानी

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थिएन | ९ | ३६% |
| २ | थियो | ६ | २४% |
| ३ | पाए सम्म सुन्थे | १० | ४०% |
| ४ | थाहा भएन | ० | ०% |
|  | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियो सुन्नै पर्ने बानी सम्बन्धमा विश्लेषण गर्दा डोके रेडियो सुन्ने बानी बसेको थिएनमा ९ जना (३६%) उत्तरदाताहरु रहेको पाइयो भने डोके रेडियो सुन्ने बानी बसेको थियोमा

६ जना (२४%), पाए सम्म सुन्थेमा १० जना (४०%) र थाहा भएनमा कुनै पनि उत्तरदाताहरु नभएको पाइयो । यसरी डोके रेडियो पाए सम्म सुन्थे भन्ने उत्तरदाताहरु बढी (४०%) रहेको देखिन्छ ।

## ४.१.२७ माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था

तालिका नं. २७

माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था


| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफैं | ६ | २४% |
| २ | माओवादी मार्फत | १२ | ४८% |
| ३ | गाउँले मार्फत | ६ | २४% |
| ४ | अन्य | ३ | १२% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिकामा भएको विवरणलाई चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ :

चित्र नं १६

माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्था




माथिको तालिका अनुसार माओवादी डोके रेडियो बारे थाहा पाएको अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा पहिले आफै थाहा पाएकोमा ६ जना (२४%) उत्तरदाताहरु रहेको पाइयो भने माओवादी मार्फत भन्नेमा १२ जना (४८%), गाउँले मार्फत भन्नेमा ६ जना ( २४%) र अन्य मार्फत थाहा पाएको भन्ने ३ जना ( १२%) उत्तरदाताहरु रहेको पाइयो । यसबाट अध्ययन क्षेत्रमा बढी (४८%) उत्तरदाताहरु माओवादी मार्फत सबैभन्दा पहिले डोके रेडियोको बारेमा थाहा पाएको पाइन्छ ।

### ४.१.२८ डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा प्रसारित कार्यक्रम

तालिका नं. २८

डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा प्रसारित कार्यक्रम

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आउथ्यो | ९ | ३६% |
| २ | आउदैन्थ्यो | १ | ४% |
| ३ | अलिअलि | १० | ४०% |
| ४ | थाहा भएन | ५ | २०% |
| | जम्मा | २५ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०८१

माथिको तालिका अनुसार डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा प्रसारित कार्यक्रम सम्बन्धमा विश्लेषण गर्दा डोके रेडियोमा जनताका समस्या बारेमा कार्यक्रम आउँथ्यो भन्ने ९ जना (३६%) रहेको पाइयो । त्यसैगरी डोके रेडियोमा जनताका समस्या बारेमा कार्यक्रम आउँदैन्थ्यो भन्ने १ जना (४%), अलिअलि आउँथ्यो भन्ने १० जना (४०%) र कार्यक्रम थाहा भएन भन्ने ५ जना (२०%) उत्तरदाताहरु रहेको पाइयो । यसबाट डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा कार्यक्रम अलिअलि आउँथ्यो भन्ने बढी रहेको स्पष्ट हुन्छ ।

## ४.२ साक्षात्कारबाट प्राप्त विवरण

यस अध्ययनका लागि गुणात्मक विधि अन्तर्गत रहि साक्षात्कार विधिबाट तत्कालिन समयमा डोके रेडियोमा कार्यरत ३ जना पत्रकारहरु र ३ जना तत्कालिन सुरक्षा फौजमा कार्यरत सुरक्षा कर्मीहरुसँग साक्षात्कार गरिएको छ । साक्षात्कारबाट प्राप्त विज्ञहरुको अनुभव र भनाइले तत्कालिन समयमा डोके रेडियोले आम मानिसमा प्रत्यक्ष प्रभाव पारेको थियो भन्ने पुष्टि गर्छ । यसले सकारात्मक र नकारात्मक दुवै प्रभाव परेको उनीहरुको भनाइ छ । उनीहरुका अनुसार डोके रेडियोले जनयुद्धको पक्षमा माओवादीका कार्यकर्ता, युवा तथा आम जनतालाई एक प्रशिक्षकका रुपमा प्रशिक्षित गरेको, माओवादी आन्दोलनको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेलेको पाइयो । जसले गर्दा तत्कालिन माओवादी पाटी प्रति आकर्षित हुने युवाहरुको सङ्ख्यामा वृद्धि भएको पाइयो ।

देवीराम देवकोटा (तत्कालिन डोके रेडियोमा कार्यरत समाचार शाखा प्रमुख)का अनुसार डोके रेडियोमा काम गर्दा विभिन्न कठिनाइहरूको सामना गर्नुपरेको थियो । जसमा सुरक्षा समस्या, प्राविधिक चुनौती, आर्थिक अभाव, प्रसारण सामग्रीको उत्पादनमा कठिनाई, स्थानान्तरणको कठिनाइ, जनतामा पहुँच पुऱ्याउन लगायतका समस्याहरुको सामना गर्नुपरेको थियो । त्यसैगरी डोके रेडियोले आम जनतालाई प्रभावित पार्न राजनीतिक सन्देशहरू, वैचारिक शिक्षा दिने खालका भाषण, आफ्नो नीति, कार्यक्रम, सैन्य

गतिविधि, समाचार र जानकारी, गीत तथा सांगितिक कार्यक्रम लगायत जनसमस्याको चर्चा लगायत सरकारको विरोध तथा जनसरकारको समर्थनका कार्यक्रम प्रशारण गर्दथ्यो । डोके रेडियो मुख्यतः जनयुद्धका समयका राजनीतिक, सामाजिक, र साङ्गठनिक विषयवस्तुहरूलाई केन्द्रमा राखेर प्रसारण गरिन्थ्यो । जस्तै आमजनतामा माओवादीप्रति बढी जसो सकारात्मक प्रभाव परोके थियो भन्न सकिन्छ । ति कार्यक्रमले माओवादीमा आवद्ध हुने जनताहरुको लहर नै चलेको थियो ।

तत्कालिन डोके रेडियोको समाचार शाखाका सदस्य जय बहादुर सुनार (जे.वि. सुनार) ले डोके रेडियोमा प्रसारण हुने सामग्रीमा पित पत्रकारीताका विरुद्ध मिसन पत्रकारितामा आधारीत समाचार प्रसारण, अन्यायका विरुद्ध परिवर्तनका पक्षमा बुलन्दीत आवाज समेटिएका खोज मुलक समाचार तथा कार्यक्रम, जनपक्षिय, अन्याय अत्याचारका विरुद्धमा रचित गीत संगीत, देशको यथार्थ परक अन्तरवार्ता, अन्तर सम्वाद, छलफल मुलक कार्यक्रम एवं सामग्रीहरु, जनताको जनजिब्रोमा झट्ट बस्ने भाषा र शैलीमा व्यङ्व्यात्मक तर सामाजिक यथार्थतालाई झल्काउने कार्यक्रम, बहुभाषीक समाजलाई मध्यनजर गर्दै भेरी कर्णालीमा वोली चालीमा आएका भाषामा समाचार तथा अन्य कार्यक्रमहरु, आफन्त त्याग गरी आमुल परिवर्तनको यात्रामा होमिएका योद्धाहरुको सन्देश घरसम्म पुऱ्याउने लगाएतका अन्य सन्देश मुलक कार्यक्रमहरु प्रस्तुत गरिन्थ्यो । जुन आम मानिसले चाखपूर्ण तरिकाले सुनेको देखिन्थ्यो ।

तत्कालिन डोके रेडियोमा प्राविधिक शाखामा कार्यरत अमृत पाण्डेका अनुसार जनपक्षीय सामग्रीहरु र माओवादी आन्दोलनका बारेमा जनतामा भ्रम नफैलिने खालका सामग्री, जनवादी गीत संगीतहरु र जनताको जनजिविकासँग सम्बन्धित विषयमा समाचार, गीती नाटक लगायतका सामग्री प्रसारण हुन्थ्यो ।

माओवादी आन्दोलनको समयमा विभिन्न सुरक्षा र व्यवस्थापनका समस्याका बावजुद पनि जनता र पाटी कार्यकर्तालाई माओवादी आन्दोलनप्रति आकर्षित, जुझारु र बलिदान गर्न सक्ने बनाउनका लागि रेडियो कार्यक्रम, सुचना तथा समाचारहरु उत्पादन गरिएको थियो । डोके रेडियोले माओवादी आन्दोलनमा बढ्नुमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

तत्कालिन सुरक्षाफौजमा कार्यरत सुरक्षाकर्मीहरुले पनि डोके रेडियोलाई चासोपूर्वक सुनेको पाइन्छ । उनीहरुले माओवादी आन्दोलनका सूचना, गतिविधिको निगरानी गर्न र जानकारीहरु प्राप्त गर्नका लागि पनि डोके रेडियोलाई सुनेको पाइन्छ । सशस्त्र प्रहरी हवलदार गणेश प्रसाद अधिकारीका अनुसार डोके रेडियोले टिपेको ठाँउमा प्राय गरी सुन्ने गर्थे । खबर, सुचना र जानकारीका लागि सुन्ने गरेको र विशेष गरी अग्लो भूभागहरुमा प्रष्ट रुपमा सुनिन्थ्यो भनी बताएका छन् । यो बाट के प्रष्ट हुन्छ भने सकारात्मक वा नकारात्मक रुपमा भए पनि डोके रेडियोले आफ्नो प्रभाव विस्तार गरेको देखिन्छ ।

## ४.३ वैयक्तिक अध्ययन

प्रस्तुत अध्ययनमा माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका सम्बन्धमा तीन जनासँग विस्तृत रुपमा अध्ययन गर्न उत्तरदाताहरुलाई प्रत्यक्ष भेटी वैयक्तिक अध्ययन गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**सुवोध भण्डारी (परिवर्तित नाम), डोके रेडियोको सञ्चालक**

म बिस वर्षको थिएँ । माओवादी जनयुद्धमा जनसांस्कृतिक मोर्चामा काम गरिरहेको थिएँ । जसमा कलाकार कविति आलेख, रचना, गिति नाटक, गीतसंगीतहरु निर्माण गरेर पार्टीका नितिहरुको प्रचार प्रसार गर्ने तथा स्थापित गर्ने काम हुन्थ्यो । युद्धका बेलामा पार्टीले जुन ठाँउमा, जुन मोर्चामा खटाउथ्यो, सोही ठाँउमा काम गर्नु पर्थ्यो । पार्टीले रेडियो संचालन गर्ने योजना ल्याएसंगै रेडियोमा काम गर्ने जनशक्तिको खोजी भयो । त्यो खोजीका बेलामा मलाई रेडियोमा काम गर्न पार्टीले खटायो । माओवादीमा कुनै तालिम प्राप्त पत्रकारहरु थिएनन्, केही भए पनि असाथ्यै कम थिए । युद्धमा नहोमिएका मानिसहरुले डोके रेडियोमा काम गर्न सक्ने अवस्था पनि थिएन् । म २०५९ सालमा रेडियो जनगणतन्त्रमा काम गर्ने गरी गएँ । मैले सुवोध भण्डारीको नाममा कार्यक्रम सञ्चालन गर्थे । समाचार पढ्थे । निकै अग्ला पहाडहरुबाट रुखहरुमा एन्टिना राखेर हिउँ पन्छाउदै, चिसो सिरेटोहरु छल्दै, भोकै प्यासै हामीले डोके रेडियो सञ्चालन गरेका थियौं । त्यतिखेर प्राविधिक हुने कुरा पनि भएन । दक्ष पत्रकार हुने कुरा पनि भएन । काम गर्दै सिक्ने भन्ने माओवादी मान्यता थियो । सोही प्रक्रियाबाट रेडियो चलायौं । त्यो डोके रेडियोले माओवादी आन्दोलनमा जनमत थप्ने काम गर्‍यो । तत्कालिन शाही सरकार नियन्त्रित मिडियाले छरेका भ्रम चिर्ने, जनतामा माओवादी श्रेष्ठता कायम गर्ने, युद्धका सही सुचना दिने कार्यमा डोके रेडियोले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । त्यतिबेला जनयुद्धको पक्षमा जनमत सृजना गर्नु महत्वपूर्ण कुरा थियो, जुन कुरा डोके रेडियोले पुरा गरेको हो ।

डोके रेडियो सञ्चालनमा रहेका चुनौतीहरुका कुरा गर्दा सबै भन्दा बढी त जीवनकै जोखिम थियो । डोके रेडियोदेखि त्यति बेलाको शाही सरकार यति डराएको थियो कि, सेनाको एउटा बटालिएन सकिएर भए पनि त्यो डोके रेडियोलाई कब्जा गर्न आदेश दिएको कुरा हामी सुन्थ्यौं । आकाशमा हेलिकप्टरको गस्ती हुन्थ्यो । नजिकै हेलिकप्टर आए पछि एन्टिना तल झारेर राख्थ्यौ । अनि अलि टाढा गएमा फेरी एन्टिना ठड्याएर रेडियो सञ्चालन गर्थ्यो । अर्को चुनौतीका रुपमा सञ्चार, समाचार स्रोतको समस्या थियो । समयमै सुचना प्राप्त गरेर प्रसारण गर्ने कुराको चुनौती हुन्थ्यो । स्रोतका लागि बिबिसी रेडियो, इण्डियाका रेडियोहरुको सहायता लिनु पर्थ्यो । यसैगरी माओवादीको आफ्नै सञ्चार र हुलाक थियो । तर समयमा सुचना आउन केही ढिला हुन्थ्यो । यस्तै निकै ठूलो प्राकृतिक, वातावरणीय, भौगलिक प्रतिकुलताहरुसँग जुध्नु पर्दथ्यो । अग्लो डाँडामा बस्नु पर्ने भएकाले पिउने पानीको समस्या हुन्थ्यो । बासस्थानदेखि तल ओरालो २/३ घण्टा पानी बोक्नुपर्ने बाध्यता सधै नै हुन्थ्यो । हिउँ परेको बेलामा हिउँ पगालेर खान्थ्यौ तर

दाउराको समस्या हुन्थ्यो । तरकारी, खाद्यान्न ल्याउन सकिदैनथ्यो । कति समय त निगालाका टुसाहरु पकाएर खायौँ । कति समयमा त भोकै पानी मात्र पिएर पनि काम गर्नु पर्ने अवस्था थियो ।

एकपटक रेडियो जाजरकोटको जुनिचाँदेको एउटा लेकबाट सञ्चालन गरेका थियौं । नजिकै सरकारी सेना आएको खबर आयो । तत्काल ठाँउ छाड्नु पर्ने भयो । सबै हामी आफ्नो जिम्मामा परेका सामान बोकेर जंगलतिर भाग्यौं । अर्पणा बिसुराल भर्खर इण्डियाबाट आउनु भएको थियो । उहाँ भाग्ने क्रममा जंगलमा हराउनु भयो । एकातिर दुस्मनको डर, रेडियो बचाउनु पर्ने बाध्यता, अर्कोतिर जंगली जनावरको डर, त्यस्तो अवस्थामा उहाँ हराउनु भयो । तीन दिन सम्म पनि उहाँ भेटिनु भएन् । खोज्दै जाँदा उहाँ तीन दिनपछि एक ओढारमा भेटिनु भयो । केही नखाएर कसरी बस्नु भयो भन्ने लाग्यो । यस्ता घटना धेरै घट्थे । त्यतिबेला जनतामा डोके रेडियोको जनतामा ठूलो क्रेज थियो । जनयुद्धको पक्षमा जनमत सृजना गर्न डोके रेडियोले महत्वपूर्ण योगदान दिएको थियो । डोके रेडियोबाट हामीले समाचार थारु भाषामा, नेपाली भाषामा र अंग्रेजी भाषामा दिन्थ्यौं । त्यसै गरी साहित्यकला, गीतसंगीत, गीतिकथा, नाटकहरु प्रसारण गरिन्थ्यो । हामी त्यत्ती बेला काम गर्दा रेडियोको सेक्रेटरी वा कमाण्डर अर्जुन (रामलाल विक) हुनुहुन्थ्यो । एउटा व्यवस्थापन टिम, सुरक्षा टिम र सम्वाददाताहरु हुन्थे । डोके रेडियोले मेरो व्यक्तिगत जीवनमा पनि ठूलो महत्व रहेको छ । बढी जनतामा माओवादी निति प्रचार प्रसार गर्न डोके रेडियोको महत्वपूर्ण भूमिका रहेको छ ।

**सुरेन्द्र मल्ल (परिवर्तित नाम), डोके रेडियोको स्रोता**

डोके रेडियो सबै भन्दा पहिले जाजरकोटबाट नै शुरु भएको हो । म जनसेनामा थिए । पहिलो पटक माओवादीको आफ्नै रेडियो भन्ने वित्तिकै धेरै कौतुहल्ता रहेको थियो । जाजरकोटका गाँउ बस्तीमा कुनै पनि रेडियो राम्रोसँग सुनिदैनथ्यो । तर माओवादी रेडियो भने ठिकै सुनिन्थ्यो । हामी सानो दश ब्यण्डे रेडियोको एन्टिना तानी तानी त्यसमा अझै तार बाँधेर रेडियो सुन्थ्यौँ । साथीहरु समुह बनाएर सुन्थे । अनुरोध जनसंगीत भन्ने कार्यक्रम आउथ्यो । जनवादी गीत अनुरोध गरेर हामी पत्र पठाउथ्यौँ । एक हप्ता पछि आफ्नो नाम रेडियोमा सुन्न पाउदा आनन्द लाग्थ्यो । खुसी हुन्थ्यौँ । त्यसपछि त झन रेडियोमा स्मरण पठाउने, कविता लेखेर पठाउने अनि गीत अनुरोध गरेर पठाउने होडबाजी नै हुन्थ्यो । डोके रेडियोमा गीत संगीत, गजल, मुक्तक, स्मरण, कथा, गीतिकथा, नाटक प्रसारण हुन्थ्यो । खासगरी साहास, विरताका कथाहरु, सत्ता विरोधी सामग्रीहरु प्रसारण हुन्थ्यो । रेडियो सुन्दै गर्दा अग्रमोर्चामा नै गएर लड्न पाए हुन्थ्यो भन्ने साहास पैदा हुन्थ्यो । एकपटक जाजरकोट जिल्लाको सालकोटमा सरकारी सेनासँग जनसेनाको लडाई भयो । हामी स्वयं पनि लडाईको मोर्चामा रहेका थियौं । उता लडाई चलिरहेको थियो उता डोके रेडियोले लडाईको समाचार भनिरहेको थियो । जसले गर्दा हामीलाई झनै लडाईमा साहास पैदा गरेको थियो ।

**सिर्जना शर्मा (परिवर्तित नाम), डोके रेडियोको सञ्चालक**

इन्टरमा पढ्दै गर्दा १९/२० बर्षको उमेरमा म माओवादी आन्दोलनमा सहभागी भएको थिएँ । केही समयपछि मलाई पार्टीले रेडियोमा कार्यक्षेत्र भन्दै रेडियोमा काम गर्न पठायो । त्यतीबेला रेडियोमा काम गर्न पाउनु ठूलो अवसरको रुपमा लिने गरिन्थ्यो । डोके रेडियोमा काम गर्न पुरै उत्साहका साथ जसरी गएको थिएँ, त्यस्तै दुःख कष्टहरु पनि सामना गर्नु परेको अनुभव छ । हिमालका चुचुरा, पहाडका टाकुराहरु बाट अझै हिउँ भित्र अण्डर ग्राउण्ड टनेल भित्र कोठाहरु बनाएर पाटनहरुमा कष्टकर जीवन व्यतित गर्थ्यौं । सुरक्षाका कारण पटक पटक डोके रेडियो एक ठाँउबाट अर्को ठाउँमा सार्नु पर्दथ्यो । डोकामा बोक्न सजिलो हुने भएकाले डोकोमा बोक्ने गरिन्थ्यो । त्यत्ती बेला नै डोकोमा बोक्ने भएकाले डोके रेडियो भनिन्थ्यो । कुनै सुरक्षा खतरा परेमा कुन समान कसले बोक्ने ? कसरी भाग्ने ? भन्ने कुराहरु पहिले नै निर्धारित गरिएको हुन्थ्यो । सोलार, ब्याट्री, जेनेरेटर, एन्टिना, ट्रान्समिटर, खानेकुरा, लत्ता कपडा, कसले बोक्ने भन्ने कुरा पहिले नै निर्णय गरिएको हुन्थ्यो । कुनै खतरा आउन साथ आ-आफ्नो जिम्माका समान लिएर भाग्नु पर्दथ्यो । तत्कालीन राज्यका सुरक्षा फौजबाट जोगिएर हिड्नु पर्दा अत्यन्तै कठिनाई थियो । हामी पनि जति बेला पनि जे पनि हुन सक्छ भनेर नै चुनौती सामना गर्न तयारीमा हुनु पर्दथ्यो । आखिर जे जस्तो दुःख र कठिनाइ भए पनि जनताका पक्षमा जनयुद्धका सत्य तथ्य सुचना, समाचार प्रसारण गर्नु पर्छ भन्ने मान्यता थियो ।

गाउँघरतिर डोके रेडियोको एकदमै राम्रो प्रभाव रहेको थियो । शहर र तराईतिर पनि कुनै कुनै ठाँउमा सुनिन्छ भन्ने हामीलाई खबर आउँथ्यो । त्यस्तो सुन्दा हामीलाई झन् राम्रो काम गर्न साहास आउथ्यो । जनताहरु डोके रेडियो सुन्नका लागि डाँडाहरुमा उक्लिने गरेको, रुखका टुप्पामा रेडियोको एन्टिना तानेर, अझै तार बाँधेर सुन्छन् भन्दा धैरै गौरव लाग्थ्यो । हामीलाई लाग्यो जनताले हामीलाई माया गरेका छन् । हाम्रा आवाजमा युद्धका खबर सुन्न आतुर छन् । माओवादी जनयुद्धका पक्षमा जनमत सुजना गर्न हामीले गरेको काम सफल भएको छ । माओवादीका निति, लडाईका स्थलगत रिपोर्ट, खबर आदि सुन्नका लागि पनि त्यति बेला डोके रेडियो सबैको रोजाईमा नै थियो । त्यसकारण माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका महत्वपूर्ण रहेको छ ।

## ४.३ युद्ध पत्रकारले सामना गरेका चुनौतीहरु

माओवादी जनयुद्धमा काम गर्ने युद्ध पत्रकारहरुले तत्कालिन समयमा पत्रकारिता गर्दा सामना गर्नुपरेका चुनौतीहरुलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

- सुरक्षा चुनौति : राज्य सत्ता विरुद्ध विद्रोह गरेको तत्कालिन नेकपा (माओवादी) ले सञ्चालन गरेको जनयुद्धको प्रचार प्रसार गर्नका लागि डोके रेडियो सञ्चालन भएकोले सुरक्षा प्रमुख चुनौति थियो । जसका कारण राज्यका सुरक्षा निकायको आक्रमणबाट बचाउँदै रेडियो सञ्चालन गर्नु एक प्रमुख चुनौती रहेको थियो । तत्कालिन सुरक्षाकर्मीहरु नपुग्ने दुर्गम, जंगलका

डाँडाहरुबाट डोके रेडियो प्रसारण गरिन्थ्यो । जसमा भूमिगत बंकरहरु निर्माण गरिन्थ्यो । टेपरेकर्डरमा रेकर्ड गरेर कार्यक्रम बजाइन्थ्यो । सुरक्षाका कारण सुरक्षित ठाउँको खोजी गरी ठाउँ सार्दै हिड्नु पर्ने बाध्यात्मक अवस्था रहेको पाइयो ।

- प्राकृतिक चुनौति : राज्यको पहुँच नपुग्ने स्थान, पहाड, जङ्गल र दुर्गम स्थानबाट रेडियोको प्रशारण गर्नुपर्ने भएकोले रेडियो सञ्चालनमा अर्को चुनौति रहेको छ । हिँउ पर्ने डाँडाहरुमा भूमिगत सुरुङ निर्माण गरी स्टुडियो निर्माण गरिएको थियो । खाना, बस्न बन्दोबस्तीका सामानहरु पर्याप्त हुँदैनथ्यो । जस्तै राती राम्रो स्थानमा सुत्दा हिँउले बाटो छेकेको अनुभव सुनाउने गरेको पाइयो ।
- प्राविधिक चुनौति : विद्युतको आपूर्ति हुने कुनै सम्भावना थिएन । सोलार प्यानल र जेनेरेटर प्रयोग गरेर विद्युत आपुर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था थियो । मोसम खरावी हुँदा सोलार प्यानलले काम गर्दैन्थ्यो । सुरक्षाका कारण ठाउँ सार्नुपर्दा जेनेरेटर बोक्न गाह्रो हुन्थ्यो ।
- आर्थिक चुनौति : डोके रेडियो प्रसारण गर्दा माओवादी पाटीले दिएको अनुदानमा भर पर्नुपर्ने थियो । खान बस्नको लागि जनतासँग भर पर्नुपर्ने थियो । कहिलेकाँही भोकभोकै बसेर पनि रेडियो सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्था थियो । नयाँ प्राविधिक उपकरण खरिद तथा रेडियो सञ्चालनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापनमा समस्या भएको पाइयो ।
- सूचना स्रोतको चुनौति : प्रसारण सामग्री तयार पार्न समय र स्रोतको अभाव  हुन्थ्यो । सुचना संकलन र प्रचार सामग्री उत्पादनमा कठिनाइ हुने गरेको पाइयो । चिठी पत्र, सीमित सञ्चार सेटले मात्र प्रसारण सामग्री उत्पादन गर्न कठिन हुने भएकाले बि.बि.सी. सेवा, रेडियो नेपाल, सामुदायिक एफ.एम. तथा ढिलो गरी प्राप्त पत्रपत्रिकाको आधारमा प्रसारण सामग्री उत्पादन गर्नुपर्ने पाइयो ।

## ४.४ मुख्य उपलब्धी

यस शोध मार्फत सङ्ख्यात्मक रुपमा प्राप्त भएका मुख्य उपलब्धीहरुलाई हेर्दा द्वन्द्व चर्किरहेका बेला बढी सुनिने रेडियोलाई हेर्दा सरकारी र डोके दुवै रेडियो सुन्न मन पराउने बढी ६०% प्रतिशत उत्तरदाताहरु रहेको पाइयो । समग्रमा डोके रेडियो सुन्ने बढी रहेको पाइयो । डोके रेडियो सुन्न मन पराउने बढी ६०% रहेको पाइयो । द्वन्द्वका समाचार डोके रेडियोको समाचार सत्यता लाग्थ्यो भन्ने ४४% र सरकारी र डोके रेडियो दुवैको समाचारमा लाग्दनथ्यो भन्ने बढी (५२%) रहेको पाइयो । डोके रेडियो एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो भन्ने बढी (५२%) रहेको पाइयो । डोके रेडियो साँझ र बिहान दुवै समयमा सुनिन्थ्यो भन्ने बढी (८४%) रहेको पाइयो । डोके रेडियो सुन्दा राम्रो अनुभुती हुन्थ्यो भन्ने २४% रहेको पाइयो भने ठिकै अनुभूति हुन्थ्यो भन्ने बढी (३६%) रहेको पाइयो । डोके रेडियोमा समाचार सुन्न मन पराएको बढी (५२%) रहेको पाइयो । डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा सकरात्मक परिवर्तन भएको बढी

(४८%) पाइयो । डोके रेडियोमा प्रसारण हुने सामग्री मनोरञ्जनात्मक भएको भन्ने १२%, समाचारमूलक भएको भन्ने ३६%, चेतनामूलक भएको भन्ने ४% र थाहा भएन भन्ने सबैभन्दा बढी ४८% रहेको पाइयो । डोके रेडियोमा प्रसारण हुने सामग्रीमा सत्यता हुन्थ्यो भन्ने बढी (६०%) रहेको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण हुने सम्भावना नै थिएन भन्ने ५२% रहेको पाइयो । डोके रेडियो र सरकारी दुबै उस्तै थिए भन्ने बराबर (३६/३६%) रहेको पाइयो । डोके रेडियो सुन्दा पनि केही लागेन भन्ने बढी (६०%) रहेको पाइयो । डोके रेडियो सुनेकै कारण माओवादीमा प्रवेश गरेको देखेको थिए भन्ने ३६% रहेको पाइयो । डोके रेडियो सुचना तथा समाचारका लागि डोके रेडियो सुन्ने गरेको बढी (७२%) रहेको पाइयो । डोके रेडियो सुनेर माओवादीप्रति सकारात्मक हुने बढी (६०%) रहेको पाइयो । डोके रेडियो सुन्दा समस्या थिएन भन्ने सबैभन्दा बढी (४८%) रहेको पाइयो । डोके रेडियो सुनिने अवस्थाको विश्लेषण गर्दा सधै एकै किसीमले सुनिन्थ्यो भन्ने २४% रहेको र एकैनासले सुनिएन भन्ने बढी ६४% रहेको पाइयो । डोके रेडियोका कारण माओवादीप्रति भएको आकर्षणलाई हेर्दा आकर्षित भएका ४८% र नभएका ५२% रहेको पाइयो । डोके रेडियो र सरकारी रेडियोको समाचार मिल्दैनथ्यो भन्ने ७२% रहेको पाइयो । डोके रेडियो एकान्तमा सुन्ने १२%, जसरी पायक पऱ्यो त्यसरी सुन्ने सबैभन्दा बढी ८४% रहेको पाइयो । डोके रेडियो सुन्दा डर लाग्नेमा १२%, डर लाग्दैन्थ्योमा सबैभन्दा बढी ६०% उत्तरदाताहरु रहेको पाइयो । डोके रेडियो पाए सम्म सुन्थे भन्ने बढी (४०%) उत्तरदाताहरु रहेको पाइयो । डोके रेडियो सबैभन्दा पहिले माओवादी मार्फत थाहा पाएको ४८% रहेको पाइयो । डोके रेडियोमा जनताका समस्याका सम्बन्धमा कार्यक्रम अलिअलि आउँथ्यो भन्ने बढी (४०%) रहेको पाइयो ।

यस अध्ययनका लागि गुणात्मक रुपमा प्राप्त भएका उपलब्धिलाई हेर्दा डोके रेडियोले आम मानिसमा प्रत्यक्ष प्रभाव पारेको पाइयो । डोके रेडियोले जनयुद्धको पक्षमा माओवादीका कार्यकर्ता, युवा तथा आम जनतालाई एक प्रशिक्षकका रुपमा प्रशिक्षित गरेको, माओवादी आन्दोलनको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेलेको पाइयो । जसले गर्दा तत्कालिन माओवादी पाटी प्रति आकर्षित हुने युवाहरुको सङ्ख्यामा वृद्धि भएको पाइयो । डोके रेडियोमा काम गर्दा विभिन्न कठिनाइहरूको सामना गर्नुपरेको पाइयो । जसमा सुरक्षा समस्या, प्राविधिक चुनौती, आर्थिक अभाव, प्रसारण सामग्रीको उत्पादनमा कठिनाई, स्थानान्तरणको कठिनाइ, जनतामा पहुँच पुऱ्याउन लगायतका समस्याहरुको सामना गर्नुपरेको पाइयो । त्यसैगरी डोके रेडियोले आम जनतालाई प्रभावित पार्न राजनीतिक सन्देश, वैचारिक शिक्षा, माओवादीका नीतिगत कार्यक्रम, सैन्य गतिविधि, समाचार लगायत जनजीवनसँग सम्बन्धित विषयवस्तुलाई कार्यक्रमको सामग्रीको रुपमा प्रसारण गरेको पाइयो । बहुभाषीक समाजलाई मध्यनजर गर्दै भेरी कर्णालीमा वोली चालीमा आएका भाषामा समाचार तथा अन्य कार्यक्रमहरु, आफन्त त्याग गरी आमुल परिवर्तनको यात्रामा होमिएका योद्धाहरुको सन्देश घरसम्म पुऱ्याउने लगाएतका अन्य सन्देश मुलक कार्यक्रमहरु प्रस्तुत गरिएको पाइयो । जनपक्षीय सामग्रीहरु र माओवादी आन्दोलनका बारेमा जनतामा भ्रम नफैलिने खालका सामग्री, जनवादी गीत संगीतहरु र जनताको जनजिविकासँग सम्बन्धित विषयमा समाचार, गीती नाटक लगायतका सामग्री प्रसारण हुन्थ्यो । जसले गर्दा माओवादीप्रति सकारात्मक

सन्देश जाने र माओवादीप्रति आकर्षित हुने वातावरण सिर्जना भएको पाइयो । यसरी हेर्दा माओवादी जनयुद्ध प्रवर्द्धन र विस्तारमा डोके रडियोको भूमिका महत्वपूर्ण भएको पाइयो ।

## ४.५ छलफल

माओवादी जनयुद्धमा संचालित डोके रेडियोको बारेमा यस अघि सामन्य जानकारी, परिचय, केही लेख रचनाहरु मात्र प्रकाशित भएको पाइयो । यस शोध मार्फत डोके रेडियोको सञ्चालन विधि, स्रोताहरुको अवस्था, प्रभाव र सक्रियताका विषयमा समेत अध्ययन भएको छ ।

भण्डारी (२०६२) का अनुसार नेपालमा तत्कालीन नेकपा (माओवादी) ले सञ्चालन गरेको जनयुद्धमा पनि युद्धको प्रचारप्रसार गर्न तथा युद्धमा जनसहभागितालाई बढवा दिनका लागि जंगलबाट देशभरीमा पाँचवटा एफ.एम रेडियोहरु चलाएको थियो भनी उल्लेख गरिएको छ भने अध्ययनको क्रममा माओवादी जनयुद्धमा भेरी कर्णालीमा जनसहभागितालाई जनयुद्धमा लामबद्ध गराउन डोके रेडियोलाई प्रयोग गरिएको पाइयो ।

पन्थी (२०८०) का अनुसार ज्ञानेन्द्र शाहको प्रत्यक्ष शासन सुरु भएपछि देशभरका रेडियोहरुले समाचार प्रशारण गर्न छाडे, त्यो अवस्थामा ग्रामिण क्षेत्रमा संचारको मुख्य माध्यम भएर काम गर्नुको मजा नै बेग्लै थियो । तर संघर्ष पनि कम थिएन । देशभर सरकारी निकायमा दर्ता भएका सामुदायिक तथा निजी रेडियोहरुले समाचार प्रशारण गर्न नसकिरहेको बेला माओवादीले सञ्चालन गरेको देखाएको छ भने अध्ययनमा भेरी कर्णाली क्षेत्रमा सरकारी तथा सामुदायिक रेडियोहरुमा सरकारले सेन्सर लगाएको बेला डोके रेडियोले भने विना अवरोध आफ्ना सूचना तथा समाचारहरु प्रसारण गरिरहेको पाइयो ।

खबरडबली (२०७२) का अनुसार सदियौंदेखि एकात्मक राज्य सत्ताले अपहेलित बनाई राखेको दुर्गम क्षेत्रका जनताको आवाज डोकोमा बोकेर डोके रेडियो २०६० साउन २३ बाट प्रशारण सुरु गरेका थिए । सुरुमा उनीहरुले समाचारमुलक कार्यक्रम नै चलाएर सुरुवात गरेको भए पनि विस्तारै जनसंगीत कार्यक्रम चलाउँदै पार्टीका गतिविधिहरुमा बढी केन्द्रित भए । त्यसको साथै फौजी कारवाहीका प्रत्यक्ष रिपोर्ट समेत गरे । साथमा उनीहरुले आदिवासी जनजाति महिला, किसान, जनमुक्ति सेनासँग सम्बन्धित विषेश कार्यक्रमहरु पनि चलाए । उनीहरुले बिहान ३ घन्टा र बेलुकी ३ घन्टा कार्यक्रम चलाउँथे भने हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, दैलेखका भिर कन्दराहरु, टाकुराहरुमा गएर उनीहरुले कार्यक्रम चलाएको उल्लेख गरिएको छ भने अध्ययन क्षेत्रमा माओवादी जनयुद्धको पक्षमा जनमत सिर्जना गर्न समाचार, गीत संगीत, नाटक, साहित्य, गीतिकथा, प्रत्यक्ष प्रसारण लगायत जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको पाइयो ।

शर्मा (२०८१) का अनुसार युद्धमा मिडियाको भूमिका कस्तो हुन्छ भन्ने कुरा जनादेशका पत्रकार र रेडियो जनगणतन्त्र भेरी-कर्णाली प्रशारण केन्द्रका पत्रकारको रिपोर्टिङबाट सहजरूपमा अनुमान गर्न सकिन्छ । जनयुद्धको समयमा जनादेश साप्ताहिक  प्रमुख सञ्चार माध्यामको रूपमा रहन गयो । यो पत्रिका देशका

विभिन्न ४ स्थानबाट प्रकाशन हुन्थ्यो । हामिले भने जनादेशको पश्चिम सस्करणलाई सहजै पढ्न पाउथ्यौ । पुर्व, मध्य, पश्चिम र प्रवास बाट प्रकाशन हुन जनादेश जनयुद्धको प्रमुख सञ्चार नेतृत्व थियो । जनयुद्धको समयमा ग्रामिण क्षेत्रमा एकहोरो वजिरहने युद्धका खबर प्रशारण गर्ने रेडियो जनगणतन्त्र पनि आम नागरिक विचमा लोकप्रिय नै थियो । जनयुद्धको समयमा प्राय मिडियाले मिसन पत्रकारिता गर्ने गरेकोले धेरैले विविसीलाई ध्यान दिएर निष्पक्षताको लागि सुन्ने गर्दथे भने अध्ययनका क्रममा माओवादी जनयुद्धमा डोके रेडियोले जनतालाई आफ्नो पक्षमा पार्ने उद्देश्यका साथ विभिन्न प्रतिकुलताहरुलाई छिचोलेर पनि समाचार तथा कार्यक्रमहरु तयार पार्ने र सञ्चालन गरेको पाइयो ।

अनलाईनखबर (२०७८) का अनुसार माओवादीले विद्रोहलाई पक्षपोषण गर्न सञ्चालनमा ल्याएको 'डोको रेडियो'मा सविताले समाचार र कार्यक्रम मात्र प्रस्तुत गरिनन्, सरकारी सुरक्षा फौजबाट बच्न उनले रेडियोका उपकरण बोकेर पहाडका टाकुरा-चुलीको दूरी नापिन् । कैयौंपटक डोकोमा रेडियो सञ्चालन गर्न आवश्यक साधन बोकेर पनि उनी हिंडेकी छन् भनी डोके रेडियो पत्रकारिता गरेकी पत्रकारको बारेमा उल्लेख गरिएको छ भने अध्ययन क्षेत्रमा सञ्चालन गरिएको भेरी कर्णाली डोके रेडियो सञ्चालन गर्दा पनि कार्यरत युद्ध पत्रकारहरुले आफ्नो ज्यानलाई जोखिममा राखेर भए पनि काम गरेको पाइयो ।

शर्मा र धिताल (२०६३) को युद्ध पत्रकारिता, शर्मा (२०८१) को जुनी देखी पिलीसम्म लगायतका केही पुस्तकमा डोके रेडियोको बारेमा सामान्य चर्चा गरिएको पाइयो । त्यस्तै केही पत्रिकाहरु, अनलाईनहरुमा डोके रेडियोको चर्चा गरेको, केही स्मरणात्मक आलेखहरु पाइएका छन् । त्यस बाहेक डोके रेडियो सम्बन्धी कुनै खोज गरेको पाइएन् । यस शोधमार्फत डोके रेडियोको स्थापनादेखि आम स्रोताहरुमा पारेका प्रभाव, चुनौतीहरु, सञ्चालनको प्रक्रियाहरु समेतको खोज गर्ने प्रयास गरिएको छ । यसैगरी डोके रेडियोमा कार्यरत युद्ध पत्रकारहरुका संघर्ष, व्यक्तित्व विकास, पेशागत विकास र उनीहरुले सामना गरेका चुनौतीहरुका बारेमा खोज गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

नेपालमा तत्कालीन नेकपा (माओवादी) ले सञ्चालन गरेको जनयुद्धमा पनि युद्धको प्रचारप्रसार गर्न तथा युद्धमा जनसहभागीतालाई बढवा दिनका लागि जंगलबाट देशभरीमा पाँचवटा एफ.एम रेडियोहरु चलाएको थियो । सरकार नियन्त्रित सञ्चार माध्यमका समाचार सेनाले काँटछाँटसमेत गरेर प्रसारित गरिने अवस्था थियो । बाहिर आएको समाचारमा विश्वास गर्न सक्ने अवस्था थिएन । यसै पृष्ठभूमिमा माओवादीले भूमिगत रेडियोको प्रसारण सुरू गरेको थियो । वि.सं. २०५२ फागुन १ गते औपचारिक रुपमा माओवादी पाटीको स्थापना भएसँगै देशमा उथलपुथल भयो । पिल्सिएका र पछाडि पारिएका जनताले आफ्नो पहुँच र पहिचानका लागि आफ्ना आवाजलाई बुलन्द पार्न सो पाटीमा प्रवेश गरी बलिदानी दिन समेत तयार भएको अवस्था रहेको थियो । सो आवाजलाई समग्र देशभरी फैलाउन र जनतालाई आफ्ना पक्षमा पार्न रेडियोको अपरिहार्यता रहेको  थियो । यसको उद्देश्य सशस्त्र जनयुद्धमा आफ्ना क्रियाकलापको प्रचारप्रसार गर्नु रहेको थियो । माओवादी आन्दोलनलाई सघाउनका लागि एफएम रेडियोले सहयोग पुर्‍याउने भएकाले सरकारी सेनाको निशानामा रहेको थियो । सुरक्षाका कारण कहिले कतै कहिले कतै डोकोमा बोकेर हिड्नुपर्ने बाध्यात्मक परिस्थिति भएकाले सो रेडियोलाई डोके रेडियोको नाम दिईएको देखिन्छ ।

डोके रेडियोको सुरुवात माओवादीका तत्कालिन युवा नेता भक्तपूरका देवेन्द्र श्रेष्ठ 'दिवाकर' को प्राविधिक सहकार्यबाट गरिरहेको पाइन्छ । यस रेडियो सञ्चालनका लागि यूरोपमा रहेका माओवादी समर्थकहरुले रेडियो ट्रान्समिटर किनेर नेपाल पठाउने व्यवस्था गरिएको पाइयो । डोके रेडियोको पहिलो परीक्षण प्युठानको स्वर्गद्वारी आसपासबाट रेडियो जनगणतन्त्र नेपालको नामबाट प्रशारण गरिएको थियो । यसको विस्तारको लागि मध्यपश्चिम र सुदूरपश्चिमका कमाण्डहरुबाट बोलाइएको प्रशिक्षार्थीलाई रेडियो संचालन सम्बन्धि प्राविधिक प्रशिक्षण दिईएको थियो । पूर्वी कमाण्ड, मध्यकमाण्ड, मध्यपश्चिम कमाण्ड, विशेष कमाण्ड (आधारक्षेत्र, रोल्पा, रुकुम लगायत) भेरी र कर्णाली गरेर ५ वटा जनगणतन्त्र रेडियो संचालन गरिएको थियो । यसरी डोके रेडियो देशका हरेक कुनाबाट सुन्न सकिने गरी व्यवस्था गरिएको थियो ।

माओवादीको द्वन्द्व समयमा प्रसारित डोके रेडियोको भुमिका सम्बन्धमा अध्ययन गर्दा अध्ययनमा समावेश गरिएको जम्मा २५ जना उत्तरदाताहरुमध्ये जनयुद्धकालमा माओवादीले सञ्चालन गरेको रेडियो सुन्दा राम्रो लाग्नेमा ६० प्रतिशत, जनयुद्धकालमा माओवादीले सञ्चालन गरेको रेडियो सुन्दा ठिकै लाग्नेमा १२ प्रतिशत, नराम्रो लाग्नेमा ४ प्रतिशत र मतलब नगर्ने २४ प्रतिशत रहेको पाइयो । माओवादी सशस्त्र द्वन्द्वमा डोके रेडियोको प्रभाव अन्तर्गत २५ जना सँग सोधिएका प्रश्नावलीमा देशमा द्वन्द्व चर्किरहेका बेला

सरकारी रेडियो संचालन गरेको सुन्न मन पराउने गरेको १६ प्रतिशत,  माओबादीले संचालन रेडियो २४ प्रतिशतले मन पराउने र सरकारी र माओबादी सुन्न मन पराउने ६० प्रतिशत रहेको पाइयो । द्वन्द्वका समाचार सुन्दा सरकारी रेडियोको समाचार सत्यतथ्य लाग्ने ४ प्रतिशत समाचार सत्य तथ्य माओबादी रेडियोको लाग्ने ४४ प्रतिशत र समाचार सत्य तथ्य सरकारी र माओबादी रेडियोको लाग्ने ५२ प्रतिशत पाइयो ।

डोके रेडियो राम्रो ठाउँ र ठीकै सुनिन्थ्यो भन्ने २४ प्रतिशत र एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो भन्ने ५२ प्रतिशत पाइयो । डोके रेडियो सुन्दा राम्रो अनुभुती हुन्थ्यो भन्ने २४ प्रतिशत, ठीकै अनुभुती हुने ३६ प्रतिशत रहेको पाइयो । डोके रेडियोको प्रभाव अन्तर्गत डोके रेडियो सुनेर माओवादी जनयुद्धप्रतिको बुझाईमा सकरात्मक परिवर्तन भएको ४८ प्रतिशत र नकरात्मक परिवर्तन भएको १२ प्रतिशत रहेको पाइयो । डोके रेडियोमा प्रसारण हुने सामग्रीमा मनोरञ्जनात्मक १२ प्रतिशत, समाचारमूलक ३६ प्रतिशत, चेतनामूलक ४ प्रतिशत र थाहा भएन भन्ने ४८ प्रतिशत रहेको पाइयो । डोके रेडियोमा प्रसारण हुने सत्य तथ्य सुचना छ भन्ने ६० प्रतिशत रहेको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण हुने ३६ प्रतिशत रहेको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण अलिअलि हुने ४ प्रतिशत भएको पाइयो । माओवादीका कमजोरीका विरुद्ध समाचार प्रसारण सम्भावना नभएको ५२ प्रतिशत भएको पाइयो । डोके रेडियो सुन्दा अचम्म लाग्ने १२ प्रतिशत, खुसी लाग्ने २४ प्रतिशत, केही लागेन भन्ने ६० प्रतिशत र दुःख लाग्ने ४ प्रतिशत रहेको पाइयो । डोके रेडियो सधै सुनिरहने २४ प्रतिशत, डोके रेडियो थाहा भएन १२ प्रतिशत, डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार मिल्दैनथ्यो भन्ने ७२ प्रतिशत, डोके रेडियोको समाचार र सरकारी रेडियोको समाचार सम्भव नै थिएन भन्ने ४ प्रतिशत रहेको पाइयो । डोके रेडियो सुन्दा डर लाग्ने १२ प्रतिशत, डर लाग्दैन्थ्यो भन्ने ६० प्रतिशत रहेको पाइयो ।

अध्ययन क्षेत्रमा सशस्त्र द्वन्द्वका बेला माओवादीले सञ्चालन गरेको डोके रेडियोको भूमिका सशक्त नै रहेको देखिन्छ । त्यस समयमा प्रशस्त मात्रामा रेडियो, एफ.एम. नखुलेको अवस्थामा यो रेडियोले तत्कालिन समयमा विभिन्न समाचारका साथै जनचेतनामूलक सांगितिक कार्यक्रमले जनताहरुलाई जागृत गराउन सहयोग पुगेको देखिन्छ । यस किसिमको रेडियो सुन्दा जनतामा डर भए पनि सुनिरहने आदतले गर्दा मनोरञ्जन प्रदान गरेको पाइन्छ । रेडियो जसको पक्षबाट सञ्चालन गरेपनि माओवादी द्वन्द्वको समयमा यो रेडियोको भूमिका अतुलनीय रहेको देखिन्छ । त्यसैले आजको समयमा पनि यस किसिमको रेडियोबारे गहन अध्ययन गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरु

दशवर्षे सशस्त्र द्वन्द्वमा डोके रेडियोको भुमिकाका सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार सुझाव दिइएको छ :

- प्रेस स्वतन्त्रताको सिद्धान्त जुनसुकै उद्देश्यले खोलिएको भए पनि नियमानुसार परिवर्तन गरेर सञ्चालनमा निरन्तरता दिनुपर्ने देखिन्छ ।
- रेडियो भनेको सरकारको संरचना र सम्पत्तिको रुपमा रहने भएकाले डोके रेडियोको इतिहासलाई राष्ट्रिय सम्पतिको रुपमा संरक्षण र सम्बद्धन गरिनुपर्ने देखिन्छ ।
- द्वन्द्वकालमा मिसन अथवा एकपक्षीय पत्रकारिता गरिए पनि आवाज विहिनहरुका लागि आवाज बनाउन जनताको वास्तविक आवाज बनाउन लागिपर्नुपर्ने देखिन्छ ।
- डोके रेडियो नेपालको रेडियो विकासमा नयाँ आयामको रुपमा कार्य गरेकोले यसको इतिहासलाई विद्यालयीय पाठ्यपुस्तकमा समावेश गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्दा यसबारे विद्यार्थीमा जानकारी हुने देखिन्छ ।
- डोके रेडियोलाई सञ्चार सम्बन्धी ऐन नियमभित्र रही प्रतिस्पर्धात्मक रुपमा पुनः सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- डोके रेडियो सञ्चालमा प्रयोग गरिएका उपकरणलाई इतिहासको रुपमा बचाइराख्न सङ्ग्राहलयमा सो उपकरण सुरक्षित साथ राखिनुपर्ने देखिन्छ ।
- द्वन्द्वकालमा स्थापना भएको डोके रेडियो ऐतिहासिक रेडियो हो । यसको इतिहासले नेपालको रेडियो पत्रकारिता क्षेत्रमा नयाँ आयाम दिएको हुँदा यसका अन्य पक्षको पनि अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भसूची

## पुस्तक सूची


अर्याल, दीपक, केसी, भुवन र पाठक, तिलक (२०७०, सम्पा.), *मिडिया रिडर,* काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

उप्रेती; विष्णुराज (२०६१), द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू एक परिचय, काठमाडौं : पैरवी प्रकाशन ।

खड्का, संगिता (२०७८), जनपत्रकारिता, गौरवमय हाम्रो ईतिहास, काठमाडौं : प्रेस सेन्टर नेपाल ।

खनाल, विष्णुप्रसाद र जि.सी., कृष्ण बहादुर (२०८०), शिक्षामा आधारभूत अनुसन्धान पद्धति, काठमाडौं : जुपिटर पब्लिसिङ एकण्ड प्रिन्टिङ हाउस प्रा.लि. ।

भण्डारी, गणेश (२०६२), *नयाँ संस्कृति,* सुचना भूमण्डलीकृत विश्व र जनरेडियोको भूमिका, काठमाडौं : जनदिशा प्रकाशन ।

मैनाली, रघु र भट्टराई, विनोद (सन २०१३), *मेरो पत्रकारीताको खबर,* काठमाण्डौ : एलायन्स फर सोसल डायलग (एएसडी) सचिवालय ।

शर्मा, ओम र धिताल, मनऋषि (२०६३), *युद्ध र पत्रकारिता,* काठमाडौं : नवनेपाल प्रकाशन ।

शर्मा, दिपेन्द्र (२०८१), *जुनीदेखी पिलिसम्म,* जाजरकोट :वर्षा मल्टीप्रपोज मिडिया प्राली ।

Sengupta, A.K. (2002), *Revolution in Nepal : A Better Worldis in Birth,* New Delhi : Chithira Printers and Publishers.


## शोधसूची


पौडेल, कोमलप्रसाद (२०६६), माओवादी द्वन्द्वकालमा समाचार सङ्कलनका चुनौती, अप्रकाशित शोधपत्र ।


अनलाइन लेख समाचार सूची


अनलाईन खबर, २०७८ ।

आचार्य, दिपक (२०७३, भाद्र २७), नागरिक ।

उलक, सुनिल, (घटना र विचार, २०७९) नेपालमा रेडियोको ईतिहास, www .ghatanarabichar .com/240031 .

उलक, सुनिल (२०७९, फागुन १), घटना र विचार ।

केसी, बुद्धिबहादुर (२०८०, फागुन १), गोरखापत्र ।

खबरडबली अनलाईन पत्रिका, (२०७२, पुष, १०) यसरी चलाएको थियो माओवादीले जनयुद्धकालमा 'डोके रेडियो' https://www.khabardabali.com/news/52176.

गिरी, कृष्ण (२०७९), १० वर्षे माओवादी 'जनयुद्ध'का बिर्सन नसकिने घटनाहरू, *टाइमलाइन,* https://shilapatra .com/detail/105727 .

नेपाल पत्रकार महासंघ (२०६३), खबर, वर्ष ६ अंक ४, एनपीआई ।

नेपाली टाईम्स् (२००१), जनआस्थालाई कोड गर्दै ।

न्यौपाने, पुष्प (२०७८), लोकान्तर अनलाईन ।

पत्रकारिता बुलेटिन (६०६३ जेठ अङ्क) नेपाल पत्रकार महासंघ ।

पन्थी, नेत्र (२०८०), खसोखास ।

प्रचण्ड (२१ कात्तिक २०६०), विशेष सन्देशको पूर्णपाठ ।

मिडिया सर्भिसेज इन्टरनेसनल (एमएसआई) (२०६२, भदौ), सशस्त्रद्वन्द्वमा नेपाली पत्रकारहरूको अनुभव, मार्टिन चौतारी ।

मिडिया सर्भिसेज इन्टरनेशनल (एमएसआई) (२०६२), सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन : नेपाली पत्रकारहरूको अनुभव, मार्टिन चौतारी ।

मैनाली, मोहन (२०५३), मार्टीन चौतारी ।

रोका, गोविन्द (२०७१), अर्न्तवार्ता मिडियामञ्च प्रकाशित http://mediamanch .net/page/

शर्मा, ओम (२०६३), युद्ध र पत्रकारिता (अनुभव), काठमाडौं ।

शर्मा, ओम (२०७८), जनपत्रकारिता, मुखपत्र ।

सिंह, अंगद (२०७८, ३ चैत) अनलाईनखबर ।

हाम्रो पात्रो, २०८० ०१ फागुनमा प्रकाशित

Hattutuwa, Sanjana (2003), Media and conflict in sriLanka, Washington DC: Freedom House .

## अनुसूची -१

## प्रश्नावलीको नमुना

मध्यपश्चिम विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, केन्द्रिय क्याम्पस, सुर्खेत, स्नातकोत्तर तह पत्रकारिता तथा आमसञ्चार विभागअन्तर्गत माओवादी जनयुद्धमा डोके रेडियोको भूमिका शीर्षक शोध कार्यका लागि तयार परिएको प्रश्नावली

**आम स्रोताका लागि तयार पारिएको प्रश्नावली**

नाम : उमेर :......

ठेगाना : लिंग :........

विवाहित/अविवाहित : ......... शैक्षिक योग्यता :.......

१. तपाईंले जनयुद्धकालमा माओवादीले सञ्चालन गरेको रेडियो सुन्दा कस्तो लाग्थ्यो ?

क) राम्रो ख) ठिकै ग) नराम्रो घ) मतलब गरिन

२. देशमा द्वन्द्व चर्किरहेका बेला तपाईं सरकारी रेडियो सुन्न मन पराउनु हुन्थ्यो की माओवादीको रेडियो ?

क) सरकारी ख) माओवादी ग) क र ख दुवै

३. द्वन्द्वका समाचार सुन्दा तपाईलाई कुन रेडियोको समाचार सत्य तथ्य लाग्थ्यो ?

क) सरकारी रेडियोको ख) माओवादी रेडियो ग) दुईटैको लाग्दैन्थ्यो

४. डोके रेडियो अर्थात माओवादी रेडियो तपाईको ठाउँमा कस्तो सुनिन्थ्यो ?

क) राम्रो ख) ठीकै ग) एन्टिना तानेपछि मात्रै सुनिन्थ्यो

५. माओवादीले सञ्चालन गरेको रेडियो कुन कुन समयमा सुनिन्थ्यो ?

क) बिहान ख) साँझ ग) क र ख दुबै समयमा घ) सधै

६. माओवादीको रेडियो सुन्दा तपाईलाई कस्तो अनुभुती हुन्थ्यो ?

क) राम्रो ख) ठीकै ग) नराम्रो घ) केही हुदैन्थ्यो

७. माओवादी रेडियोमा तपाई बढी के सुन्न मन पराउनु हुन्थ्यो ?

क) समाचार ख) गीत संगित ग) नाटक घ) सबै

८. माओवादी रेडियो सुनेर तपाईमा माओवादी जनयुद्ध प्रतिको बुझाईमा कस्तो परिवर्तन भयो ?

क) सकरात्मक ख) नकरात्मक ग) खासै केही भएन घ) थाहा भएन

९. डोके रेडियोमा प्रसारण हुने सामाग्री कस्ता हुन्थे?

क) मनोरञ्जनात्मक ख) समाचारमुलक ग) चेतना मुलक घ) थाहा भएन

१०. डोके रेडियोमा प्रसारण हुने सामाग्रीमा सत्य तथ्य सुचना हुन्थ्यो ?

क) हुन्थ्यो ख) हुन्थेन ग) माओवादीको पक्षमा मात्र हुन्थ्यो घ) थाहा भएन

११. माओवादीका कम्जोरीका विरुद्ध पनि समाचार प्रसारण हुन्थ्यो ?

क) हुन्थ्यो ख) हुन्थेन ग) अलिअलि हुन्थ्यो घ) सम्भावना नै थिएन

१२. सरकारी रेडियो र माओवादी रेडियोमा कसको सुचना वा समाचार सही हुन्थ्यो?

क) माओवादी रेडियोको ख) सरकारी रेडियोको ग) दुबै उस्तै थिए घ) थाहा भएन

१३. माओवादीको रेडियो सुन्दा कस्तो लाग्थ्यो?

क) अचम्म ख) खुसी ग) केही लागेन घ) दुःख

१४. तपाईंले माओवादी रेडियो सुनेकै कारण माओवादीमा गएको देख्नु भएको थियो?

क) देखेको थिए ख) देखेको थिएन ग) थाहा भएन घ) सुनेको मात्र थिए

१५. तपाई माओवादी रेडियो किन सुन्नु हुन्थ्यो ?

क) सुचना तथा समाचारका लागि ख) मनोरञ्जनका लागि ग) त्यत्तीकै

१६. माओवादी रेडियो सुनेर तपाईलाई माओवादी प्रति तपाईको धारणा कस्तो रह्यो ?

क) सकारात्मक ख) नकरात्मक ग) केही भएन घ) थाहा भएन

१७. माओवादी रेडियो सुन्दा केही समस्या थिए ?

क) थिए ख) थिएनन् ग) बताउन चाहन्न घ) थाहा भएन

१८.माओवादी रेडियो सधै एकै किसीमले सुनिन्थ्यो ?

क) सुनिन्थ्यो ख) सधै एकैनासले सुनिएन ग) थाहा भएन घ) थाहा भएन

१९. माओवादी रेडियोका कारण तपाई माओावादी प्रती आकर्षित हुनुभयो ?

क) भए ख) भएन ग) केही भएन घ) थाहा भएन

२०. माओवादी रेडियोको समाचार र सरकारी रेडियोको समाचार मिल्थ्यो ?

क) मिल्थ्यो ख) मिल्दैनथ्यो ग)सम्भव नै थिएन घ) थाहा भएन

२१. माओवादी रेडियो सुन्दा एकान्तमा सुन्नुहुन्थ्यो कि समुहमा ?

क) एकान्तमा ख) समुहमा ग) जसरी पायक पर्‍यो त्ससरी

२२. माओवादी रेडियो सुन्दा तपाईलाई डर लाग्थ्यो ?

क) लाथ्यो ख) लाग्दैनथ्यो ग) कहिले काँही लाग्थ्यो घ) केही महसुस भएन

२३. तपाईं माओवादी रेडियो सुन्नै पर्ने बानी बसेको थियो ?

क) थिएन ख) थियो ग) पाए सम्म सुन्थे घ) थाहा भएन

२४.सबै भन्दा पहिले माओवादी डोके रेडियो बारे कसरी थाहा पाउनुभयो ?

क) आफैं ख) माओवादी मार्फत ग) गाउँले मार्फत घ) अन्य

२५. माओवादी रेडियोमा जनताका समस्याका बारेमा कार्यक्रम आथ्यो ?

क) आउथ्यो ख) आउदैन्थ्यो ग) अलिअलि घ) थाहा भएन

## डोके रेडियोमा काम गरेका पत्रकारहरुका लागि विषयगत प्रश्नावली

नाम :

ठेगाना :

उमेरः......लिंगः........ जिल्लाः..........विवाहित/अविवाहित : .........शैक्षिक योग्यता :.......

१.माओवादी डोके रेडियोमा काम गर्दा कस्ता खालका समस्याहरु थिए ?

..........................................................................................................................................

..........................................................................................................................................

२. माओवादी रेडियोमा के कस्ता खालका सामाग्रीहरु प्रसारण हुन्थे?

..........................................................................................................................................

..........................................................................................................................................

३. सुचना तथा समाचारका स्रोतहरु के के हुन्थे ?

..........................................................................................................................................

..........................................................................................................................................

४ डोके रेडियोका सामाग्री के कुरालाई केन्द्रमा राखेर निर्माण गरिन्थ्यो ?

..........................................................................................................................................

..........................................................................................................................................

५. डोके रेडियोमा काम गर्दा पत्रकारिता सम्बन्धी कुनै तालिमहरु लिनुभएको थियो ?

..........................................................................................................................................

..........................................................................................................................................

६. भेरी कर्णालीमा डोके रेडियो कुन कुन स्थानबाट प्रसारण भयो?

..........................................................................................................................................

..........................................................................................................................................

७. भेरी कर्णालीमा डोके रेडियोकोस्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापन कसरी गर्नुभएको थियो ?

..........................................................................................................................................

..........................................................................................................................................

८. डोके रेडियोको सुरक्षा, व्यवस्थापन तथा अत्यावश्यक सामाग्रीको व्यवस्थापन कस्तो हुन्थ्यो ?

..........................................................................................................................................

..........................................................................................................................................

९. डोके रेडियोको कार्यक्रम उत्पादनका लागि सुचना संचारको अवस्था कस्तो थियो ?

..........................................................................................................................................

..........................................................................................................................................

१०. डोके रेडियोको सुरक्षा चनौतीाको सामाना गर्नुभएको  थियो ?

..........................................................................................................................................

## तत्कालिन सुरक्षाफौजका स्रोता

नाम :

ठेगाना :

उमेरः......लिंगः........ जिल्लाः...........विवाहित/अविवाहित : .........शैक्षिक योग्यता :.......

१. तपाईले माओवादी रेडियो कति सुन्नुहुन्थ्यो ?

..........................................................................................................................

..........................................................................................................................

२. तपाईले माओवादी रेडियो के को लागि सुन्नुहुन्थ्यो ?

..........................................................................................................................

..........................................................................................................................

३. सरकारी रेडियो र माओवादी रेडियोमा के फरक थियो ?

..........................................................................................................................

..........................................................................................................................

४. माओवादी रेडियो र सरकारी रेडियो मध्ये कसले सही सुचना दिएजस्तो लाग्थ्यो ?

..........................................................................................................................

..........................................................................................................................

५. माओवादी रेडियोमा सबै भन्दा बढी के सुन्नु हुन्थ्यो ?

..........................................................................................................................

..........................................................................................................................

६. माओवादी रेडियोको बारेमा कस्ता खालका सुचना र जानकारी आउथे ?

..........................................................................................................................

..........................................................................................................................

# अनुसूची २

## अन्तर्वार्ता

क) **नाम : देवीराम देवकोटा**

**आवद्धता : रेडियो गणतन्त्र नेपाल भेरी कर्णाली प्रसारण केन्द्र (समाचार सम्पादक)**

**१.माओवादी डोको रेडियोमा काम गर्दा कस्ता खालका समस्याहरु थिए ?**

- माओवादी डोको रेडियो सञ्चालन गर्दा धेरै कठिनाइहरू सामना गर्नुपर्थ्यो । प्रमुख समस्याहरू निम्न थिए :

**सुरक्षा समस्या**

राज्य पक्षको सेना र सुरक्षाफौजबाट पक्रिन सकिने खतरा, रेडियो उपकरण पत्ता लागेमा नष्ट गरिने वा कार्यकर्ताहरुमाथि गोली हानि मार्ने खतरा थियो ।

**प्राविधिक चुनौती**

उपकरणहरू सीमित र साधारण थिए, जसले गर्दा प्रसारणको दायरा सीमित रहन्थ्यो । घुम्ती रेडियो सेटअपको कारण बारम्बार स्थान परिवर्तन गर्नुपर्ने हुन्थ्यो, जसले प्रविधिको मर्मत र सञ्चालनलाई कठिन बनाउँथ्यो ।

**आर्थिक अभाव**

उपकरण खरिद,मर्मत तथा सञ्चालनका लागि आवश्यक स्रोतसाधन पार्टीले उपलब्ध गराउँथ्यो । तर त्यो प्रयाप्त थिएन । पार्टीले जनसमुदायबाट सहयोग वा चन्दा संकलन गरि रेडियोमा कार्यरत कर्मचारीलाई उपलब्ध गराउने हुनाले सीमित आर्थिक व्यवस्थापनका कारण समस्या हुन्थ्यो ।

**प्रसारण सामग्रीको उत्पादन**

सामग्री तयार पार्न समय र स्रोतको अभाव हुन्थ्यो, सूचना संकलन गर्न र प्रचार सामग्री बनाउन जोखिमपूर्ण परिस्थितिमा काम गर्नुपर्थ्यो ।

**स्थानान्तरणको कठिनाइ**

रेडियो प्रसारणको स्थान बारम्बार परिवर्तन गर्नुपर्ने भएकाले उपकरण बोक्ने, जडान गर्ने र सञ्चालन गर्ने, नयाँ स्टुडियो बनाउनु पर्ने जस्ता कामले थप जटिल हुन्थ्यो ।

**जनताको पहुँच र प्रभाव**

भेरी, कर्णालीका सबै ग्रामीण क्षेत्रमा रेडियोको पहुँच पुर्‍याउन कठिनाइ थियो, किनभने एफ एम रेडियोको तरंग सबै ग्रामीण भेकमा पुग्न सक्दैनथ्यो । श्रोताहरूलाई नियमित रूपमा प्रसारणका बारेमा जानकारी दिन कठिन थियो ।

**२. माओवादी रेडियोमा के कस्ता खालका सामाग्रीहरु प्रसारण हुन्थे ?**

- माओवादी रेडियोमा निम्न प्रकारका सामग्रीहरु प्रसारण हुने गर्थे:

**राजनीतिक सन्देशहरू :**

माओवादी पार्टीका नेता, जनमुक्ति सेनाका कमाण्डर तथा कार्यकर्ताहरुको भाषण, आन्दोलनको उद्देश्य र रणनीतिबारे जानकारी दिने खालका सामाग्री प्रसारण गरिन्थ्यो ।

**वैचारिक शिक्षा दिने खालका:**

माओवादी विचारधारा (मार्क्सवाद, लेनिनवाद, माओवाद) र  प्रचण्डपथका  सिद्धान्तहरूको व्याख्या गरी जनतालाई शिक्षित गर्ने खालका सामाग्री ।

**समाचार र जानकारी :**

सरकारी सेनाका गतिविधिहरू, जनमुक्ति सेनाका फौजि आक्रमणहरू र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा घटेका विविध घटनाक्रमबारे जानकारी दिने खालका सामाग्रीहरु

**गीत तथा सांगितिक कार्यक्रम :**

प्रेरणादायी क्रान्तिकारी गीतहरू, कविता, कथा,संस्मरण सहितको साहित्य कला, राष्ट्रभक्ति तथा देशभक्ति क्रान्तिकारी गितहरुको कार्यक्रमहरू प्रसारण गरिन्थ्यो । यसले जनतालाई आन्दोलनप्रति उत्साहित बनाउने काम गर्थ्यो र आन्दोलनमा सहभागीहरुलाई उत्साहित र प्रेरित गर्दथ्यो ।

**जनसमस्याको चर्चा :**

गरिबी, अन्याय, जातीय विभेद, र सामन्ती व्यवस्थाका कारण उत्पन्न समस्याहरूको चर्चा गरी यसको समाधान क्रान्तिबाट सम्भव छ भन्ने सन्देश दिने खालका सामाग्रीहरु प्रसारण गरिन्थ्यो ।

**सरकारको विरोध तथा जनसरकारको समर्थन**

राज्यको गतिविधि, सेना र प्रहरीका कदमहरू, र राज्यप्रणालीको आलोचना गर्ने सामग्रीहरू प्रसारण गरिन्थ्यो भने जनसरकारको समर्थन गर्दै जनसरकारले गरेका विकास निर्माण, सहकार्य, सहभोज, जनकम्युन जस्ता कार्यक्रम संचालन    गरिन्थ्यो ।

**सङ्गठनात्मक निर्देशन :**

माओवादी समर्थकहरूलाई आवश्यक निर्देशन दिने र आन्दोलनमा सहभागी हुन आह्वान गरिन्थ्यो ।

**३. सुचना तथा समाचारका श्रोतहरु के के हुन्थे ?**

- त्यस समयमा सूचना तथा समाचारका मुख्य स्रोतहरू निम्न थिए:

**स्थानीय तहका क्याडरहरू :**

गाउँ तथा स्थानीय क्षेत्रमा खटिएका माओवादी कार्यकर्ता (क्याडर)हरूले सूचना सङ्कलन र त्यसलाई प्रचारका लागि रेडियो स्टेशनसम्म पुर्‍याउँथे ।

**गोप्य संचार विभाग :**

जनता, नेता, जनमुक्ति सेना लगायतका चिठठीपत्रहरु सुचना तथा समाचारका श्रोतहरु  हुन्थे । कतिपय मासिक, पाक्षिक र साप्ताहिक पत्रपत्रिका सूचना पत्र वा सन्देशहरु, पार्टी तथा जनसेनाका प्रेसबक्तव्यहरु, प्रतिवेदनहरु, सर्कुलरहरु समाचारका श्रोत हुन्थे ।

**अन्य रेडियो उपकरण :**

अन्य रेडियो फ्रिक्वेन्सीबाट प्रसारीत महत्वपूर्ण सामाग्रीहरु पनि समाचारका श्रोत हुन्थे ।

**पर्चा र पत्रपत्रिका :**

माओवादीले आफ्ना विचार र सूचनाहरू सम्प्रेषण गर्न पर्चा, भित्ते लेखन, र भूमिगत पत्रिका प्रयोग गर्थे । ती पनि माओवादी डोको रेडियोको लागि सूचना तथा समाचारको श्रोत हुन्थे ।

**जनसभा र बैठकहरू :**

माओवादी क्याडरहरुले गर्ने जनसभा,भेला, बैठक, जनताका गतिविधि र जनताहरु तथा जनमुक्ति सेनाले गर्ने सैन्य कारबाही लगायतका विविध गतिविधिहरु सूचना तथा समाचारका श्रोत हुन् ।

**फोन, वाकिटकी र सेटेलाईट**

सि.डि.एम.ए.फोन, वाकिटकी र सेटेलाईट मार्फत समाचार तथा सूचनाहरु संकलन गर्ने गरिन्थ्यो ।

**४. डोको रेडियोका सामाग्रीहरु के कुरालाई केन्द्रमा राखेर निर्माण गरिन्थ्यो ?**

- माओवादी डोको रेडियोका सामग्रीहरू मुख्यतः जनयुद्धका समयका राजनीतिक, सामाजिक, र साङ्गठनिक विषयवस्तुहरूलाई केन्द्रमा राखेर निर्माण गरिन्थ्यो । यसमा निम्न विषयहरू समेटिन्थेः

१. राजनीतिक सन्देशः माओवादी नेताहरूका विचार र घोषणापत्रहरु

२. जनयुद्धका गतिविधिः युद्ध सम्बन्धी जानकारी, उपलब्धि र योजना

३. जनताका कथाः ग्रामीण क्षेत्रका जनताको अनुभव, दुःख, र संघर्षका कुराहरु

४. क्रान्तिकारी गीत र कविताः प्रेरणादायक गीत र साहित्यिक सामग्रीहरु

५. सामाजिक परिवर्तनका मुद्दाः सामन्तवाद, पूँजीवाद, र जातीय विभेदविरुद्धको अभियान ।

**५. डोको रेडियोमा काम गर्दा पत्रकारीता सम्बन्धी कुनै तालिमहरु लिनुभएको थियो ?**

- डोको रेडियोका पत्रकारहरूले पत्रकारिता सम्बन्धी तालिम लिएका थिए र मैले पनि लिएको थिएँ । कतिपय साथीहरूले औपचारिक पत्रकारिता शिक्षामा अध्ययन गरेका थिए भने कतिपय साथीहरुले कार्य अनुभवबाट सिकेका थिए ।

**६. भेरि कर्णालीमा डोको रेडियो कुन कुन स्थानबाट प्रसारण भयो ?**

- डोको रेडियो भेरी कर्णाली क्षेत्रका विभिन्न स्थानहरूबाट प्रसारण भएको थियो । विशेष गरी, यो रेडियोले भेरी र कर्णालीका जुम्ला, कालिकोट,जाजरकोट, दैलेख, सुर्खेत र सल्यान जिल्लाका ग्रामिण बस्तीका अग्ला डाँडाहरुमा रेडियो स्टेशन राखि सञ्चालन गरिएको थियो ।

**७. भेरि कर्णालीमा डोको रेडियोको स्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापन कसरी गर्नुभएको थियो ?**

- भेरी कर्णालीमा डोको रेडियोको स्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापन निम्न प्रकारले गरिएको थियो ।ः

१. **स्टुडियो र भौतिक संरचना** : स्थानीय स्रोत साधनको प्रयोग

२. **प्रविधिको व्यवस्थापन** : न्यून लागतको उपकरणः कम बजेटमा रेडियो ट्रान्समिटर, मिक्सर, माइक्रोफोन जस्ता उपकरण प्रयोग गरिन्थ्यो ।

सौर्य ऊर्जा : दुर्गम क्षेत्रमा बिजुलीको अभाव हुने भएकाले प्रायः सौर्य ऊर्जा प्रणाली प्रयोग गरेर उपकरण सञ्चालन गरिन्थ्यो ।

३. **व्यवस्थापन र सञ्चालन** : स्थानीय समुदायको योगदानः रेडियो सञ्चालनका लागि स्थानीयवासीले श्रमदान र आर्थिक सहयोग गर्थे ।

**८.डोको रेडियोको सुरक्षा, व्यवस्थापन तथा अत्यावश्यक सामाग्रीहरुको व्यवस्थापन कस्तो हुन्थ्यो** ?

माओवादी द्वन्द्वकालको समयमा डोको रेडियो (गुप्त रेडियो प्रसारण) सञ्चालन गर्न प्रयोग गरिएको थियो । यसको सुरक्षा, व्यवस्थापन तथा अत्यावश्यक सामग्रीको व्यवस्थापन निकै गोप्य र व्यवस्थित रूपमा गरिएको थियो ।

**१. सुरक्षा व्यवस्थापन**

गुप्त स्थानान्तरणः रेडियो प्रसारण स्थल बारम्बार परिवर्तन गरिन्थ्यो, ताकि सुरक्षाकर्मीले पत्ता लगाउन नसकोस् ।

संकेत कोडहरूः सञ्चार गर्दा संकेत तथा गुप्त भाषाको प्रयोग गरिन्थ्यो ।

गुप्त स्थानहरूः जंगल, पहाडी गुफा, ग्रामीण क्षेत्र वा सुरक्षित भूमिगत ठाउँहरू प्रयोग गरिन्थ्यो ।

सुरक्षा टोलीः सैन्य तालिम प्राप्त लडाकुहरूले रेडियो टोलीको सुरक्षा गर्थे ।

२. व्यवस्थापन तथा सञ्चालन

मोबाइल रेडियो प्रणालीः रेडियो प्रसारणलाई पोर्टेबल बनाउनका लागि डोको, ब्याग वा अन्य हल्का साधनहरूमा रेडियो ट्रान्समिटर राखेर ओसारपसार गरिन्थ्यो ।

वैकल्पिक स्रोतहरूः बिजुली आपूर्ति नहुँदा ब्याट्री, सौर्य ऊर्जा वा ह्याण्ड-क्र्याङ्क जेनरेटर जस्ता उपाय अपनाइन्थ्यो ।

**९.डोको रेडियोको कार्यक्रम उत्पादनका लागि सुचना संचारको अवश्था कस्तो थियो** ?

सञ्चारका परम्परागत माध्यमहरूमा राज्यको नियन्त्रण भएकाले विद्रोही पक्षका लागि वैकल्पिक सञ्चार माध्यमहरूको आवश्यकता थियो । यही परिप्रेक्ष्यमा "डोको रेडियो" जस्ता गोप्य रेडियो कार्यक्रमहरूको उत्पादन र प्रसारण गरिएको थियो ।

त्यतिबेला सूचना संचारको अवश्था निम्नानुसार थियो ।

सूचना संचारको अवस्थाः

१. **मुख्यधारका सञ्चारमाध्यममा नियन्त्रणः** सरकारले रेडियो नेपाल, टेलिभिजन, र पत्रपत्रिकाहरूलाई नियन्त्रणमा राखेको थियो, जसले विद्रोही पक्ष र जनताको आवाज बाहिर आउन गाह्रो बनायो ।

२. वैकल्पिक सञ्चारको प्रयोगः माओवादीले सूचना सम्प्रेषणका लागि डोको रेडियो, भूमिगत पत्रिका, पर्चा-पम्प्लेट, र माइकिङको प्रयोग गर्थे ।

३. गोप्य रेडियो प्रसारणः डोको (बाँसको टोकरी) जस्तो हल्का संरचनामा रेडियो प्रसारण उपकरण राखेर एक ठाउँबाट अर्को ठाउँ सारेर कार्यक्रम प्रसारण गरिन्थ्यो । यसले राज्य पक्षलाई ट्र्याक गर्न गाह्रो बनाउँथ्यो ।

४. स्थानीय भाषा र सामग्रीः माओवादी रेडियो कार्यक्रमहरू प्रायः स्थानीय भाषामा प्रसारण गरिन्थ्यो ताकि ग्रामीण जनता सजिलै बुझ्न सकून् । कार्यक्रमहरूमा राजनीतिक प्रशिक्षण, गीत-संगीत, घोषणाहरू, र प्रचार सामग्री समावेश गरिन्थ्यो ।

५. सञ्चारमाथि दमनः सरकारले माओवादी विद्रोही सञ्चार माध्यमहरू रोक्न प्रयास गर्‍यो । कतिपय अवस्थामा मोबाइल नेटवर्क र सञ्चार सेवाहरू बन्द गरिन्थ्यो ।

**१०. डोको रोडियोमा सुरक्षा चुनौतीको सामना गनुभएको थियो ?**

- डोको रेडियोमा कैयन पटक सुरक्षा चुनौतीको सामना गर्नुपरेको थियो । यी चुनौतीहरू प्राकृतिक, सामाजिक र राजनीतिक वातावरणसँग सम्बन्धित  थिए ।

**१. प्राकृतिक चुनौतीहरू**

भौगोलिक जोखिम भेरी कर्णाली जस्ता दुर्गम स्थानमा रेडियो संचालन गर्दा हिमपात र बर्षाका कारण अत्याधिक चिसो हुन्थ्यो । जसका कारण  रेडियोको भौतिक संरचना र उपकरणहरू जोखिममा पर्थे ।

विद्युत नहुँदा प्रसारण उपकरण सञ्चालन गर्न सौर्य ऊर्जामा निर्भर रहनु पर्ने हुन्थ्यो ।

उपकरणहरू मर्मत गर्न दुर्गम क्षेत्रबाट प्राविधिक सहयोग सहजै उपलब्ध नहुने ।

**२. सामाजिक चुनौतीहरू**

समुदायबाट आशंका, संवेदनशील विषयवस्तु प्रसारणको जोखिम, भौतिक आक्रमणको जोखिम थियो ।

**३. राजनैतिक  चुनौतीहरू**

सशस्त्र संघर्षका कारण सरकारी सेना र सुरक्षा फौजको निसाना बन्ने र आक्रमण गर्ने चुनौती थियो । सिआइडी र सुराकीहरुले रेडियो स्टेशनको लोकेशन जानकारी दिनसक्ने संभावना हुन्थ्यो ।

नेपालमा माओवादी जनयुद्ध (१९९६-२००६) को समयमा रेडियो जस्ता सञ्चार माध्यमहरू राजनीतिक आक्रमणको लक्ष्य बन्न सक्ने हुनाले चुनौती थियो ।

**ख) नामः जय बहादुर सुनार (जे.वि. सुनार) जिल्लाः सुर्खेत**

**आवद्धता : रेडियो गणतन्त्र नेपाल भेरी कर्णाली प्रसारण केन्द्र (कार्यक्रम सम्पादक)**

**१. माओवादी डोके रेडियोमा काम गर्दा कस्ता खालका समस्याहरु थिए ?**

क) सुरक्षा एवं रेडियो स्टुडियो व्यवस्थापनमा समस्या ।

ख) आधुनिक प्रविधिको उपलब्धतामा समस्या ।

ग) सुचनाको श्रोत प्राप्तीको समस्या ।

घ) ज्ञान हासिल गर्न तालिमहरुको समस्या ।

ङ) प्राप्त साधन श्रोतको व्यवस्थापनमा समस्या ।

च) सम्वाददाता परिचालन तथा व्यवस्थापनको समस्या ।

छ) प्रयाप्त तालिमको व्यवस्था नहुनुले समाचार लेखन, कार्यक्रम उत्पादन तथा प्रविधि प्रयोगमा अज्ञानता हुने समस्या ।

च) सुरक्षाका कारण ठुलो जनशक्ति केन्द्रित गर्न गाह्रे भएकाले प्रयाप्त जनशक्तिको  समस्या ।

ज) सुरक्षाका कारण एकै ठाउँबाट नभै ठाउँ ठाउँ डाँडा डाँडा चाहार्नु पर्ने समस्या ।

**२. माओवादी रेडियोमा के कस्ता खालका सामाग्रीहरु प्रसारण हुन्थे ।**

क) पित पत्रकारीताका विरुद्ध मिसन पत्रकारितामा आधारीत समाचार प्रसारण ।

ख) अन्यायका विरुद्ध परिवर्तनका पक्षमा बुलन्दीत आवाज समेटिएका खोज मुलक समाचार तथा कार्यक्रम ।

ग) जनपक्षिय, अन्याय अत्याचारका विरुद्धमा रचित गीत संगीत ।

घ) देशको यथार्थ परक अन्तरवार्ता, अन्तर सम्वाद, छलफल मुलक कार्यक्रम एवं सामाग्रीहरु ।

ङ) जनताको जनजिब्रोमा झट्ट बस्ने भाषा र शैलीमा व्यङ्व्यात्मक तर सामाजिक यथार्थतालाई झल्काउने कार्यक्रम ।

च) बहुभाषीक समाजलाई मध्यनजर गर्दै भेरी कर्णालीमा वोली चालीमा आएका भाषामा समाचार तथा अन्य कार्यक्रमहरु ।

ज) आफन्त त्याग गरी आमुल परिवर्तनको यात्रामा होमिएका योद्धाहरुको सन्देश घरसम्म पुऱ्याउने सन्देश मुलक कार्यक्रम ।

**३. सुचना तथा समाचारका श्रोतहरु के के हुन्थे ।**

क) जन शैली, समाचारदाता, सम्बाददाता ।

ख) पार्टी, पार्टीका विभिन्न जनवर्गीय संगठनहरु ।

ग) स्थानीय तथा राष्ट्रिय स्तरका सरकारी तथा गैरसरकारी कार्यालयका सुचनाहरु ।

घ) सरकारी तथा गैरसरकारी पत्रपत्रीका, एफ एम तथा रेडियो नेपाल ।

ङ) रेडियो अल ईन्डिया, विविसी नेपाली तथा हिन्दी सेवा, अल जजिरा, बहराईच एफ एम ।

च) घटना परिघटनाका प्रत्यक्ष तथा अप्रत्यक्ष दर्शी एवं भनाई र भोगाईहरु ।

**४. डोके रेडियोका सामाग्री के कुरालाई केन्द्रमा राखेर निर्माण गरिन्थ्यो ?**

क) विचारलाई स्थापीत गर्नु र वैचारिक प्रवाहीकरण ।

ख) राष्ट्रियता, जनतन्त्र र जनजिविकाका सवालहरुलाई बुलन्द गर्नु ।

ग) राज्यबाट हुने अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध आवाज बुलन्द गर्ने र त्यसका विरुद्ध विद्रोहलाई संगठीत गर्न प्रेरित गर्ने ।

घ) महिला, दलित, आदीवासी, जनजाती, मधेशी लगाएत उत्पीडित जाती, बर्ग, क्षेत्र र लिङ्गका हक अधिकार सुनिश्चीतताका पक्षमा गोलबन्द हुन प्रेरित गर्ने ।

ङ) समग्रमा पुरानो राज्यसत्ताको विकल्प नयाँ जनवादी व्यवस्था हो भन्ने कुरालाई केन्द्रमा राखेर विचार प्रवाह गर्ने ।

**५. डोके रेडियोमा काम गर्दा पत्रकारिता सम्बन्धी कुनै तालिमहरु लिनु भएको थियो ?**

क) आन्तरिक जनशक्तिबाटै बाचन र लेखनको सामान्य अभ्यास तालिम बाहेक अन्य कुनै तालिम हुन सकेन ।

ख) अडियो रेकर्डर, क्यासेट प्ले गर्ने, रेडियो सुन्ने समाचारको पहिचान गर्ने, माईक्रोफोन, हेडफोन सम्बन्धी सामान्य प्राविधिक ज्ञान बाहेक अन्य तालिम हुन सकेन ।

ग) शान्ति प्रक्रियाको नजिक करिव ०६१/०६२ तीर बेशिक कम्प्युटर ज्ञान हासिल गर्ने सामान्य तालिम पाईएको थियो ।

**६. भेरी कर्णालीमा डोके रेडियो कुन कुन स्थानबाट प्रसारण भयो ?**

क) जाजरकोटको गर्खाकोट डाँडा ।

ख) जाजरकोटको जुर्क निपानेको डाँडा ।

ग) जाजरकोट र जुम्लाको सिमाना गोरु जुरे लेक ।

घ) अन्तीम चरणमा सुर्खेत र सल्यानको सिमाना चुरेको ज्यामिरे डाँडा ।

**७. भेरी कर्णालीमा डोके रेडियोको स्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापन कसरी गर्नु भएको थियो ?**

क) बाँस, घाँस र त्रिपालको छाप्रोको स्टुडियो निर्माण ।

ख) बाँसको अग्लो लिङ्गोमा बाँधेर एन्टीना ।

ग) माईक राख्नको लागी काठका स्टेनहरुको व्यवस्था गरिएको थियो ।

घ) रेडियो प्रसारणको एम्पीलेफायर, ट्रान्समिटर सहितको उच्च प्रविधि बाहेक साना रेकर्डरहरु, एयरफोन, साना रेकर्ड क्यासेटहरु, साना व्याट्री, सोलार बत्ती, चार्जर व्याट्रीहरुको व्यवस्थापन गरिएको थियो ।

**८. डाके रेडियोको सुरक्षा, व्यवस्थापन तथा अत्यावश्यक सामाग्रीको व्यवस्थापन कस्तो हुन्थ्यो ?**

क) रेडियो व्यवस्थापनका लागी जनशक्तिको बाँडफाँड गरेर सवै व्यवस्थापन गरिएको थियो ।

ख) व्यवस्थापन जिम्मेवारीका हिसावले निम्न विभागहरु विभाजन गरिएको थियो :

ख१) रेडियो ईन्चार्ज

ख२) रेडियो सेक्रेटरी

ख३) समाचार विभाग

ख४) कार्यक्रम विभाग

ख५) संगीत विभाग

ख६) प्राविधिक विभाग

ख७) सुरक्षा विभाग

ख८) मेश विभाग

ख९) आपुर्ती विभाग

ख१०) जनसम्पर्क विभाग

ख११) पार्टी सम्पर्क विभाग

ख१२) सम्वाददाता, समाचारदाता सम्पर्क विभाग आदी ।

**९. डोके रेडियोको कार्यक्रम उत्पादनका लागी सुचना संचारको अवस्था कस्तो थियो ?**

क) पत्राचार नै मुख्य सुचनाको माध्यम थियो ।

ख) पुस्तक लगाएत सन्दर्भ सामाग्री अर्को माध्यम थियो ।

ग) रेडियो आसपास जनसम्पर्क, जनबोली ।

घ) विभिन्न रेडियो एवं अन्य माध्यमहरु ।

ङ) पछिल्लो समयमा सञ्चार सेट हुदै अन्त २०६१/०६२ तीर मोबाइल ।

**१०) डोके रेडियोको सुरक्षा चुनौतीको सामाना गर्नु भएको थियो ?**

क) मुख्य समस्या भनेकै सुरक्षा चुनौती थियो ।

ख) रेडियो प्रसारण गर्दा गर्दै एन्टीना झार्नु पर्ने चुनौती ।

ग) सुरक्षा चुनौती झनै खतराको संकेत पाए पछि प्रसारण स्थल नै बदल्नु पर्ने ।

घ) सन्चार सामाग्रीका साथै जनशक्तिको पनि सुरक्षीत गर्नु पर्ने धेरै चुनौतीहरुको सामाना गर्नु परेको थियो ।

धन्यवाद २०८१/१०/१५ जय बहादुर सुनार ( जेवि सुनार )

**ग) नाम : अमृत पाण्डे**
**आवद्धता : रेडियो जनगणतन्त्र भेरी कर्णाली प्रसारण केन्द्र (प्राविधिक)**

**१. माओवादी डोके रेडियोमा काम गर्दा कस्ता खालका समस्याहरु थिए ?**

माओवादी डोके रेडियोमा काम गर्दा कस्ता खालका समस्याहरुमा रेडियो, स्टुडियो निर्माणमा समस्या रहेको साथसाथै स्रोत साधनको समस्या रहेको थियो । सीमित स्रोत साधनले एक ठाउँबाट अर्को ठाउँमा सार्दै डोके रेडियो सञ्चालन गरिन्थ्यो ।

२. माओवादी रेडियोमा के कस्ता खालका सामाग्रीहरु प्रसारण हुन्थे?

माओवादी रेडियोमा जनपक्षीय सामग्रीहरु जस्तै : जनतामा भ्रम नफैलिने खालका समाचार, जनवादी गित, संगीत तथा जनतासँग सम्बन्धित विषयवस्तुमा आधारित विभिन्न छलफलात्मक कार्यक्रमहरु, शीर्ष नेताका विचारहरु प्रसारित हुन्थे ।

**३. सुचना तथा समाचारका स्रोतहरु के के हुन्थे ?**

रेडियो प्रसारणमा जनता, गाउँमा रहेका समाचारदाताहरु, पाटीको जनसंगठनहरु, माओवादी पार्टीका नेता, कार्यकर्ताहरु समाचारका स्रोतहरु हुन्थे ।

**४ डोके रेडियोका सामाग्री के कुरालाई केन्द्रमा राखेर निर्माण गरिन्थ्यो ?**

जनतामा भ्रम फैलाउने अन्य मिडियाहरुको विरुद्ध सत्य तथ्य सामग्री प्रसारण गरी जनतालाई भ्रमबाट मुक्त गरिने खालका गिती नाटक, नाटक, विचार, गीत संगीतलाई केन्द्रमा राखेर डोके रेडियोका सामग्री निर्माण गरिन्थ्यो ।

**५. डोके रेडियोमा काम गर्दा पत्रकारिता सम्बन्धी कुनै तालिमहरु लिनुभएको थियो ?**

आन्तरिक तालिम बाहेक अन्य तालिमको व्यवस्था गर्न र सिक्ने कुरामा सुरक्षा सम्बन्धी समस्या भएका कारण बाह्य तालिममा सहभागी हुन नसकिएकाले तालिमहरु लिने मौका मिलेन ।

**६. भेरी कर्णालीमा डोके रेडियो कुन कुन स्थानबाट प्रसारण भयो?**

भेरी र कर्णालीको जंगली क्षेत्र भएका अग्ला अग्ला डाँडा पाखामा खरको छाप्रो बनाई स्टुडियो निर्माण गरी सञ्चालन हुन्थ्यो ।

**७. भेरी कर्णालीमा डोके रेडियोको स्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापन कसरी गर्नुभएको थियो ?**

भेरी कर्णालीमा डोके रेडियोको स्टुडियो, भौतिक संरचना तथा प्रविधिको व्यवस्थापनको लागि स्थानीय रुपमा पाउने कच्चा पदार्थको प्रयोग गरी स्टुडियो निर्माण हुन्थ्यो । यसरी निर्माण गरिएको स्टुडियो धेरै समयको लागि रहदैनथ्यो ।

**८. डोके रेडियोको सुरक्षा, व्यवस्थापन तथा अत्यावश्यक सामाग्रीको व्यवस्थापन कस्तो हुन्थ्यो ?**

रेडियो सुरक्षामा धेरै चुनौति थियो । हेलिकप्टर घुम्ने बित्तिकै एन्टिना/सोलार लुकाउनु पर्ने हुन्थ्यो । थाहा पाउने वित्तिकै ध्वस्त पार्ने सम्भावना एकदमै बढी रहेको थियो ।

**९. डोके रेडियोको कार्यक्रम उत्पादनका लागि सुचना संचारको अवस्था कस्तो थियो ?** विभिन्न टिम निर्माण गरी समुहगत कार्य विभाजनका आधारमा डोके रेडियोमा प्रसारण हुने सामग्री उत्पादन र प्रसारण हुने व्यवस्था गरिएको थियो ।

**१०. डोके रेडियोको सुरक्षा चनौतीाको सामाना गर्नुभएको थियो ?**

डोके रेडियोको सुरक्षा सम्बन्धी सामना गरेको थिएँ । रेडियो स्टुडियो नजिक नजिक तत्कालिन शाही सेना आएको जानकारी पाएपछि सबै सामग्रीहरु बोकी सुरक्षित ठाउँमा सार्नु पर्थ्यो । यदि आपकालीन अवस्था आइपरेमा आफ्नो भागको रेडियो सामग्री बोकेर सुरक्षित स्थानमा जानुपर्ने रणनीतिलाई एकदमै मननका साथ पालना गरिन्थ्यो ।

**क) तत्कालिन सुरक्षाफौजका स्रोता**

**नाम : टेक बहादुर वली**

**आवद्धता : सशस्त्र प्रहरी बल**

१. तपाईले माओवादी रेडियो कति सुन्नुहुन्थ्यो ?

.कहिले काँही मौका मिलेको बेलामा सुन्थे । अग्ला डाँडाहरुमा रेडियोको एण्टिना तानेर एण्टिनामा तार बाँधेर सुन्नु पर्थ्यो ।

२. तपाईले माओवादी रेडियो केका लाीग सुन्नुहुन्थ्यो ?

मओवादीहरुको बारेमा सुचना, जानकारी र अवस्थाका बारेमा थाहा पाउन ।

३. सरकारी रेडियो र माओवादी रेडियोमा के फरक थियो ?

सरकारी रेडियो सरकारको पक्षमा,  माओवादी रेडियो माओवादीको पक्षमा थिए । कुरा सिधै छ ।

४.माओवादी रेडियो र सरकारी रेडियो मध्ये कसले सही सुचना दिए जस्तो लाग्थ्यो ।

आआफ्नो पक्षमा दुबै मिडियाले बोले जस्तो लाग्छ , आफ्नो पक्ष बलियो हुने गरी सुचना दिए जस्तो लाग्छ ।

५. माओवादी रेडियोमा सबै भन्दा बढी के सुन्नुहुन्थ्यो ?

रेडियोमा टिपेको बेलामा जे आउथ्यो त्यही सुनिन्थ्यो । सधै एकै समयमा सुनिन्थेन । सामाचार सुन्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो ।

६.माओवादी रेडियोका बारेमा कस्ता खालका सुचना र जानकारी आउथे ?

रेडियो डोकामा बोकेर चलाउछन बाँसो एण्टिना राख्छन हतियार पनि बोकेका हुन्छन्  अग्ला डाँडाबाट बोल्छन भन्ने सुनिन्थ्यो ।

**ख) तत्कालिन सुरक्षाफौजका स्रोता**

**नाम : गणेश दत्त भट्टराई**

**आवद्धता : नेपाली सेना**

१. तपाईले माओवादी रेडियो कति सुन्नुहुन्थ्यो ?

प्राय डिउटी मा नै हुन्थ्यौ यता उता गएका बेला टिपेको बेलामा सुन्थ्यौ ।

२. तपाईले माओवादी रेडियो केका लाीग सुन्नुहुन्थ्यो ?

खबर, सुचना, जानकारी र माओवादीका गतिविधिका बारेमा जानकारी लिनका लागि पनि सुन्थे ।

३. सरकारी रेडियो र माओवादी रेडियोमा के फरक थियो ?

सरकारी रेडियो र  माओवादी रेडियो एक आपसमा बिरोधी भएकाले आ आफ्नो पक्षमा हुन्थे जस्तो लाग्छ । जस्तो कुनै घटना घटेमा वा लडाई भएमा माओवादी रेडियो र सरकारी रेडियोले आ आफ्नै पक्षमा प्रचार गरे जस्तो लाग्थ्यो ।

४.माओवादी रेडियो र सरकारी रेडियो मध्ये कसले सही सुचना दिए जस्तो लाग्थ्यो ।

सरकारको तर्फबाट सरकारी रेडियोले सही र माओवादी रेडियोले माओवादीका लागि सही बोले जस्तो हुन्थ्यो जस्तो लाग्छ । आफ्नो पक्षको बचाउ त भैहाल्छ नी युद्धका बेलामा ।

५. माओवादी रेडियोमा सबै भन्दा बढी के सुन्नुहुन्थ्यो ?

कहिले गित आथ्यो कहिले भाषण, समाचार आथ्यो । बढी सामाचार सुन्न मन लाग्थ्यो ।

६.माओवादी रेडियोका बारेमा कस्ता खालका सुचना र जानकारी आउथे ?

डाँडामा बसेर चलाउछन, माओवादी सेनाले सुरक्षा दिन्छन, कहिले काँही कहिले काही देखी चलाउछन भन्ने सुन्थ्यौ ।

**ग) तत्कालिन सुरक्षाफौजका स्रोता**

**नाम : गणेश प्रसाद अधिकारी**

**आवद्धता : सशस्त्र प्रहरी बल**

१. तपाईले माओवादी रेडियो कति सुन्नुहुन्थ्यो ?

रेडियोले टिपेको ठाँउमा प्राय गरी सुन्ने गर्थे । विशेष गरी अग्लो भूभागहरुमा प्रष्ट रुप्मा सुनिन्थ्यो ।

२. तपाईले माओवादी रेडियो केका लाीग सुन्नुहुन्थ्यो ?

खबर, सुचना, आदी जानकारी सुन्थे ।

३. सरकारी रेडियो र माओवादी रेडियोमा के फरक थियो ?

सरकारी रेडियोमा तत्कालिन समयमा पक्ष विपक्षका विषयमा समाचार प्रसारण गरिनुका साथै राष्ट्रिय अन्तराष्ट्रिय समाचार हुन्थे सोही अनुसारका समाचार सुचना  माओवादी रेडियोबाट पनि सुनिन्थ्यो ।

४.माओवादी रेडियो र सरकारी रेडियो मध्ये कसले सही सुचना दिए जस्तो लाग्थ्यो ।

द्धन्द्धमा भएकाले सरकारी रेडियो र माओवादी रेडियोले आ आफ्नो पक्षमा सही प्रचार गरे जस्तै लाग्थ्यो ।

५. माओवादी रेडियोमा सबै भन्दा बढी के सुन्नुहुन्थ्यो ?


प्राय सबै ठाँउहरुमा नटिप्ने भएकाले बढी सामाचार सुन्थ्यौ ।

६.माओवादी रेडियोका बारेमा कस्ता खालका सुचना र जानकारी आउथे ?

रेडियो सेट, ब्याट्री, तार, एण्टिना माओवादी सेनाले सुरक्षा दिएर बोकेर रेडियो चलाउछन भन्ने कुरा सुन्नमा आउथ्यो ।

# अनुसूची ३

## अध्ययन क्षेत्रको नक्सा




Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# अनुसूची ४

## अध्ययनका क्रममा लिइएका केही तस्वीरहरु र डोके रेडियोसँग सम्बन्धित केही तस्वीरहरु



डोरे रेडियोमा सामग्री प्रशारण गरिदै




डोके रेडियोको भूमिका सम्बन्धमा अन्तर्वार्ता लिदैं




डोके रडियोको सञ्चार सेट





डोके रेडियोको लागि टावर ठड्याउँदै



यहि मिति २०६३ कार्तिक ३ र ४ गते नेपाल
कम्युनिष्ट पार्टी (माओवादी) भेरी कर्णाली
क्षेत्रिय प्रसारण समिती अन्तर्गत साधारण शाखा
को दुवै दिनसम्म बैठक ने. क. पा. (माओवादी)
भेरी - कर्णाली क्षेत्रिय ब्युरो इन्चार्ज एवं
साधारण शाखा इन्चार्ज कमरेड सुरेश
सिंहको विशेष उपस्थिति र साधारण
शाखा सेक्रेटरी क० सरोजको अध्यक्षतामा
बसी निम्न लिखित एजेन्डाहरुमाथि छलफल
गरी विभिन्न महत्वपूर्ण निर्णयहरु गरिएको छ।

उपस्थिति:

(१) सेक्रेटरी - क० सरोज
(२) सदस्य - क० हिमालय
(३) " - क० असीम (...)
(४) " - क० ओ.बी. सुनार
(५) " - क० पुष्प न्यौपाने
(६) अस्थायी सदस्य - क. सुशिल ...
(७) " " क. शीशीर जी.सी.
(८) " " क. निलम आर.सी.



च) रेडियो कार्यक्रम निर्माण टिम निम्न अनुसार गठन गरिएको छ।
- समाचार महाशाखा } असिम, ओ.बी.
- गित संगित महाशाखा }
- विविध उत्पादित शब्द कार्यक्रम महाशाखा - सरोज / शिशिर
- कार्यक्रम निर्माण - ओ.बी. / सुशील
रहनु भएको छ।

छ) नाटक निर्माण टिम पनि गठन गरिएको छ। जसमा ओ.बी. सुनार, शिशिर र सालिक रहनु भएको छ।

ज) विभागको सुरक्षालाई मध्यनजर गर्दै संघर्ष सम्बन्धि निम्न निर्णयहरु लिइएको छ।

क) हतियार र प्रविधिको व्यवस्था गर्ने।
ख) टिम भित्र आवश्यकिय तालिम र प्रशिक्षणको आयोजना गर्ने।
ग) आवश्यकिय सुरक्षार्थ ट्रेन्च र बंकरको निर्माण गर्ने।
घ) विभागमा सुरक्षा सम्बन्धि नियमावली निर्माण गरि लागु गर्दै रहेको छ।

झ) आर्थिक क्षेत्रमा देखा परेको जटिलतालाई मध्यनजर गर्दै विभागमा समेत देखिएको आर्थिक अनियमितता, प्रमुखताका र आर्थिक उदासिनतालाई हल गर्दै लक्ष्य सहित आर्थिक हिसाबलाई चुस्त दुरुस्त पार्न निम्न लिखित निर्णयहरु

डोके रेडियो प्रसारणका लागि निर्णय गरेको माइन्यूट